सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई आधार मानी

# गौरादह नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## गौरादह, झापा

# सामाजिक परीक्षण प्रतिवेदन २०८१




**प्रस्तुतकर्ता**

**पूर्व न्युज मिडिया प्रा.लि., दमक**

**सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ अनुसार**


**सामाजिक परीक्षकहरू :**
**रोहित शर्मा अधिकारी**
पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ, मोरङ
सामाजिक परीक्षणको विषय :
किट विज्ञ
कार्य अनुभव : १० वर्ष माथि

**डा. कोमल दुलाल**
पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ, मोरङ
कार्यअनुभव : २० वर्ष

**बाबुराम पोखेल**
बि.एन.सि. टिचिङ अस्पताल, झापा
कार्यअनुभव : ३० वर्ष

**बाबुराम निरौला**
कार्यक्रम सहजकर्ता
कार्यअनुभव : १५ वर्ष


**श्री युवराज पौडेल :**
सामाजिक परीक्षणको विषय :
सहजकर्ता तथा परामर्शदाता

**प्रतिवेदन टाइपिङ्ग :**
गणेश मिश्र (पत्रकार)


# झापा जिल्लाको नक्सा


झापा जिल्ला
(गाउँपालिका / नगरपालिका)
N
Ilam
Morang
INDIA
INDIA
Damak Nagarpalika
Kamal Gaunpalika
Shivasataxi Nagarpalika
Kankai Nagarpalika
Arjundhara Nagarpalika
Buddhashanti Gaunpalika
Mechinagar Nagarpalika
Birtamod Nagarpalika
Barhadashi Gaupalika
Bhadrapur Nagarpalika
Gauradhaha Nagarpalika
Jhapa Gaunpalika
Haldibari Gaunpalika
Gauriganj Gaunpalika
Kachankawal Gaunpalika
संकेत
गाउँपालिका / नगरपालिका सीमाना
जिल्ला सीमाना
अन्तर्राष्ट्रिय सीमाना
Scale
0 5 10 20
Km
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

# गौरादह नगरपालिकाको भौगोलिक नक्शा



# नेपालको राजनैतिक तथा प्रशासनिक नक्सा



# अनुसूचि -१४ को १

## हाम्रो भन्नु

गौरादह नगरपालिकाले स्थानीय नागरिकहरूको नगरपालिकाप्रति भएको सकारात्मक सोचसँगै पूर्वमै सम्भावना बोकेको नगरपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो नगरपालिका स्थापित हुनुपर्ने कुरामा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ बमोजिम गौरादह नगरपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारीको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण गरेको हो । उक्त व्यवस्था अनुसार नगरपालिकाले अघिल्लो आर्थिक वर्षको (सालको ) सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । नगरपालिकाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्ग दर्शन गर्नु यस सामाजिक परीक्षणको उद्देश्य रहेको छ ।

# अनुसूचि १८ को १

### १. सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ को भूमिका)

यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप गौरादह नगरपालिकाको आ.व. २०८०/०८१ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । यस संस्थालाई दिइएको जिम्मेवारी पुरा गर्ने क्रममा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, लेखा प्रमुख, विषयगत शाखा (स्वास्थ्य शाखा, कृषि शाखा, पशुपंक्षी विकास शाखा, रोजगार शाखा, शिक्षा शाखा, सामाजिक विकास उपशाखा, राजश्व उपशाखा) फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरूलाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहान्छौं । यस नगरपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरू, दलका प्रतिनिधी तथा समाजसेविहरूले दिएको अमूल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौं । साथै यस गौरादह नगरपालिकाको सामाजिक परीक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरू प्रति समेत हामी आभारी बन्दै गत आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण प्रतिवेदन गौरादह नगरपालिकामा प्रस्तुत गर्दछौं ।

### २. सामाजिक परीक्षणको पृष्ठभूमी :

स्थानीय तहमा प्राप्त बजेट त्यहाँ रहेका विषयगत शाखा समेटी स्थानीय तहमै संचालन गर्ने र जवाफदेहि बनाउने लक्ष्य सहित आवस्यक बजेट स्थानीय तहमा प्राप्त भएको छ । यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको “घरको सरकार भनेकै स्थानीय सरकार हो” । जसमा मुलत : नगरपालिकाले नागरिकहरूको दुःख बेदना अनि मर्महरूलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षात्कार भई काम गर्ने भएबाट नागरिकहरूका आशा, अपेक्षा र दायित्व  समेत सोही रुपमा बढ्ने अवश्यम्भावी देखिन्छ । सेवा प्रदायकको काम पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरेका काम कारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण वर्षभरि गरिएका आर्थिक सामाजिक क्षेत्रमा गरिएको लगानीबाट कति उपलब्धी भयो र आगामी वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन ऐनमा सामाजिक परीक्षण  गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ । स्थानीय तहमा कानुन र कार्य विधि निर्माण भई नसकेकोले सामाजिक परीक्षण कार्यका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८

उपदफा (५) को कार्यका लागि **सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९** लाई आधार मानि गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिएको छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकद्धारा अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन समिति, कार्यपालिका र नगरसभामा समेत पेश गर्न अनुरोध गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए ? सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परीक्षण प्रतिवेदन सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्नमा गौरादह नगरपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौं । यसै परिपेक्षमा स्थानीय सरकार सञ्चालन ऐनमा सामाजिक परीक्षण सम्बन्धि व्यवस्था भएकोले गौरादह नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छ ।

## ३. सामाजिक परीक्षणको उद्देश्य

यस गौरादह नगरपालिकाको कार्य सम्पादन स्तरलाई सुधार गर्न सहयोग पुऱ्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट नगरपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस नगरपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधि र जनताको बिचमा विकास र समृद्धि लाई आत्मसाथ गरी कसरी अगाडी बढ्न सकिन्छ र जनताले सहज रुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुनेछ ।
- नगरपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- नगरपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- समुन्नत गौरादह नगरपालिका निर्माणको सामाजिक फाइदाको समिक्षा गर्ने ।

## ४. सामाजिक परीक्षणका आधार

गौरादह नगरपालिकाको लक्ष्य, उद्देश्य कार्य सम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्य प्रभावको लेखाजोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ ।

- गौरादह नगरपालिकाको सोच
- लक्ष्य
- उद्देश्य, आगामी कार्यक्षेत्र र सोको प्रभावकारिता ।
- कार्यक्रम र वजेट व्यवस्थापन ।
- वातावरण संरक्षण र दीगो विकासमा नगरपालिकाले खेलेको भूमिका ।
- सेवाग्राहीको हित एवम् नागरिक मैत्री सेवा प्रवाहमा नगरपालिकाको भूमिका ।
- नगरपालिकाको कार्यक्षेत्र र सोको अनुगमन र मूल्यांकन ।
- महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पिछडा वर्ग, समुदायको हितका लागि नगरपालिकाले खेलेको भूमिका ।
- गौरादह नगरपालिका कार्यालयको संगठन संरचना ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा

नगरपालिकाले दिएको योगदान ।

- गौरादह नगरपालिकाको सामाजिक योगदान ।
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह ।

**५. सामाजिक परीक्षण प्रक्रिया**

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग तथा अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरूको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरू भएको र नागरिकहरूको नगरपालिका प्रतिको अपेक्षा समेत अत्याधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका बिचमा गौरादह नगरपालिका मुख्य विषयलाई आधार लिई नगरपालिकाले सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रित रहि सामाजिक परीक्षण प्रकृया अगाडी बढाईएको अवस्था छ । जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ ।

- कार्यालय अभिलेख जाँच ।
- सर्वेक्षण तथा सूचना संकलन ।
- सरोकारवाला र मुख्य सूचना दातासँगको अन्तरक्रिया ।
- उपलव्धी, परिणाम र प्रभावआदि सूचकको आधारमा मूल्याङ्कन ।
- विषयगत शाखाका प्रमुखहरू संगको छलफल ।
- अन्तरवार्ता ।

**६. मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका** :

- कार्यक्षेत्रको परिचय ।
- स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू ।
- गत वर्षका मुख्य मुख्य उपलब्धिहरू ।
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता ।
- सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू ।
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुल्ला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया ।
- स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव, स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति ।
- स्थानीय तहले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू

## अनुसूचि १७

### ७. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता - अनुसूचि ८ संग सम्बन्धित)

### छलफल कार्यक्रममा सहभागिले पालना गर्नुपर्ने आचार संहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले पालना गर्नु पर्ने आचार संहिता .

- विषय वस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिए पछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

### ८. सामाजिक परीक्षणका सीमाहरू :

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नुपर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा तर्क संगत पेश गरिने आधारहरूको रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादातासँग अन्तरवार्ता लिइएको र लक्षित सरोकारवालासँगको अन्तरक्रियाको आधार लिईएको छ । नीति निर्माणको चरणमा रहेको अवस्थामा सामाजिक परीक्षण आधारभूत अवयवहरूको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ

### ९. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया :

- कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारी आपसी सहमतिमा सञ्चालन भएको छ ।
- सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिता बारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- सहजकर्ताले मस्यौदा विवरण भेलामा प्रस्तुत गरेको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।
- सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरूलाई जवाफ दिन लगाइएको थियो ।
- सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

**विज्ञ सहित प्रमुख प्रशासकीय अधिकृत तथा शाखाप्रमुखहरुसँगको छलफलका केही तस्बिरहरू :**



















**वडागत तथ्याङ्क संकलनका तस्बिरहरु :**







गौरादह नगरपालिका












गौरादह नगरपालिका
५नं. वडा कार्यालय










गौरादहनगरपालिका






कृषि विकास शाखा


दुर्गा मन्दिर


I LOVE GAURADAHA


GAURADAHA BAZAR





**प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरूसँगको छलफलको उपस्थिति पुस्तिका :**

आज मिति २०८१ जेठ २ गते गौरादह नगरपालिकाको सामाजिक परीक्षणको सन्दर्भमा नगरपालिकाका विषयगत शाखा प्रमुखहरु संग निम्नानुसारको उपस्थितिमा शाखागत तथ्यांक संकलन गरियो ।

तपसिल

१. कृष्णप्रसाद दुवेदी, प्रमुख प्रशासकीय अधिकृत
२. नरेश कट्टेल, योजना शाखा प्रमुख
३. प्रज्वल अधिकारी, प्रशासन शाखा प्रमुख
४. पर्शुराम भट्टराई, स्वास्थ्य शाखा प्रमुख
५. पुष्प खोल आ. ले. प.
६. प्रताप भण्डारी इ. क.
७. आशीष राजी अधिकृत छैटौं
८. भानुजा कार्की अधिकृत छैटौं (राजस्व)
९. खगेन्द्र गजुरेल स्वा. प्र. म
१०. [illegible] निरौला [illegible]
११. दिनेश [illegible] पशु सेवा शाखा
१२. धर्म प्र. दाहाल आर्थिक प्रशासन शाखा प्र.
१३. सरिता राई (प्रा.स. कृषि विकास शाखा)
१४. विदुर आचार्य (शिक्षा अधिकृत)
१५. अनिल डंगाल (लेखा शाखा प्रमुख)
१६. कविता दुम्बाने अधिकृत छैटौं

**वडा नं. ३ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ जेठ ४ गते गौरादह नगरपालिकाको आ.व. २०८०/८१ को सामाजिक परिक्षणको क्रममा गौरादह वडा नं. ३ मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्याङ्क संकलन गरियो ।

तपसिल

१. डिलिपकुमार भण्डारी, वडा अध्यक्ष, गौरादह वडा नं. ३
२. मेनुका बस्नेत (वडा सचिव) "
३. कमल न्यौपाने वडा कर्मचारी
४. हेमनाथ थापा वडा सदस्य
५. बिमला ढकाल वडा कर्मचारी

## वडा नं. १ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :

झापाको गौरादह नगरपालिकाको आ०व० ०८०/८१ को सामाजिक परिक्षणको क्रममा गौरादह वडा नं-१ का जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा २०८१ जेठ ४ गते वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. नगेन्द्र भण्डारी, अध्यक्ष, गौरादह वडा नं-१.
२. अनिता अधिकारी, वडा सचिव गौरादह वडा नं-१
३. मञ्जु कार्की कार्यालय सहयोगी वडा नं-१

**वडा नं. ७ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१।८।४ गते गौरादह नगरपालिकाको सामाजिक परीक्षणको क्रममा गौरादह वडा नं- 6 मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. दुर्गा घिमिरे लुइटेल, कार्यवाहक वडाध्यक्ष गौरादह-6
२. पुण्य प्रसाद रेग्मी, वडा सदस्य, गौरादह-6
३. ~~[illegible]~~ ओमनाथ तिवारी — कार्यालय सहायक —
४. रत्न प्रसाद बुढाथोकी - गौ.न.पा. 6 —
५. पविता सरकार - गौ.न.पा. 6 —
६. कृष्ण प्रसाद घिमिरे - गौ.न.पा. 6 —
७. श्रुति उप्रेती - गौ.न.पा. 6 —

**वडा नं. ५ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ जेठ ५ गते गौरादह नगरपालिकाको आ.व. २०८०/८१ को सामाजिक परिक्षणको सन्दर्भमा गौरादह वडा नं. ५ मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो ।

तपसिल

१. कपिलमणि काफ्ले, सदस्य, जिल्ला समन्वय समिति झापा
२. मोहन कुमार राई, कार्यवाहक वडा अध्यक्ष, गौरादह-५
३. गणेश बहादुर खड्का, वडा सचिव, गौरादह-५
४. मिना निरौला गौरादह न.पा. ५
५. जीवन कुमार थापा कम्प्युटर अपरेटर गौरादह-५

**वडा नं. ४ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

गौरादह नगरपालिकाको आ.व.०८०/८१ को सामाजिक परीक्षण को सिलसिलामा गौरादह नपा वडा नं ४ मा २०८१ जेठ ६ गते जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. दुर्गामणि बस्नेत, वडा अध्यक्ष, गौरादह-४

२. सूर्यबहादुर तेम्बाङ, वडा सदस्य, ''

३. अर्जुन कुमार चापागाईं वडा सचिव ''

### वडा नं. २ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :

झापाको गौरादह नगरपालिकाको आ.व. २०८०।८१ को सामाजिक परिक्षणको सन्दर्भमा गौरादह नपा-२ मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो।

मिति २०८२ जेठ ५ गते

तपसिल

१. गोपाल प्रसाद कोइराला, वडा अध्यक्ष गौरादह-२

२. शंकर प्र. कट्टेल, वडा सदस्य गौ.-२

३. अम्बिका वर्दिया " " -२

४. रूपा दाहाल वडा सचिव गौ.-२

५. बाल कुमारी खुजेल कर्मचारी गौ.-२

**प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू तथा विज्ञहहरूसँगको प्रारम्भिक छलफलको उपस्थिति :**

आज मिति २०८१ जेठ १३ गते गौरादह नगरपालिकाको सामाजिक परीक्षणको प्रारम्भिक प्रयोजनका गौरादह नगरपालिकाका शाखा प्रमुखहरूको तपसिल बमोजिम उपस्थितिमा छलफल गरियो ।

तपसिल

१. कृष्णप्रसाद दुवेदी, प्रमुख प्रशासकीय अधिकृत
२. डा. कोमल प्र. दुलाल, हवी ऱ्याल विश्वविद्यालय
३. पुष्प भण्डारी, रोजगार शाखा/ESP
४. अनिल दुलाल लेखा प्रमुख
५. शिव न्यौपाने कृषि शाखा प्रमुख
६. बल बहादुर विष्ट न्यायिक शाखा
७. सुमन राई इन्जिनियर
८. पुष्प खोल आ.ले.प.
९ नेत्र कोइराला अ.हेल्थ असि.
१० प्रज्वल अधिकारी अधिकृतस्तर आठौं
११. पशुराम भट्टराई व.ज.स्वा.अ.
१२. सफल राज पन्त पशु चिकित्सक
१३. विदुर आचार्य शिक्षा अधिकृत
१४. रोहित शर्मा उप प्राध्यापक पु. भो.
१५ [illegible] BRC
१६ गणेश मित्र
१७ कविता कुमारी अधिकृत [illegible]
१८. युवराज पौडेल, सहजकर्ता

# अनूसूची- १८ को १

## १. नगरपालिकाको संक्षिप्त परिचय :

पूर्वि नेपाल झापा जिल्लाको पूर्व पश्चिम राजमार्गबाट १० कि.मि. दक्षिण भागमा अवस्थित गौरादह नगरपालिका प्रशस्त सम्भावना वोकेको नगर मध्ये एक हो । झापाको क्षेत्र नम्बर ५, दमक नगरपालिका र गौरीगञ्जको मध्यभागमा अवस्थित यो नगरपालिकाको कुल क्षेत्रफल १४९.८६ वर्ग कि.मि. रहेको छ । तत्कालिन स्थानीय विकास मन्त्रालयले २०७२ आश्विन १ गते थप २६ वटा नयाँ नगरपालिका थप्दा झापा जिल्लामा महारानीझोडा, जुरोपानी, कोहवरा र साबिकको गौरादह गरी यी ४ गाउँ विकास समितिहरूलाई समेटेर गौरादह नगरपालिका घोषणा गरिएकोमा नेपाल सरकारको राजपत्रमा मिति २०७३ फागुन २७ गतेको निर्णय अनुसार साबिक बैगुनधुरा गा.बि.स लाई समेत समेटी बृहत नगरपालिका घोषणा भएको हो । यस नगरपालिका ९ वटा वडामा बिभाजित भएको छ । यस गौरादह नगरपालिकाले जनतालाई सार्वजनिक सेवामा पहुँचको विकास र विस्तार, सिहंदरबार आफ्नै घरआगनमा आएको अनुभूति दिलाउन, चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेहि, जनताप्रति उत्तरदायि बनाउन र सुशासनको प्रत्याभुती दिने आफ्नो नीति अनुरुप मुख्य कार्यालय र ९ वटा वडा कार्यालय स्थापना गरी सेवा प्रवाह गरिरहेको छ ।

### भौगोलिक अवस्थिति :

गौरादह नगरपालिकाको परिचय (सार संक्षेप)

**१) नगरपालिकाको स्थापना :** २०७२ साल असोज १ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार, पुन: २०७३ साल फागुन २७ गते साविक वैगुनधुरा गाविसलाई समेत गाभेर बृहत नगरपालिका घोषणा भयो ।

**२) अवस्थिति :**
**क) आक्षांस :** आक्षांस २६.६७५००० देखि २६.७०८३३३ उत्तर सम्म ।
**ख) देशान्तर :** देशान्तर ८७.२९१६६७ देखि ८७.३४१६६७ पूर्वसम्म ।

**३) क्षेत्रफल :** १४९.८६ वर्ग कि.मी.

**४) सिमाना :**
क) पूर्व : कमल गाउँपालिका, झापा
ख) पश्चिम : रतुवामाई नागरपालिका मोरङ
ग) उत्तर : कमल गाउँपालिका, झापा
घ) दक्षिण : गौरिगञ्ज गाउँपालिका, झापा

नगरको प्रशासनिक विभाजन
१) संघिय प्रदेश : कोशी
२) विकास क्षेत्र : पूर्वाञ्चल
३) अञ्चल : मेची
४) जिल्ला : झापा

५) जिल्ला सदरमुकाम : चन्द्रगडी
६) निर्वाचन क्षेत्र नं. : ५
७) जम्मा वडा संख्या : ९

**श्रोत : नगरपालिकाको वेवसाइड**

८) कुल परिवार संख्या : १४,८४६
९) कुल जनसंख्या : ६०,४५१ (म. ३१,७५६ (५२.५%) र पुरुष २८,६९५ (४७.५%)
१०) कुल साक्षरता दर : ७९.१% (पुरुष ८६.१% र महिला ७३.६%)
११) जनसंख्या ६०,४५१ जना
१२) लैङ्गिक अनुपात : ९०.३६
१३) जनघनत्व : ४०३
१४) अपाङ्गता भएका जनसंख्या : २.५%

**(श्रोत : राष्ट्रिय जनगणना २०७८)**

**नगरको मुख्य खोला तथा तालतलैयाहरु :**

**१) खोलाहरु :** रतुवा, किस्ने, गौरिया, तालपैनी, रामचन्द्रे
**२) तालतलैयाहरु :** ११ बिगाहा क्षेत्रमा फैलिएको गौरादहको दह पोखरी, आल्ता खाडी, चान्दु खोला

# अनुसूचि १४ को २

## गौरादह नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

आ.व. २०८०/०८१ का लागि प्रस्ताव गरिएका नीति योजना कार्यक्रममा भौतिक पूर्वाधार, सामजिक विकास, कृषि विकास, सुशासन सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास र वातावरण तथा विपद व्यवस्थापन आदिलाई प्राथमिकता दिईएको छ। जुन तपसिल अनुसार रहेका छन ।

### क. भौतिक पूर्वाधार विकास

### १. सडक यातायत एवम् आवास

- क्रमागत रुपमा निर्माण कार्य भईररहेको, निर्माण कार्य पूरा भईनसकेका निर्माणधिन योजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।
- नगर क्षेत्रका सबै मुख्य बजार जोड्ने सडकहरुलाई र नगरभित्रका सबै वडाहरुको मुख्य सडकहरु नगरपालिकाको मूख्य प्रशासनिक भवन लाई जोड्ने सडकहरुलाई क्रमश कालोपत्रे गरिनेछ ।
- नगरक्षेत्र भित्रका सबै मुल सडकहरुको स्तरवृद्धि गरीनेछ ।
- मुख्यबजारलाई जोड्ने सकडको दुबै तर्फ ढल निकास सडक निर्माणको अभिन्न अंग बनाईनेछ ।
- आगामी दुई आ.व. भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी आर.सि.सि. पुल तथा कलर्भट निर्माण कार्यलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ ।
- स्थानीय उपभोक्ताहरुको २५% वा सो भन्दा बढि लागत साझेदारी हुने योजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- भौतिक पूर्वाधार निर्माण तर्फ १० लाख भन्दा कम लागतका योजनाहरु वडा स्तरिय र सो भन्दा माथिका योजनाहरुलाई नगर स्तरिय योजनाको रुपमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- ठूला औजार उपकरण प्रयोग नहुने रु. १५ लाख सम्म रकम विनियोजन भएका योजनाहरुलाई प्रकृतीहेरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- आगामी आ.व ०८००८१ को लागी भौतिक पूर्वाधार तर्फको कार्यक्रम निर्माण गर्दा प्रत्येक वडामा कम्तिमा २ वटा नगरस्तरिय योजना समावेश गर्ने निती लिईनेछ ।
- वडा नं. २ र ९ लाई जोड्ने कृष्णे खोलामा सिङ्गललेनको पक्की पुल निर्माण कार्य सम्पन्न गर्ने गरी स्रोतको व्यवस्थापन मिलाईनेछ ।
- वडा नं. ८ र छिमेकी गौरिगञ्ज गाउँपालिका वडा नं. ६ लाई जोड्ने गेउरीया खोलाको निर्माणधिन ट्रस ब्रिजको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका क्षेत्र भित्रका वस्ती वाट नजिकको बजार केन्द्र र छिमेकी गाउँपालिका बाट गौरादह नगरका मुख्य वजार क्षेत्र आवतजावत गर्ने सडकहरुमा सधै यातायतका साधन चल्न सक्ने योग्य बनाईनेछ ।

- गौरादह क्षेत्र भित्र पायक पर्ने स्थलमा बसपार्कका लागी जग्गा खोज्ने कार्य गरीनेछ ।

## २. शहरी विकासका पूर्वाधार तथा भू-उपयोग र संरक्षण

- नगरपालिका अन्तर्गत रहेका वडा कार्यालयहरु, स्वास्थ्य केन्द्रहरु र सामुदायिक विद्यालयहरुलाई घेरावार गरिनेछ ।
- दैनिक तथा साप्ताहिक हाट बजार व्यवस्थापन गर्ने कार्यविधि तयार गरी कार्यान्वयनका लागि वडा वडा मा पठाई सकीएकोछ वडाको पहलमा बजार व्यवस्थापन समिति निर्माण गरि उक्त समिती मार्फत स्थानीय हाट बजारहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- नगर क्षेत्र भित्र निर्माण हुने सबै प्रकारका घरहरुको नक्सापास गरेर मात्र बनाउने कार्य काडाईका साथ लागू गरिनेछ ।
- नक्सा स्वीकृत गरि घर बनाउँने प्रावधान भन्दा पहिला बनेका र नक्सा स्विकृत नगरी बनाईएका घरहरुको विवरण संकलनको कार्य अन्तिम चरणमा रहेकोले उक्त कार्य सम्पन्न गरी ५ लाख सम्म मूल्याङ्कन हुने घरहरुको नक्सा निर्माण गरी अभिलेखीकरण गर्न आउँदा अभिलेखिकरण सेवा शूल्क ९०% छुट दिईनेछ ।
- नेपाल सरकारको भूउपयोग नीति अनुसार नगरपालिकाको भूउपयोग तथा वर्गिकरण कार्य सम्पन्न गरी सो अनुसार भए नभएको एकिन गर्न र सुधारका लागी नक्सा सहित सबै वडा कार्यालयहरुमा पठाइसकिएकोछ । चालु आ.व को अन्त्य सम्ममा सबै वडाहरुबाट सुधार गर्नु पर्ने भए सो विवरण प्राप्त गरी भू-उपयोग वर्गीकरणको नक्सालाई अन्तिमरुप दिई मालपोत तथा नापी कार्यालयहरुलाई समेत उपलब्ध गराईनेछ ।
- नगर पूर्वाधारका योजनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाईनेछ ।
- साबिक महारानीझोडा लगायत गौरादह नगरपालिका भित्रका जग्गा सम्बन्धी समस्या समाधानका लागी भूमि आयोग जिल्ला समिति सँग समन्वय गरी गौरादह नगरपालाकामा नै सम्पर्क कार्यालय खोली भईरहेका कार्यलाई आगामी आ.व भित्र पूर्णता दिईने पहल गरीनेछ ।
- नगरपालिकाको पूर्वाधारहरुमा विभिन्न वित्तीय उपकरण तथा श्रोत परिचालन गर्न नगर विकास कोषमा यस नगरपालिकको स्वामित्व रहने गरी आवश्यक प्रवन्ध मिलाईनेछ ।

## ३. उर्जा विकास तथा उपयोग

- राष्ट्रिय प्रशारण लाईन नपुगेका स्थानहरु विधुतिय सेवा पुऱ्याउन र संचालन गर्न तथा सडक वीचमा परेका विधुत पोल व्यवस्थापन गर्न विधुत प्राधिकरण सँग सहकार्य गरीनेछ ।
- टोल विकास संस्थाका अगुवाईमा सडकबत्तीको नियमित मर्मत सुधार र विधुत महसुल स्थानीय उपभोक्ताहरुले नै व्यहोर्ने गरी सडक बत्ति जडा गर्ने नीति लिईनेछ ।
- नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।
- परम्परागत उर्जाका श्रोतहरु गुईठा, दाउरा आदिको प्रयोगलाई न्यूनिकरण गरिनेछ ।
- पेट्रोलिय पदार्थबाट प्राप्त हुने उर्जा खपतलाई न्यूनिकरण गर्न नविकरणीय उर्जा र विधुतीय उर्जाको प्रयोग लाई प्रोत्साहन गरिनेछ ।

**आर्थिक नीति :**

**१. पर्यटन विकास तथा प्रवर्द्धन**

- गौरादह बजारमा रहेको पोखरी लाई डि.पि.आर वमोजिम सौदर्यीकरण गरि पर्यटकीय गन्तव्य स्थालको रुपमा विकास गर्न संघीय तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।
- गौरादह नगरपालिका भित्र रहेका पर्यावरण, कृषि प्रणाली, संस्कार सस्कृतीलाई पर्यटन सँग आवद्ध हुने गरी कार्यक्रमहरु संचालन गर्न सहजीकरण गरीनेछ ।
- पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास विस्तार र गन्तव्य स्थलहरु संरक्षण सम्बद्ब गर्ने नीति लिइनेछ ।
- स्थानिय कला संस्कृति सहितको होम स्टे संचालनका लागि सहयोग गर्ने नीति रहनेछ ।
- स्थानिय कला संस्कृति तथा चाड पर्वहरुलाई जीवन्त राख्न आवश्यक सहयोग गरिने छ ।

**<u>कृषि तथा पशुपन्छी र सिचाई</u>**

- कृषि कार्यका लागि महत्वपूर्ण सिचाई सुविधा विस्तारका लागी हाल भईरहेको सिचाईका श्रोतहरु तथा कुलो-पैनी मर्मत संभार र व्यवस्थापन गरी अधिकतम उपयोगी बनाईने छ ।
- नगरक्षेत्रका सतहमा पानीका स्रोत भएका स्थानहरुवाट सिचाई सुविधा विकास र विस्तारका लगी संभाव्यता अध्ययान गर्ने गराईने छ ।
- कृषि योग्य जमिनको पहुँचलाई ध्यानमा राखी कृषि विधुतीकरण मार्फत चार वर्ष भित्र सतह सिचाँईवाट सिँचित हुन नसक्ने क्षेत्रमा भूमिगत सिंचाई प्रणालीको उपयोग गरी सिंचाई सुविधा पुर्याईनेछ ।
- उन्नत विउविजनको सुलभ व्यवस्थापन गरिनेछ । निशुल्क माटो परिक्षणको सुविधा उपलब्ध गराईनेछ ।
- कृषि सहकारीलाई प्रवर्द्वन गर्ने र कृषि उत्पादनलाई मुल्य श्रृंखलाको आधारमा बजार सँग आवद्व गरिनेछ ।
- पोषणयुक्त खाद्य सुरक्षाका लागि कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गर्न कृषि सहकारी, सामुहिक खेती प्रणाली वाट अभियान संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- हाल वडा नं. ४ र ५ मा संचालनमा रहेको सामुहिक खेती प्रणालिको अवधारणालाई अरु वडाहरुमा पनि विकास र विस्तार गर्न प्रोत्साहित गरिनेछ ।
- कृषक समुहलाई कृषि यान्त्रीकरण कार्यक्रम आबद्ध गर्ने नीति लिईनेछ ।
- कृषिकार्य र पशुपंक्षी पालन कार्य आधुनिकिकरण गर्दै सम्भाव्यताका आधारमा पकेट क्षेत्र जस्ता कार्यक्रमहरु कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण र पशु विज्ञ केन्द्रहरु सँग सहकार्यमा व्यवसायमूलक कार्यमा परिणत गर्न प्रोत्साहित गरिनेछ ।

- कृषि प्राविधीक खेतबारीमा र पशुपंछी सेवा प्राविधिक गोठ, खोरमा नै पुगी सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
  - कृषि प्रणालीलाई वैज्ञानिकिकरण गर्न स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरु सँग सहकार्य गरी कृषि अनुसन्धानको कार्य गर्न चाहने कृषि वाली उत्पादन सँग सम्वन्धीत संस्थालाई सहयोग र सहजिकरण गर्ने नीति अवलम्बन गरीन्छ ।
  - कृषि यान्त्रिकरणका लागी कृषि सहकारी वा कृषक समुहहरु सँग एकै थलोवाट कृषि उपकरणहरु न्यूनतम भाडा दरमा पाउने गरी संञ्चालन व्यवस्थापन गर्नलाई सहकारी संस्था तथा गैर सरकारी निकायहरु सँग समन्वय गरी आवश्यक सहयोग गरिनेछ ।
  - प्राङ्गारीक कृषि उत्पादनलाई प्रोत्साहित गर्ने नीति रहनेछ ।
  - नगरपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी व्यवसायलाई प्रोत्साहन गरीनेछ ।
  - पशु विमा र वाली विमा कार्यक्रमलाई नगरक्षेत्र भित्र प्रभावकारी वनाईनेछ।
  - कृषि विकास यान्त्रीकरण तथा पशुपक्षि सगँ सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा संघिय अनुदानका कार्यक्रमहरु संघिय कार्यविधि र प्रदेश अनुदानवाट संचालन गरिने कार्यक्रमहरु र निशर्त अनुदान र आन्तरिक श्रोत वाट तयार गरिने कार्यक्रमहरु प्रदेश कार्यविधिमा उल्लेख भए अनुसार संचालन गरिनेछ ।
  - गह्रा सुधार तथा चाक्लाबन्दी कार्यक्रम संचालन गरिनेछ, जसकालागी प्रति हेक्टर रु १० हजार प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ ।
  - स्थानीय रुपमा उत्पादित हाईब्रिड विउ मकैको खेती प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ ।
  - हाईब्रिड उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
  - जाईका नेपाल सँगको सहकार्यलाई निरन्तराता दिईनेछ ।
  - कृषि विषयमा अध्यायनरत विद्यार्थीहरुलाई कृषको खेतवारी नै सिकाई स्थलको रुपमा प्रयोग गर्नेगरी आवद्व गरिनेछ ।
  - कृषि विषयमा अध्यायनरत विद्यार्थिहरुलाई स्थानीय कृषक, कृषक समुहहरु सँग सहकार्य गरी कृषि प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
  - फलफुल खेती, करेसाबारी, फुल बगैचा, कन्दमूल र मसालाबाली विकासका लागी प्रोत्साहन गरिनेछ ।
  - बाँझा जमिनहरु उपयोग हुने गरी सहकारी्सामुहिक खेती प्रवर्दन कार्यक्रम संचालन गर्न प्रात्साहित गरिनेछ ।
  - पशु विमा कार्यक्रम संचालन गर्दा तिर्नु पर्ने प्रिमियम वापतको रकम नगरपालिकावाट ५०% कृषकवाट २५% र सहकारीवाट २५% हुने व्यवस्था मिलाईनेछ ।
  - पशुनश्ल सुधार कार्यक्रम गुणस्तरिय र विश्वसनिय बनाउँदै लगिनेछ ।
  - पशु वस्तुको नस्लसुधार का लागि कृतिम गर्भादान गराउँनने व्यक्तिहरुले नगपालिका मा सुचीकृत भई स्वीकृति लिनु पर्नेछ ।

- पशु वस्तुको भ्क्ष गर्दा प्रति पशु वस्तु लाग्ने शुल्कको निर्धारण गरि किसानहरुले तिर्नु पर्ने सेवा शुल्कमा सहयोग गर्ने निती अबलम्बन गरिनेछ ।
- वडा न. ६ कोहवारामा निर्माणाधिन दुग्ध सङलन केन्द्र संचालनमा ल्याउन सहयोग गरिनेछ ।
- गौरादहलाई माछा निर्यात गर्ने नगरपालिकाको रुपमा विकास गर्न माछा क्षेत्र निर्माण गर्न निजी तथा सार्वजनिक पोखरीहरुलाई प्रवर्द्धन तथा व्यवसायिकरण गर्न प्रोत्साहन गरिनेछ ।
- मौरीपालनको संभाव्यता पहिचान गरी मौरीपालन खेतीलाई प्रोत्साउन गरीनेछ ।
- कुकुर नियन्त्रणका गर्न वध्याकरण कार्यलाई निरन्तरता दिईनेछ ।
- माछा, मासु पसल सुधार कार्यक्रम संचालन गरिनेछ ।
- कृषिउपज बजारहरुलाई क्रमस व्यवस्थित गर्दै लागिनेछ ।
- कन्काई नहरको सिंचाई क्षेत्रको नहरमा पानीको उपलब्धता भए ् नभएको सुनिश्चित नगरी भूमिगत सिंचाई र स्यालोटुवेल तथा पम्म निर्माणमा नगरपालिकाले आर्थिक तथा प्रविधिक सेवा उपलब्ध गराउँने निती लिनेछ ।

**३. सहकारी, उधोग र श्रम तथा रोजगारी श्रृजना**

- सहकारी संस्थाहरुको नियमित अनुगमन, निरिक्षण मूल्याङ्कन तथा नियमन गरिनेछ।साथै नगरपालिका भित्र कार्य क्षेत्र भएका सहकारी सस्थाहरु मध्ये नगरपालिकामा नियमित सुचिकृत नभएका, नियमित लेखापरिक्षण विवरण नबुझाएका, संचालन नदेखिएका निश्कृय सहकारीहरुको दर्ता खारेजीको प्रकृया अगाडी वढाईनेछ ।
- एकै प्रकृतिका दुई वा दुई भन्दा वढी सहकारी संस्थाहरु एकिकृत हुनका लागी प्रोत्साहन गरिनेछ ।
- लघुउद्यमलाई प्रविधी हस्तान्तरणको कार्यक्रम संचालन गरीनेछ ।
- लघुउद्यम विकासका लागी उद्यमीहरुको स्तरउन्नतीका लागी एडभान्स तालिम संचालन गरिनेछ ।
- नयाँ लघुउद्यमी सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- गौरादह नगरपालिका भित्रका लघु उद्यमीहरुको सहजताका लागी लघु उद्यमी डेक्स खडा गरी संचालन गरिनेछ ।
- महिला लघु उद्यमीहरुलाई क्ट.त.भ.ख.त को पाठ्यक्रम अनुसारको सिप सिक्न प्रोत्साहित गरिनेछ ।
- गौरादह नगरपालिकामा रहेक साना उद्योगहरु र स्थानीय फर्निचर ऊधोग लाई आवश्यक पर्ने स्थानीय कच्चा पदार्थको सहज आपूर्ति गर्न गराउँन सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ ।
- गौरादह नगरपालिका क्षेत्र भित्रका उद्यमीहरुको प्रकार अनुसारको सिप विकास तालिमका लागी पठ्याक्रमको निर्माण गर्न CTEVT लाई अनुरोध गरिनेछ ।
- बैदेशिक रोजगारमा जान चाहने र भईरहेका व्यक्तिहरुलाई श्रम स्वीकृका लागि गरिने online आवेदनको गर्ने व्यवस्था कार्यालयवाट मिलाईनेछ ।

- वैदेशिक रोजगारवाट आफ्नो ठाउ फर्की आएका व्यक्तिहरुको लगत संकलन गरी उनिहरुको ज्ञान सिप आफ्नै ठाउमा प्रयोग गर्न पहल गरिनेछ ।
- श्रममा महिलाको समान ज्यालाको हक कार्यान्वयनमा ल्याउने नीति रहने छ ।
- गौरादह नगरपालिका क्षेत्र भित्रका उद्योगहरुमा कार्यरत कामदारहरुको विवरण संकलन गरिनेछ ।
- गरिव घर परिवार तथा व्यक्तिहरुको तथ्याङ्क संकलन गरि गरिव परिचय पत्र वितरणमा समन्वय गरिने छ ।
- नगरक्षेत्र भित्रका वेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्व गरी न्यूनतम रोजगारी सृजना गरिनेछ ।
- सिपमुलक कार्यक्रमहरु संचालन गरी स्वरोजगार हुन सक्ने अवस्था सृजना गरिनेछ ।
- बेरोजगारहरुलाई स्वरोजगारी श्रृजनाका लागि सिप विकासका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।
- रोजगार सूचना केन्द्रको सुदृढिकरण र वैदेशिक रोजगारीमा जानेहरुका लागि सिप बिकास र सहजिकरण गर्ने नीति लिइनेछ ।
- युवा स्वरोजगार कोष लगायतका संस्थाहरु सँग सहकार्य गर्ने नीति रहने छ ।
- मजदुरहरुलाई कार्यस्थलमा कार्य सुरक्षाका लागी व्यवसायिक सुरक्षाजन्य सामाग्रीहरु प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- परम्परागत सिपबाट सञ्चालित लोपउन्मुख स्थानीय उद्यम व्यवसायहरुका विकास विस्तार गर्दै व्यवसायिकरण लैजाने नीति रहनेछ ।

**सामाजिक विकास**

**१. शिक्षा, युवा तथा खेलकुद**

- मापनयोग्य सूचकका आधारमा विद्यालयको अनुगमन मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका सबै सामुदायिक विद्यालयहरुका कक्षा कोठाहरुलाई क्रमशः वाल मैत्री र प्रविधि मैत्री बनाईनेछ ।
- आधारभूत तहको लागी स्थानीय तहको पाठ्यक्रम निर्माण गरि सबै विद्यालयहरुलाई उपलब्ध गराईसकिएकोछ । एक पटकका लागी पाढ्यसामाग्री छपाई गरी सामुदायीक विद्यालयलाईहरु उपलब्ध गराईनेछ र अर्को शैक्षिक बर्ष देखी पाठ्यपुस्तक अनुदान भित्र आवद्व गरिनेछ ।
- संस्थागत विद्यालयहरुले पाढ्यक्रमका आधारमा पाढ्यपुस्तक आफै व्यवस्था गर्नुपर्नेछ ।
- विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालय भर्नाका लागी वडा शिक्षा समितिले विद्यालयको क्षेत्राधिकार भित्रका वालवालिकाहरुलाई विद्यालयमा प्रभावकारि भर्ना अभियान संचालन गर्ने गराउँने निति अबलम्बन गरिनेछ ।
- बालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्दा जन्म दर्ताका साथै खोप कार्डलाई अनिवार्य गरिनेछ ।

- सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधीकारी र शिक्षकका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमै पढाउँन अनिवार्य गर्न गराउँन वडा शिक्षा समितीले आवश्यक व्यवसथा मिलाउँने नीति रहनेछ ।
- सामुदायिक विद्यालयहरुको नाममा दर्ता कायम रहेको जग्गाको लिज, भाडा, ठेक्कामा दिएको तथा भवनहरुको आम्दानीलाई समय सापेक्ष पुनर्विचार गरी पु:न मूल्यांकन द्वारा व्यवस्थित गरि विद्यालयको नियमित आम्दानी लाई समयसापेक्ष बनाउँ विद्यालय व्यवस्थापन समिती र वडा शिक्षा समितिलाई जिम्मेवार बनाईनेछ ।
- विद्यार्थी संख्याका आधारमा तोकिएको न्यूनतम विद्यार्थी संख्या नभएका विद्यालयलाई नजिकैको विद्यालयमा समायोजन तथा कक्षा घटाउँने र प्रत्येक वर्ष दरवन्दी मिलान कार्यलाई अगाडी बढाईनेछ ।
- सामुदायिक विद्यालयमा रहेको इ-हाजिरीलाई व्यवस्थित गरी सूचना प्रविधि सँग आवद्ध गर्न विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालयका असल अभ्यासहरुको आदान प्रदान गर्न नगरपालिका भित्र मितेरी विद्यालय कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- इ.सि.इ.सि. द्वारा सञ्चालित कार्यक्रमलाई नगरका सबै विद्यालयहरुमा क्रमश बिस्तार गर्दै लगिनेछ ।
- विद्यार्थीको सर्वाङ्गीण विकासका लागि शिक्षण सिकाईमा आधारित भएर अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्दै लगिनेछ ।
- कक्षा ५ र ८ को वार्षिक परीक्षा नगरपालिका द्वारा सञ्चालन गरिनेछ ।
- नगरशिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई शिक्षण सिकाईमा आधारित शिक्षण तालिमलाई आवश्यकता अनुसार क्रमश संचालन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल, बालक्लव र स्काउटलाई परिचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको कक्षा ५, ८ र १० को विषयविज्ञ द्वारा स्तरमापन परीक्षा सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयहरुमा लागूपदार्थ तथा दुर्व्यसनी विरुद्धका अभियानहरु सञ्चालन गरिनेछ ।
- एक विद्यालय एक करेसाबारी कार्यक्रमलाई कृषि प्रसार कार्यक्रम सँग आवद्ध गरी विद्यालयहरुको छनौट गरी अगाडी वढाईनेछ ।
- प्राविधीक शिक्षा परिषद् (CTEVT) को पाठ्यक्रम अनुसारको प्रविधिक शिक्षा कक्षा ११ र १२ विद्यालयमा संचालन गर्न सहजीकरण गरिनेछ ।
- शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गौरादह नगरपालिकाको माध्यमिक तह सम्मको शिक्षा ऐन अनुसार प्रदान अद्यापकहरुको छनौट गरी कार्य सम्पादन सम्झौता लागु गरिनेछ ।
- लोपउन्मूख, सिमान्कृत विपन्न वर्गका ए.सी.ई. पास गरेका ११,१२ कक्षा प्राविधिक बिषयमा अध्ययान गर्न चाहाने जेहन्दार विद्यार्थीकालाई सहज अध्यायन गर्न सक्ने अवस्था निर्माण गरीनेछ ।

- आवश्यकता अनुसार शिक्षकहरुले विद्यार्थीहरुलाई यसरी सिकाउने भन्ने विषयमा प्रशिक्षक प्रशिक्षण तालिम दिई प्रशिक्षक उत्पादन गरी तालिमहरु संचालन गरीनेछ ।
- विद्यालयहरुमा योग समिती गठन गरी सोको माध्यमवाट योग शिक्षालाई अतिरिक्त क्रियाकलाप सँग आवद्व गरिनेछ ।
- सबै विद्यालयहरुको बार्षिक कार्यक्रम र कार्य योजना अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र उक्त कार्यक्रम तथा कार्य योजनाको आधारमा विद्यालयको अनुगमन मूल्याङ्कन गर्ने गराउने नीति लिईनेछ ।
- सबै संस्थागत विद्यालयहरु सँग गरीब तथा जेहन्दार विद्यार्थीलाई निःशूल्क तथा छात्रवृतीमा अध्ययन गर्ने व्यवस्था मिलाउन सहकार्य गरिनेछ ।
- संस्थागत विद्यालयहरुमा भएको विविधतालाई न्यूनिकरण गर्दै विद्यालयले दिने सुविधामा एकरुपता ल्याउन पहल गरिनेछ ।
- मौजुदा पुस्तकालयहरुको स्तर उन्नती गर्दै ई-लाईव्रेरीको रुपमा विकास गर्ने पहल गरिनेछ ।
- गौरादह बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको आङगिक क्याम्पस वनाउने प्रयत्न गरीनेछ ।
- गौरादह बहुमुखी क्यापसमा अध्यायन गर्ने गौरादहमा स्थायी बसोबास गर्ने विपन्न परिवार छोरी बुहारी लाई मासिक शुल्क सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वडा नं. ३ मा रहेको गौरादह उद्योग वाणीज्य संघ सँगको स्वामित्वमा रहेको सामुदायिक भवनलाई २० बर्षको लागी मासिक ५० हजार भाडा तिर्नेगरी लिजमा लिई उक्त भवनलाई कभर्डहलको रुपमा विकासित गरीनेछ ।
- नगरमा हुने र नगरवाट प्रतिनिधित्व गर्ने खेलकुद कार्यक्रम नगर खेलकुद परिषदवाट संचालन हुने व्यवस्था मिलाईनेछ ।
- नगर खेलकुद परिषद्ले खेलाडी उत्पादनका लागी प्रत्येक वडामा खेलकुद कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
- उपयुक्त स्थानमा संघियप्रदेश सरकार सँग सहयोग लिई रगंशाला निर्माणका लागी प्रयास गरीनेछ ।
- एक वडा एक खेल मैदान, रङ्गशाला निर्माणका लागी निःशुल्क जग्गा प्राप्तीका प्रकृया अगाडि वढाईनेछ ।
- 

**स्वास्थ्य सेवा**

- संघिय सरकारले सबै पालिकाहरुमा सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने कार्यक्रम अनुसार यस नगरपालिका वडा नं. १ मा जग्गा प्राप्त भई सकेककोले अस्पताल निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- गौरादह नगर अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।
- गौरादह नगरपालिका भरिका विपन्न वर्गका गर्भवती आमाहरुलाई ल्यचकबा म्भष्खिभचथ का लागी नगर असपतालसम्म ल्याईने र Normal delivery हुन सक्ने अवस्था नभए डाक्टरको सिफारिस अनुसार झापाको दमक, विर्तामोड, सुनसरीको धरान र मोरङ्गको विराटनगर सम्म अस्पतालहरुमा सुत्केरी गर्न गराउन लैजान निःशुल्क ऐम्बुलेन्स सेवालाई निरन्तरता दिई ज्कभ मभष्खिभचथ लाई शुन्यमा झारिनेछ ।

- बढी भन्दा बढी नगरबासीहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्व गर्न सचेतनामुलक तथा प्रोत्सहान हुने कार्यक्रम संचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई एक पटक स्वास्थ्य विमा गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै सेवा अवधी समाप्त भएका र छाडी जाने महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहन रकम सहित विदाई गराईनेछ ।
- गर्भवती महिलालाई बढिमा २ पटक सम्म सुत्केरी हुँदा सम्मका लागी उपलब्ध गराउदै आईएको पोषण खर्च रकम वितरण कार्यक्रमलाई स्वास्थ्य मन्त्रालयले निर्धारण गरेको पोटोकल अनुसार गर्भ जाँच गरेको आमा सुरक्षाकार्ड, बालबालिकाको खोपकार्ड र ३५ दिन भित्रको जन्म दर्तालाइ आवद्ध गरिनेछ ।
- पूर्ण खोप, पूर्ण पोषण युक्त र पुर्ण संस्थागत सुत्केरी कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गर्ने गराइने छ ।
- खोप केन्द्र र गाँउ घर क्लिनिक लाई व्यवस्थित गर्दै लगिने छ ।
- महिला स्वास्थ्य स्वयमसेविका तथा स्वास्थ्यकर्मीहरुको परिचालनवाट नागरिकहरुको स्वास्थ्य अवस्थाको अभिलेख व्यवस्थित गरिने छ ।
- किशोरीहरु र महिलाहरुको संवेदनशिल रोग वारे चेतना, अभिमुखिकरण कार्यक्रम तथा  स्वास्थ्य शिविर संचालनको व्यवस्था गरिनेछ ।
- क्षयरोग मुक्त नगरपालिकाको घोषणाको लागि क्षयरोगीको सक्रिय खोजपडताल कार्यक्रम सवै वडाहरुमा संचालन  गरिनेछ ।
- नसर्ने रोगहरु (उच्च रक्तचाप तथा मधुमेह रोग) एमलोडिपाईन ५ एम.जी. तथा मेटफर्मिन ५०० एम.जी.औषधीहरु नगरपालिकाका सवै स्वास्थ्य संस्थाहरु वाट निःशुल्क वितरण गरिनेछ।साथै सबै स्वास्थ्य संस्थाहरु बाट नेपाल सरकारले तोकेको प्रोटोकल अनुसारको औषधी निःशुल्क वितरण गरिनेछ ।
- नसर्ने रोग नियन्त्रणको लागि आयूर्वेदिक चिकित्सा पद्धती बाट योग चिकित्सा,पंचकर्म लाई प्राथमिकता दिईनेछ ।
- नगर अस्पतालवाट आयूर्वेद चिकित्सा सेवा प्रदान गर्ने व्यवसथा मिलाईनेछ ।
- गौरादह नगरपालिकालाई पोषण मैत्री नगरपालिका घोषणाको लागि कार्यक्रमहरु संचालन गरिनेछ र यसका लागी स्थानीय बाल मैत्री शासन कार्यक्रम सगँ आवद्व गरिनेछ।
- नगर अस्पताल बाट दिईने स्वास्थ्य सेवालाई स्तरन्नोती गरि स्त्री रोग र बालरोगको विशेषज्ञ सेवा सेवाको संचालन गर्न पहल गरिनेछ ।
- पूर्णखोप यूक्त नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने तथा स्तनपाई आमाहरु लाई दुग्धवर्दक आयूर्वेदिक औषधि वितरण गरिनेछ ।
- प्रादेशिक आर्युवेद अस्पताल, लखनपुरको सहयोग तथा साझेदारीमा प्रत्येक वडावाट कम्तिमा ३ जनालाई जडिबुट्टी पहिचान र संरक्षण सम्बन्धी तालिम उपलब्ध गराईनेछ तथा उक्त अस्पताल सगँ समन्वय गरी बैगुनधुरा, आर्युवेद औषधालयवाट विशेषज्ञ सेवा हप्तामा १ पटक उपलब्ध हुने व्यवस्था मिलाईनेछ।

- हाल संचालनमा रहेको आरोग्य केन्द्र संचालनमा निरन्तरता दिईनेछ ।
- वडाहरुको स्वास्थ्य सुचकहरु पोषण सेवा, खोप सेवा, समुदायमा आधारित एकिकृत वालरोग व्यवस्थापन सेवाको, नवजात शिशु तथा आमा सुरक्षा कार्यक्रमको प्रगती ९० प्रतिशत पुर्याउनु अति आवश्यक देखीएकोले सो को प्रगतीलाई सम्बन्धित भौगोलिक कार्यक्षेत्रका स्वास्थ्य सेवाको कर्मचारीहरुको कार्यसम्पादन मूल्याङकनसंग आवद्ध गरिनेछ ।
- निजी क्षेत्र वाट गौरादह नगरपालिकामा संचालित निजि क्लिनिक, १५वेड सम्मका अस्पताल, प्रयोगशाला, आयूर्वेदिक औषधालय, होमियोपैथिक औषधि पसल, फिजियोथेरापी क्लिनिक, दन्त क्लिनिकहरुलाई गौरादह नगरपालिकाको स्वास्थ्य ऐन तथा नियममावली अनुसार  दर्ता गरी संचालन अनुमति प्रदान गरिनेछ ।दर्ता नहुने लाई बन्द गर्ने गराईने नीति रहनेछ ।
- कुष्ठरोग र हातीपाईले रोग बाट हुने अपाङ्गतालाई न्यूनिकरण गर्न कुष्ठरोगी खोज पड्ताल कार्यक्रम संचालन गरिने तथा हातीपाईले रोग विरुद्धको औषधि खुवाउन कार्यक्रम सञ्चालन गरिनेछ र उक्त कार्यक्रमलाई वडा तथा नगरवाट प्रवाह गर्ने सेवा सुविधा सँग आवद्व गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धी तालिम तथा अवलोकन भ्रमणलाई निरन्तरता दिईनेछ ।

### खानेपानी तथा सरसफाई

- निर्माण कार्य वाँकी रही संचालनमा आउन नसकेका खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्न पहल गरिनेछ । चान्दु खोला ८ नं. वाँध, खानेपानी तथा सरसफाई योजनाको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईनेछ ।
- सञ्चालनमा रहेका खानेपानी उपभोक्ता संस्थाको क्षेत्र विस्तार, शुद्व पानी वितरणमा र निर्माणधिन खानेपानीहरु लाई सम्पन्न गर्न सहयोग गर्ने नीति लिइने छ ।
- विपन्न तथा सिमान्तकृत वर्गलाई खानेपानीको मिटर खरिद वडा स्तर बाटै सहयोग गरिनेछ ।
- गौरादह नगरपालिका भित्र रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितहरुलाई नियमन गर्ने व्यवस्था मिलाईन ।

### भाषा कला साहित्य धर्म संस्कृति

- भाषा कला संगित साहित्य तथा संस्कृतिको एकिकृत विकास विस्तार तथा संरक्षण लाई संस्थागत व्यवस्थाका लगि भाषा कला संगित साहित्य प्रतिष्ठा निर्माणका लागि पहल गरिनेछ।
- नगर क्षेत्रका सबै धर्म समुदायका आस्था र विश्वासका केन्द्रहरुलाई संरक्षण सम्बर्द्धन गर्ने नीति लिइनेछ।
- लोप उन्मुख बाजा गाजा संस्कृति पहिरन र परम्पराहरुलाई विशेष संरक्षण गर्ने नीति लिइने छ ।

### लक्षित बर्ग विकास कार्यक्रम

**१. महिला बालबालिका तथा जेष्ठ नागरिक:**

- महिलाहरुको सिप र क्षमता अभिबृद्बि तथा सिपमुलक तालिमको व्यवस्था गरी स्वरोजगारका अवसर श्रृजना गरिने छ ।

- संविधानले निर्दिष्ट गरेको न्युनतम महिला संख्यालाई सुनिश्चित गरिने छ ।
- घरेलु हिंसा मुक्त नगरपालिका निर्माणका लागि सचेतनामुलक, कानुनी उपचार मुलक कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।
- उद्यमी महिलाहरुलाई प्रोत्साहन, प्रेरणा मुलक, प्रविधि हस्तान्तरण जस्ता कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- बालमैत्री नगर निर्माणका लागी बालवालिकाको प्रोफायल तयार गरिनेछ ।
- जेष्ठ नागरिकहरुको अनुभव र ज्ञानलाई स्थानिय विद्यालय स्तरका विद्यार्थीहरुमा पुस्ता हस्तान्तरणको कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- ७० बर्ष काटेका जेष्ठ नागरिकलाई नगरपालिका का स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य परिक्षण निःशुल्क गरिनेछ ।
- बर्षमा एक पटक नगरपालिका स्तरमा जेष्ठ नागरिक सम्मान तथा मनोरञ्जन कार्यक्रम संचालन गरिनेछ।
- असाय, वेवारिसे र हिंसा पिडित महिलाहरुलाई सेफहाउसको व्यवस्था मिलाइने नीति लिइनेछ ।
- सिमन्तकृत समुदायका महिलाहरुलाई सामाजिक कार्यमा लाग्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

### २. अपाङ्ग अशक्त तथा असहाय

- अपाङ्गता भएका व्यक्तिहरुलाई सिपमुलक व्यवसायिक तालिमको व्यवस्था मिलाइने छ ।
- नगर क्षेत्र भित्र रहेक अपाङ्गता व्यक्तिहरुको अपङ्गताको अवस्था खुल्ने गरिरको विवरण तयार गरी क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

### ३. विपन्न दलित, आदिवासी, जनजाती मधेशी मुस्लिम पिछडा वर्गका लागि

- विपन्न, दलित, आदिवासी, जनजाती मधेशी मुस्लिम र महिलाहरुका लागि लोक सेवा तयारी कक्षा संचालन गरिने छ।
- सिभिल ओभरसियर, अ.न.मि स्टाफ नर्स, वैद्य, जे.टि.ए ,पशु तथा कृषि अध्ययन गर्न चाहाने विद्यार्थीहरुलाई सहज अध्ययन को व्यवस्था मिलाइनेछ ।
- घरेलु हिंसा, जातिय विभेद जस्ता कुरीतीहरु विरुद्ध सचेतना मुलक होडिङ्ग वोर्डहरुको व्यवस्था गरिनेछ ।
- लक्षित तथा विपन्न समुदायलाई जिवनस्तर वृद्दि गर्न रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ ।

### घ. वन वातावरण र विपद व्यवस्थापन तथा फोहोर मैला व्यवस्थापन

- आ.व ०८०/०८१ वाट विपद व्यवस्थापन सम्बन्धी रणनीति कार्यन्वयनमा ल्याईनेछ।
- गौरादह नगरपालिकाको विकास योजना तयार गर्दा सम्भावित विपद्को लेखाजिखा समेत गर्नु पर्ने भएकोले नगरपालिकाले वडागत विपद् पहिचान तथा नक्साङ्कन तयार गर्नेछ ।
- नदि उकास भएका जग्गाहरुमा वृक्षारोपण कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।

- सडक निर्माण गर्दा बाटोको दुवै पट्टि स्थानिय बासिन्दाहरुले छुट्याउने संरक्षण गर्ने गरी वृक्षारोपण कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।
- निजी वन लगाउने वा  अरुवाली सरह वृक्षारोपण गर्ने कामलाई प्रोत्सहीत गर्ने नीति अवलम्बन गरीने छ ।
- जलाधार क्षेत्रको संरक्षणका लागि प्राकृतिक पोखरी संरक्षण र बृक्षारोपण लाई प्रोत्सहित गरिनेछ ।
- लाहा खेती र जडिवुट्टी खेतीलाई प्रोत्साहन गरिनेछ ।
- गौरादह नगर वासीहरु सबैले अफ्नो घर आँगन मा कम्तिमा दुई वटा निमपत्तिका विरुवा हुर्काउनु पर्ने र सरकारी तथा सार्वजानिका भवन परिषरमा कम्तिमा १० वटा निमपत्ति को विरुवा हुक्काउँनु पर्ने अभियान संचालन गरिनेछ । जसको शुरुवात जनप्रिनिधिहरुको घर आँगन र नगरपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्था हरु बाट शुरुवात गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा बगैचा व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ ।
- जैविक विविधता संरक्षण, जलवायु परिवर्तन र जल उत्पन्न प्रकोप नियन्त्रण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
- वडा स्तरको वजेट सिलिङ विपद व्यवस्थापन सम्बन्धी रकमको ६० प्रतिशत विपद व्यवस्थापन सम्बन्धी कार्यमा र ४० प्रतिशत रकम वातवरण संरक्षण र वृक्षरोपण कार्यक्रममा विनियोजन गर्ने गराउने र विपद व्यवस्थापन तर्फको आधा रकम विपद् न्यनुनिकरणका लागी पुँजिगत तर्फको खर्च र आधा रकम विपद् तथा राहत उद्वारमा खर्च गर्ने ।
- नगरस्तरमा विपद् व्यस्थापन कोषका लागी छुट्टयाईने रकमको ५० प्रतिशत रकम विपद् न्यूनिकरणका लागी पूजिगत खर्च तर्फ र ५० प्रतिशत रकम विपद राहत तथा उद्वार खर्च गर्ने नीति लिईनेछ ।
- गौरादह नगर भित्रका सिमसार क्षेत्रको विकास विस्तार र संरक्षण गर्ने नीति अवलम्बन गरिने छ ।
- घर निर्माण गर्दा प्रत्येक घरले आफ्नो आँगन वा बारिमा २ वटा रुख विरुवा हुर्काउनु पर्ने गरी घर नक्सा पासमा आवद्ध गरिने छ ।
- वपद् व्यवस्थापनका लागि विपद् प्रतिकार्य योजना निर्माण गरिने छ ।
- विपद व्यवस्थपन कोषमा आवश्यक रकम व्यवस्था गरिने छ ।
- वाढीवाट हुने कटान ढुवान र आगलागी जस्ता प्रकोप बाट सुरक्षित रहन सचेतना मुलक कार्यक्रम संचालन गर्ने र पूर्व सावधानीका उपायहरु अवलम्बन गरिनेछ ।
- आपतकालिन उद्वार तथा राहतका लागी आवश्यक सामाग्रीको भण्डारणको व्यवस्था गरिने छ ।
- प्रकोपको समयमा सरोकारवाला, सरकारी एवं गैर सरकारी र स्थानिय सघं संस्था सँग समन्वय गरी उद्वार, राहत एवं पिडितलाई अस्थायी वसोवासको व्यवस्थापन गरिनेछ ।
- प्रकोप उद्वार, व्यवस्थापन तथा सचेतना कार्यक्रम संचालन गर्न रेडक्रस, लायन्स कल्व, स्काउट, जेसी लगायतका समाजसेवी संस्थाहरु सँग समन्यव गरी आवश्यक स्वयम सेवक जनशक्ती तयार गरीनेछ ।
- फोहोरलाई स्रोतमानै जैविक तथा अजैविक वर्गिकरण गर्न टोल विकास संस्था तथा समुदाय स्तरमा कार्यक्रम संचालन गरिनेछ ।

- जनधनत्व अनुसार क्षेत्र विभाजन गरि फोहोर मैला सफाइ शुल्क संकलन गर्ने कार्य कार्यन्वयन गरिनेछ ।
- नगरक्षेत्रको फोहोर संकलन र उत्सर्जन कार्य गरी हाल काम गरि रहेको संस्था सँग ११ औ नगर सभा बाट पारित निर्णय अनुसार समन्वय र छलफल बाट निजको सेवा शुल्क निर्धारण गरि नगर क्षेत्रको फोहरमैला संकलन व्यवस्थापनको कार्य गरिनेछ ।
- फोहोर मैला उत्सर्जन केन्द्रलाई सुरक्षित र व्यवस्थित गर्ने कार्य गरिने छ ।

**ङ सुशासन तथा सार्वजनिक सेवा प्रवाह र क्षमता विकासः-**

- नगरपालिका र मातहतका कार्यालयहरुमा प्रवाह गरिने सेवालाई मितब्ययी पारदर्शी र गुणस्तर युक्त बनाउदै लगिनेछ ।
- विषयगत शाखाहरुको कार्य सम्पादन सूचक निर्माण गरी शाखा प्रमुखहरु सँग कार्यसम्पादन सम्झौता गर्ने नीति लिईनेछ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु बाट हुने सेवा प्रवाहमा छिटो छरितो गुणस्तर र एकरुपता ल्याउन आधुनिक प्रविधी जडान गरी नगरपालिकामा रहेका डाटाहरुलाई सुरक्षित गर्न लोकल सरवरको व्यवस्था गरिनेछ ।
- नगर कार्यपालिकाको वेभ साइटको क्षमता वढाउनईनेछ ।
- नगर भित्रका सबै सरकारी कार्यालय शैक्षिक संस्थामा कर्मचारी र शिक्षकहरुको लगबुकको व्यवस्था गरिनेछ ।
- नगर भित्रका सार्वजनिक सम्पति पहिचान, सिमाङ्कन, अभिलेखीकरण र संरक्षण गरिनेछ ।
- नगर र वडाबाट प्रदान गरिने सेवालाई चुस्त दुरुस्त छिटो छरितो बनाउन अहिलेको अहिले र आजको काम आजै भन्ने निती लिइनेछ ।
- नगर र वडाहरुमा हेल्पडेक्सको स्थापना गरि सेवाग्रहीलाई सहजता प्रादन गरिनेछ ।
- नगर भित्र रहेका रिक्त दरबन्दीमा कामको चाप र आवश्तकता अनुसार दरबन्दी पदपूर्ति गरिनेछ ।
- नगरपालिकाको आन्तरिक आय संकलनका दायराहरु फराकिलो पारी बैज्ञानिक कर प्रणाली लागु गरिने छ ।
- आ.व. ०८०/०८१ देखि सम्पतिकर लागु गरिनेछ । यसका लागि आवश्यक तयारी गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र संचालनमा रहेर पनि नगरपालिकामा व्यवसाय दर्तानविकरण नभएका नगरेका उद्योग व्यावसायहरुलाई एक पटकका लागि वि.स. २०८० आश्विन मसान्त भित्र दर्ता/नविकरण हुन आएमा चालु आ.व. को दरमा विगत दुई आर्थिक बर्षको व्यावसाय कर तिरेमा त्यस्ता उद्योग व्यवसायहरुको दर्ता/नविकारण गरिनेछ । सोभन्दा अगाडीको व्यवसाय कर खोजि गरिनेछैन र सुबिधा दिएको अवधी भित्र दर्ता नबिकरण हुन नआउने उद्योग व्यबसायहरु सगँ व्यवसाय कर बकौता कायम गरि सरकारी बाँकी सरह असुलउपर गर्ने नीति रहनेछ ।
- नगरपालिका क्षेत्र भित्रका आपूर्तिकार्ता, सेवाप्रदायहरु लगायत सबै प्रकारका व्यापार व्यवसाय उद्योगहरु अनिवार्य रुपमा व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । नगरपालिकाको कार्यालय वा वडा कार्यालयबाट भुक्तानी

गर्दा चालु आ.व. का लागि व्यवसाय दर्ता/नविकरण र नगरपालिकालाई तिर्नु बुझाउँनुपर्ने सबैखालको रकम बुझाएको पछि मात्र भुक्तानी दिने व्यवस्था मिलाउँने।यस नगरपालिका बाहिरका आपूर्तिकार्ता/सेवा प्रदायहरु लगायत सबै प्रकारका व्यापार व्यवसाय उद्योगहरुलाई भुक्तानी/सिफारीस/नियुक्त गर्नुपर्दा त्यस्ता आपूर्तिकार्ता, सेवा प्रदायहरु लगायत सबै प्रकारका व्यापार, व्यवसाय, उद्योगहरु समेत नगरपालिकामा अनिवार्यरुपमा सूचिकृत हुनुपर्नेछ ।

- नगरपालिकाको कार्यालयमा कर प्रशासन शाखाको स्थापना गरिनेछ ।
- नगरपलिकाका निर्णयहरु कार्यान्वयन गर्न र नगरको सुरक्षा व्यवस्थाका लागि नगर प्रहरीको व्यवस्था गरि सकीएकोले प्रभावकारी परिचालन गरिनेछ ।
- आवश्यकता अनुसार स्थानिय ऐन, नियम, कार्यविधिहरु निर्माण गरिनेछ र मौजुदा ऐन नियम कार्यविधिलाई समयानुकुल संसोधन तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- अनुगमन कार्य निरन्तर गर्ने र सोको अवस्था बारे कार्यापालिकामा छलफल गर्ने र थप व्यवस्थित गर्ने कार्य गरिने छ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य कार्यालयहरुको संस्थागत क्षमता विकास र जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु संचालन गरिने छ ।
- टोल विकास संस्थाहरुलाई व्यवस्थित गरी परिचालन गरिने छ ।
- वडा स्तरमा गुनासो सुनुवाइ र संवोधन कार्यक्रम संचालन गरिने छ ।
- स्थानिय रेडियोमा नगरवासीसँग नगर प्रमुख, उपप्रमुख र जनप्रतिनिधी कार्यक्रम संचालन गरिनेछ ।
- वडा स्तरको मेलमिलाप समिति र न्यायिक समितिको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- गौरादह नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका संचार माध्यमहरुलाई व्यवस्थित बनाउँन र नीतिगतरुपमा एकरुपता ल्याउँनेछ।आम संचार माध्यम मार्फत नगरपालिकाको गतिविधि सार्वजानिक गर्नका लागि नगरपालिकाले आफ्नै आम संचार ऐन, निति, कार्यविधी निर्माण गर्ने नीति लिनेछ ।
- साथै छिमेकी पालिकाहरु र सरोकारवालाहरु समेत सँग समन्वय तथा सहभागितामा गरी संचार प्रतिष्ठान गठन तथा संचालन गर्ने नीति लिईनेछ ।
- न्यायिक समितिबाट सम्पादन हुने कार्यहरुका लागि थप चुस्तदुरुस्त बनाइनेछ ।
- नियमित बजार अनुगमन तथा उपभोक्ता सचेतना कार्यक्रम संचालन गर्न सरोकारवाला निकायहरुसँग समेत समन्वय गरी सो कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।
- उपभोक्ता सचेतना शिक्षालाई वडागत रुपमा अभियानको रुपमा संचालन गरिनेछ ।
- सूचना सञ्चारको पहुँच नपुगेका ठाउँहरुमा NTC\NCELL टावरको लागी पहल गरिनेछ ।

**च. विविधः-**

- गौरादह कृषि क्यापस अन्तर्गत भेटनरी (पशु विज्ञान) विषयको लागी विषय थप गर्ने तर्फ पहल गरिनेछ ।
- दिगो विकास कार्यक्रम (गौरादह गुरु योजना-१५,२० वर्षे) बनाई सोहि अनुसार कार्य गरिनेछ ।

- स्थानिय रुपमा गरिने नगदे वाली औधोगिक कच्चा पदार्थको उत्पादन जस्ता खेती र वालीलाई प्रोत्साहन गरिनेछ ।
- पाडाजुङ्गी-गौरिगञ्ज सडकको स्तरवृद्वी गरी ४ लेन बनाउने कार्य चाडै सम्पन गर्न गराउँन संघिय सरकारको ध्यानआकर्षण गराइनेछ ।
- रतुवा खोला, चान्दु खोला, कृष्ने खोलामा र गेउरिया खोलामा सर्वे भएका र सर्वे गरिने स्थानमा मोटोरेवल पुल निर्माण गर्न संघिय तथा प्रदेश सरकारको ध्यानकर्षण गराईनेछ ।
- रतुवा, चान्दु, गेउरिया, राम चन्द्रे,कृष्णे खोला, कमल खोलाको कटान तथा प्रकोप रोकथामको लागी संघिय सरकार तथा प्रदेश सरकारका संम्बन्धित बिभाग मन्त्रालय सँग समन्वय र सहकार्य गरिनेछ ।
- फुसको छानो हटाउँने कार्यक्रम बाट विपन्न परिवारको घरको छानो परिवर्तन गरि जस्ता पाता उपलब्ध गराउने व्यवस्था गरि आ.व. ०८०८१ मा सम्पन गर्न पहल गरिनेछ ।
- स्थानिय सामाजिक संस्था जेसीज, स्काउट, रेडक्रस, लायनस सगँ सहकार्यका कार्यक्रम गर्नुको साथै संघिय सरकार, प्रदेश सरकार तथा नगरपालिकाको निती, अभियान तथा कार्यक्रम मा सहयोग पुग्ने गरि कार्यक्रम संचालनमा सहयोगि हुने निजी, गैर सरकारी, सामुदायीक क्षेत्रका संस्थाहरु संग सहकार्य गर्ने गराउँने निती अबलम्बन गरिनेछ ।
- गौरादह नगरपालिकाका र मातहतका संस्थालाई निशुल्क जग्गा उपलब्ध गराउने जग्गा दाताहरुलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- ग्रामिण सडक संजाल सूधार आयोजना-आयोजना समन्वय ईकाई कार्यालय मार्फत प्रकृया अगाडी वढाईएका सडक आयोजना कार्यान्वयनको लागी संघिय सरकार तथा प्रदेश सरकारको ध्यानाकर्षण गराईनेछ ।

# अनुसूची-१४ को ५
## दफा ३७ को उपदफा ३ संग सम्बन्धित
## सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा
(बृहत छलफलमा प्रस्तुत गरिएको )

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.व.०७९।०८० को अवस्था | आ.व.८०।०८१ को अवस्था प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य क्षेत्र** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायातको पहुँच भएको घरधुरी संख्या | गौरादह नगरपालिकामा गाउँघर क्लिनिकदेखि नगर अस्पतालसम्म रहेका ५५ वटा स्वास्थ्य इकाइहरुबाट नागरिकहरुको आधारभूत स्वास्थ्य उपचार सेवा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधार सडक निर्माणका कामहरु द्रुत गतिमा अगाडि बढेको देखिन्छ । | गौरादह नगरपालिकामा २४ वटा खोप केन्द्र सञ्चालनमा रहेका छन् । ग्रामीण स्वास्थ्यको पहुँच विस्तार गर्न १५ वटागाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् । पालिकामा ४ वटा वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र, एउटा शहरी स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, १ वटा नगर अस्पताल, ५ वटा डट्स सेन्टर सञ्चालनमा रहेका छन् । स्वास्थ्य संस्थाको आवश्यकताको आधारमा मर्मतसम्भार, शौचालय, आवश्यक फर्निचर, ल्याबका सामग्रीको व्यवस्थापन गरिएको छ । स्वास्थ्य संस्थासम्म नागरिकहरुको स्वास्थ्य उपचारलाई सहज बनाउन बाटो ग्राभेल, खोलाखोल्सीमा कल्भर्ट निर्माण, सडक कालोपत्रे, सडक मर्मतसम्भार गरी स्वास्थ्य संस्थासम्म नागरिकहरुलाई ल्याउन आवश्यक काम गरिएको । | गौरादह नगरपालिकाका ५५ वटा स्वास्थ्य एकाइबाट गाउँघर क्लिनिकदेखि नगर अस्पतालसम्मको सेवा एक घण्टाको दूरीभित्र पुर्याउन आवश्यक भौतिक पूर्वाधारका कार्य भएको देखिन्छ । सिमाना जोडिएको कमल गाउँपालिका र गौरीगन्ज गाउँपालिकाका बासिन्दालाई समेत स्वास्थ्य सेवा दिदै गरेको अवस्था भेटिन्छ । सबै नागरिकलाई १ घण्टाभित्र आधारभूत स्वास्थ्य उपचार सेवाको पहुँचमा ल्याउन सफल रहेको देखिन्छ । |
| ५ बर्ष मुनिका बालबालिकाहरुको शिशु मृत्युदर/ बालमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) प्रतिशत | बालमृत्युदर शुन्य रहेको ।<br>सुनौलो हजार दिन कार्यक्रम संचालन गरिएको ।<br>खोप कार्यक्रम संचालन गरिएको । घरघरमा गई नवशिशु तथा आमाहरुको जाँचकार्य गरिएको । फोलिक एसिड चक्की वितरण गरिएको । | गौरादह नगरपालिकामा सञ्चालित बर्थिङ सेन्टरबाट लाइभ बर्थ ५६ जनाको भएको देखिन्छ ।<br>बि.सी.जि देखी रुबेला दोश्रो सम्मका सबै खोपहरू नियमित रुपमा सञ्चालन गरिएको ।<br>सुनौलो हजार दिन कार्यक्रम संचालन गरिएको ।<br>नव शिशु जाँच कार्य गरिएको ।<br>फोलिक एसिड चक्की वितरण गरिएको ।<br>जन्म पश्चात सुत्केरी आमा तथा नवजात शिशुको (Postnatal Chekup) जाँच पर्ताल कार्य गरिएको ।<br>पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको ।<br>सुरक्षित प्रसूतिका लागि BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला बितरणजस्ता कार्यक्रम संचालन भएको । पूर्व प्रसुती (Postnatal Checkup) जाँच २४५ जनालाई गरिएको । | बढ्दो चेतना र बाबुआमाप्रति आएको जिम्मेवारीका कारण आमाको गर्भअवस्थाको पोषण र बच्चाको पोषणयुक्त अवस्था स्वास्थ्य संस्थाहरुबाट जाँच पड्ताल हुने गरेको देखिन्छ । ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर सन्तोषजनक अवस्थामा रहेको छ । शून्य रेकर्ड नै बनाउन सफल रहेको छ । |

| | | | |
|---|---|---|---|
| खोपमा पहुँच भएको जनसंख्या (एक) बर्ष मुनिका बालबालिकाको आधारमा | बि.सि.जि ६६.३ %, जेइ ८६.९ % , पेन्टा १७९.८९%, एम.आर २ (१२ देखि २३ महिना) ८२% रहेको । बीसीजी | गौरादह नगरपालिकाका २४ वटा खोप केन्द्रमार्फत् नियमित खोप कार्यक्रम सञ्चालन गरिएको छ । जसअन्तर्गत ५९८ जनाले बीसीजी, एमआर टु ७७५ जनाले खोप लगाएका छन् । ड्रप आउट (एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरी खोपाउने कार्य भएको छ । खोप कार्यक्रमको समिक्षा गरिएको । | ड्रप आउट (एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरिएको । खोप कार्यक्रमको समिक्षा गरिएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या /प्रतिशतमा | गौरादह नगरपालिकामा प्रथम भिजिट ३७.३% रहेको चौथो भिजिट भने ३५% रहेको । | गौरादह नगरमा सञ्चालित स्वास्थ्य संस्थाहरुबाट पहिलो जुनसुकै समय ६८४ जना, ३३६ जनाले ४ पटक गर्भजाँच गराएको रेकर्डमा देखिन्छ । त्यसैगरी, २९२ जनाले ८ पटक गर्भजाँच गराएका तथ्यांकले देखाउँछ । १५६ जनालाई फोलिक एसिड वितरण गरिएको । नगर अस्पतालबाट गर्भवती जाँच सेवा उपलब्ध गराइएको । आइरन, क्याल्सियम चक्की वितरण गरिएको । | ४ पटक गर्भवती जाँच गराउनु पर्छ भन्ने सोचाको विकास भएको । मातृ मृत्युदरमा कमि आएको । गर्भजाँच गराउनुपर्छ भन्ने सचेतना बढेको । ४ पटक गर्भजाँच गराउनुपर्छ भन्ने सोच बढेको । सन्तोषजनक अवस्था रहेको । |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका महिलाको संख्या /प्रतिशतमा | गौरादह नगरपालिकाले यसै आर्थिक वर्षको असारदेखि बर्थिङ सेन्टर सञ्चालन गरी १ जनाले सेवा लिएको देखिन्छ । | नगर अस्पताल बर्थिङ सेन्टरबाट दक्ष प्रसूतिकर्मीद्वारा प्रसूति गरिएका महिलाको संख्या ५७ जना रहेको । नगर अस्पताललाई व्यवस्थित गर्दा संस्थागत सुत्केरीको ५ प्रतिशत । ९ जना घरमै सुत्केरी भएको देखिन्छ । एम्बुलेन्सबाट दमक, विराटनगर र धरान लगेर सुत्केरी भएको संख्या २३९ जना । आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धिकार्यक्रम सञ्चालन गरिएको । SBA (जाँच पर्ताल) तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट गौरादह नगरपालिका अन्तरगतका १ वटा बर्थिङ् सेन्टरबाट निरन्तर सेवा प्रवाह गरिएको । आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । | गौरादह नगरपालिकाको बर्थिङ सेन्टरबाट व्यवस्थित कार्य गर्न सफल भएको देखिन्छ । सुरक्षित मातृत्व अन्तर्गत स्थानीय स्तरमा दक्ष प्रसुतीकर्मीबाट सुत्केरी गराउने नभए पनि शहर केन्द्रित अस्पतालहरु नै सुत्केरी गराउने गरेको र गाउँमा सुत्केरी गराउनेको संख्या नरहेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | सामाजिक सचेतना वृद्धि तथा पछिल्लो समय समुदायको जीवनस्तरमा आएको परिवर्तनका कारण यस रोगबाट मृत्यु हुनेको संख्या शून्य रहेको । | प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको । खुल्ला दिसामुक्त नगरपालिका घोषणा जस्ता कार्यक्रम संचालन गरिएको । पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदाय स्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । २ वष मुनिको वालवालिकालाई रोटा खोप संचालन गरिएको । | गौरादह नगरपालिका साथै स्वास्थ्य संस्था र नागरिकहरुको स्वास्थ्य तथा सरसफाई प्रति बढ्दो चेतनाको कारण यस रोगका कारण मृत्यु हुनेको संख्या नभेटीएको । तथा झाडापखाला संक्रमितको संख्यामा समेत कमी आएको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- गौरादह नगरपालिकावासी नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै आधारभूतदेखि विशेषज्ञ सहितको उपचारात्मक सेवा प्रदान गरिएको ।
- सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत गौरादह नगर अस्पतालमा बर्थिङ सेन्टर स्थापना गरी सेवा प्रवाह गर्न सफल रहेको ।

- स्वास्थ्यमा विपन्न परिवारको पहुँच वृद्धि गरी स्वास्थ्य उपचारको आधारभूतदेखि जटिलसम्मको सेवा प्रदान गर्न विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको ।
- पूर्ण खोप सुनिश्चित गरी स्वस्थ समाज निर्माण गर्न खोज र खोपको नीतिअनुरुप ग्रामिण सर्वेक्षण गरी पूर्ण खोप सुनिश्चितताको कार्य गरेको ।
- मातृ तथा शिशु मृत्युदर शून्य बनाउन सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिकसहितको व्यवस्थापन गरेको ।
- ५४ हजारभन्दा बढी नागरिकलाई आवश्यक स्वास्थ्यका परामर्श, उपचार, खोपजस्ता कार्यक्रमबाट सेवा प्रदान गरिएको ।

## सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| शिक्षा क्षेत्र | | | |
|---|---|---|---|
| आधा घण्टाभित्र आधारभूत विद्यालय नपुग्ने बालबालिकाको संख्या | गौरादह नगरापालिकामा सामुदायिक ३२ वटा, संस्थागत विद्यालय २३ वटा र धार्मिक विद्यालय ३ वटा । | गौरादह नगरपालिकाभित्र माध्यमिक १-१२ दुई वटा, १-१० आठ वटा, आधारभूत, १-८ ५ वटा, १-५ सात वटा संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ १-१२ ६ वटा, १-१० ४ वटा, आधारभूत १-८ ३ वटा र १-५ १९ वटा गरी ३२ वटा रहेका छन् । सामुदायिक सिकाइ केन्द्र २ वटा, गुरुकुलसहित धार्मिक विद्यालय ५ वटा सञ्चालनमा रहेका छन् । बाल विकास केन्द्र आवश्यक ठाउँमा विद्यार्थीको चाप हेरी सञ्चालनमा रहेका छन् । विद्यालयसम्म सहजै पुग्नका लागि सडक निर्माण, पुल, कल्भर्ट निर्माणका कार्यलाई वर्षभरी नै निरन्तरता दिएको देखिन्छ । विद्यालय तथा अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएका छन् । केही विद्यालयभित्रका बाल कक्षा तथा विद्यालयका कोठाहरूलाई आकर्षक रुपमा सजावट गरी विद्यार्थीलाई विद्यालयमा जाऔँजाऔँ लाग्ने वातावरण बनाइएको छ । खेल मैदान, कम्पाउण्ड वाल, शैक्षिक सामग्री वितरण गरिएको छ । कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला सञ्चालनमा आएको छ । | गौरादह नगरपालिकाभित्रका कोही पनि बालबालिका भौतिक दूरीकै कारण आधा घण्टाभित्र विद्यालयमा नपुग्ने अवस्था नरहेको वडाका सर्भेक्षणहरूबाट प्राप्त भएको छ । |
| बाल शिक्षामा खुद भर्नादर | बाल शिक्षामा खुद भर्ना ७७.३ प्रतिशत, कुल भर्ना १०१.५ प्रतिशत, कुल प्रवेश दर ९८.१ प्रतिशत । भर्नादर उल्लेख्य रुपमा वृद्धि हुँदै गएको छ । | गौरादह नगरपालिकाभित्र रहेका बाल विकास केन्द्रहरूमा बाल शिक्षामा भर्ना हुने ९९.३ प्रतिशत अर्थात् ९९८ जना रहेका छन् । बाल कक्षामा विद्यार्थीको आकर्षण बढाउन खेल सामग्री वितरण, घरदैलो कार्यक्रम सञ्चालन गरिएको छ । स.का.हरूलाई तालिम प्रदान गरिएको छ । | गौरादह नगरपालिकाभित्र व्यवस्थित बाल कक्षा सञ्चालन भएका छन् । बाल शिक्षामा बालबालिकाको उमेर समूह अनुसारको सबैको पहुँच बृद्धि हुँदै गएको छ । |

| | | | |
|---|---|---|---|
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत । | आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिकाको संख्या शुन्य रहेको । | गौरादह नगरपालिकाभित्रका ३२ सामुदायिक विद्यालय, २२ संस्थागत विद्यालय, ५ वटा धार्मिक विद्यालयसम्म जान सडक पूर्वाधार, पुल, कल्भर्ट लगायत आवस्यक भौतिक पूर्वाधार निर्माण गरिएको । छात्रबृत्ति, नि:शुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री, दिवा खाजा जस्ता कार्यक्रम सञ्चालन गरिएको । | गौरादह नगरपालिकामा आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिकाको संख्या शुन्य रहेको । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | गौरादह नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा ३४२ छात्रा र ३५० छात्र भर्ना भएको देखिन्छ । संस्थागत विद्यालयमा विद्यार्थीको चाप उच्च रहेको छ । | गौरादह नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा ५१० छात्रा र ४८४ छात्र कक्षा १ मा भर्ना भएको देखिन्छ । संस्थागत विद्यालयमा विद्यार्थीको चाप उच्च रहेको छ । कक्षाकोठा सुधार, खानेपानीको व्यवस्था, दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको । छात्रबृत्ति प्रदान गरिरएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री नि:शुल्क वितरण गरिएको । घरघरमा विद्यालय भर्ना अभियान चलाइएको । | गौरादह नगरपालिकामा विद्यालय जाने उमेर समुहका कुनै पनि बालबालिका विद्यालय बाहिर रहेका छैनन् । |
| आधारभूत तहमा कक्षा छोड्ने दर<br><br>कक्षा दोहोऱ्याउने दर<br><br>कक्षा उत्तीर्ण हुने दर | कक्षा १ देखि ५ मा कक्षा उत्तीर्ण दर ९४ प्रतिशत, कक्षा दोहोर्याउने दर ६ प्रतिशत र कक्षा छोड्नेको संख्या १९३ जना ।<br>विपन्न बस्ती र पिछडिएको समुदायका केही बालबालिकाले कक्षा छोडेको देखिन्छ । | गौरादह नगरपालिकालको कक्षा १ देखि ५ सम्मको उत्तीर्ण दर ९४.०३ प्रतिशत रहेको छ । कक्षा टिकाउ दर ९३.७९ प्रतिशत रहेको छ । कक्षा ६ देखि ८ सम्म ९१.३ प्रतिशत र टिकाउ दर ९५.६६ प्रतिशत रहेको छ । बालबालिकाको मनोविज्ञान र भौतिक व्यवस्थापनका लागि विद्यालयको भौतिक पूर्वाधार सुधार गरेको, कक्षाकोठा सुधार, खानेपानीको व्यवस्था, दिवा खाजाको व्यवस्था गरिएको । छात्रवृत्ति प्रदान गरिएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री नि:शुल्क वितरण गरिएको । घरघरमा विद्यालय भर्ना अभियान विद्यालयबाट टोलबस्तीमा बालवालिकाको खोजी कार्य गरिएको । अभिभावकसँग विभिन्न चरणमा भेटघाटका कार्यक्रम गरिएको ।<br>शिक्षकहरूको मनोबल वृद्धि गर्न विभिन्न तालिम सञ्चालन गरिएको । शिक्षकहरूलाई अवलोकन भ्रमणका कार्य गरिएको । नियमित वृद्धि अनुगमन गरिएको । | सरकारले ल्याएको व्यवस्थित डाटा प्रणालीबाट गौरादह नगरपालिकाको शिक्षा शाखामा पनि सुधार आएको छ । एकै विद्यार्थीले फरक विद्यालयमा दोहोरो भर्ना गर्दा देखिने समस्या समाधान भएको छ । आधारभूत तहको कक्षा ७ र ८ मा विपन्न परिवार अभिभावक चेतनामा कमी, बाहिरै काम गर्दा रमाउने बालबालिकाको स्वभावका कारण केही बालबालिकाले कक्षा छोडेको देखिन्छ । |
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक संख्या | सबै शिक्षकहरूले सेवाकालीन तथा शैक्षिक तालिम प्राप्त गरेको | आधारभूत तथा माध्यमिक तहका २० जना शिक्षकहरुलाई ५ दिने आइसिटी तालिम सञ्चालन । सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुलाई EMIS अद्यावधिक तालिम प्रदान ।<br>कक्षा ५, ८ र १० को पाठ्यक्रम प्रबोधीकरण तालिम ५५ जना शिक्षकलाई दिइएको । कक्षा १-३ मा अध्यापनरत सामुदायिक विद्यालयका ३२ जना शिक्षकलाई एकीकृत पाठ्यक्रम तालिम सञ्चालन गरिएको । कक्षा ८ मा | गौरादह नगरपालिकाका आधारभूत तहका सबै शिक्षकले आवश्यक तालिम प्राप्त गरेका छन् । |

| | | | |
|---|---|---|---|
| | | अध्यापनरत विषय शिक्षकहरुलाई पाँच दिने प्रश्नपत्र निर्माण कार्यशाला ६० जनाका लागि सञ्चालन गरिएको । गौरादह नगरपालिकाको संस्थागत विद्यालयका शिक्षकले लिएको तालिमको कुनै रेकर्ड नरहेको पाइन्छ । सामुदायिक विद्यालयमा सबै शिक्षकहरूले सेवाकालीन तथा शैक्षिक तालिम प्राप्त गरेको आवश्यक प्रविधिजन्य तालिमहरू पालिकाले सञ्चालन गर्दै आएको । | |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या । | काही बढी र काहि कम भएको | गौरादह नगरपालिकाभित्रका पुराना र साना कक्षा कोठाहरूलाई व्यवस्थित गरी पढ्ने वातावरण सहज होस् भन्ने उद्देश्यले नयाँ तथा व्यवस्थित भवन निर्माणलाई प्राथमिकतामा राखिएको छ । केही विद्यालयहरूमा विद्यार्थी चाप वृद्धि भई कक्षा सञ्चालनमा समस्या भएकाले दुई, तीन समूह गरी सेक्सन विभाजन गरी पठनपाठन भएको केही विद्यालयहरूमा सूचकभन्दा बढी विद्यार्थी रहेकोले आवश्यक पूर्वाधार व्यवस्थापन गरिएको । केही विद्यालयमा विद्यार्थी संख्या कम भएकोले विद्यालय मर्ज गर्ने सम्ममा नीतिमा काम भएको । | कहीं बढी र कहीं कम भएको । आवश्यक व्यवस्थापनको काम भईरहेको । |
| स्थानीय तहबाट सहयोग भएका विद्यालय संख्या | आवस्यकताका आधारमा सबै विद्यालयमा सहयोग भएको । | गौरादह नगरपालिकाबाट ३२ वटा सामुदायिक विद्यालयमा आवस्यकताका आधारमा शौचालय, खेलमैदान, आवश्यक भवन पूर्वाधार निर्माण, विद्यालय मर्मत, बाल कक्षा व्यवस्थापन, खानेपानी जडान, कक्षाकोठा रङ्रोगन, आईसीटी ल्याब, विज्ञान प्रयोगशाला निर्माणलगायतका काम आवश्यक सबै विद्यालयमा सहयोग भएको । | आवश्यकताका आधारमा सबै विद्यालयमा सहयोग भएको । |
| दलित बालबालिकाको शिक्षामा पहुँच । | दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको, पाठ्यपुस्तक, शैक्षिक सामग्री निःशुल्क वितरण गरिएको । | गौरादह नगरपालिकाका दलित बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्न ४४६ जनालाई छात्रवृत्ति प्रदान गरिएको । शैक्षिक सुधारका लागि दलित वालवालिकाको शिक्षामा पहुँच बृद्धि गर्न छात्रवृत्ति प्रदान गरिएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री निःशुल्क वितरण गरिएको । | गौरादह नगरपालिकाभित्र दलित बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको देखिन्छ । |
| **खानेपानी तथा सरसफाइ** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | स्वच्छ पानी पुर्याउनका लागि बृहत् रुपमा काम भइरहेको । | गौरादह नगरपालिकामा शुद्ध खानेपानीका लागि ९ वटा ओभरहेड ट्यांकी निर्माण भई पानी वितरण भइरहेको, वडा नम्बर ९ र ६ को केही भाग बाहेक अधिकांश ठाउँमा खानेपानीको धारा बिस्तार भएको । | गौरादह नगरपालिकामा स्वच्छ पानीका लागि निरन्तर प्रयास भइरहेको छ । राज्यले खानेपानीको बिस्तार व्यापक गरे पनि धारा जडानमा स्थानीयको चासो भने कम देखिन्छ । |

| | | | |
|---|---|---|---|
| शौचालय भएको संख्या वा प्रतिशत | कुल परिवार संख्यामध्ये छुट्टिएर जाने र दुई परिवार एकै घरमा रहने हुँदा दोहोरो शौचालय प्रयोग देखिन्छ। | गौरादह नगरपालिकाका सबै घरपरिवारमा शौचालयको पहुँच सुनिश्चित भएको छ । शौचालय नभएकै कारण बाहिर शौच गर्नुपर्ने अवस्था नरहेको र खुला दिसामुक्त पालिका घोषणा भइसकेको छ। एक प्रतिशतभन्दा कम परिवारमा दोहोरो शौचालय प्रयोग भएको देखिन्छ । विपन्न परिवारलाई शौचालय, सार्वजनिक शौचालय माग भई आए निरन्तर लगानी भएको देखिन्छ। | गौरादह नगरपालिकाका सबै नागरिकहरू शौचालयमै शौच गर्ने गरेको देखिन्छ। |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय संख्या | सबै विद्यालयमा पिउने पानीको बन्दोबस्त भएको छ। | गौरादह नगरपालिकाका केही विद्यालयहरूमा युरोगार्ड सहितको खानेपानीको व्यवस्थापन गरेको छ।<br>अभिभावक सहयोग र दाताका साथै आफ्नो खर्च गरेर खानेपानीको व्यवस्थापन गरिएको। केही ठाउँमा पानीको लेयर सुकेको हुनाले ट्यांकीको पानी पाइपलाइनमार्फत् विद्यालयमा बिस्तार हुने कार्य भइरहेको छ। विद्यालयलाई चाहिने आवश्यक पानीका लागि वडा कार्यालय तथा पालिकाबाट पानीका लागि आवश्यक प्रबन्ध गर्ने कार्य भइरहेको। विद्यार्थीको चाप र पुराना सामग्री बिग्रने कारणले केही समस्या हुनेबाहेक पानीकै कारण विद्यालय समस्यामा नरहेको अवस्था देखिन्छ। | गौरादह नगरपालिकामा रहेका ३२ वटा सामुदायिक विद्यालयमा आधारभूत पानीको पहुँच सुनिश्चित भएको छ । शुद्ध पानीको लागि द्रुत गतिमा कार्य भइरहेको छ । केही विद्यालयमा धारा जडानको कार्य बाँकी छ। |
| शौचालय भएको विद्यालय संख्या/ | ३२ सामुदायिक विद्यालयमा शौचालय रहेका । विभिन्न विद्यालयमा मर्मत सम्भार, नयाँ निर्माणका कार्यहरू भइरहेका। | गौरादह नगरपालिका भित्रका ३२ सामुदायिक विद्यालयमा आधारभूत शौचालय रहेका छन् । केही विद्यालयमा लैङ्गिकमैत्री सुविधासम्पन्न शौचालय निर्माण भइरहेको छ र केही विद्यालयमा नयाँ शौचालय निर्माणको चरणमा रहेका छन् । केही विद्यालयका शौचालयको मर्मतसम्भार कार्य भएको छ। | सबै विद्यालयमा शौचालय निर्माण भएका। |
| सुधारिएको चुलो भएको परिवार संख्या | सुधारिएको चुलो अन्तर्गत केहीले ग्यास चुलो, केही परिवारले बायोग्यास र केही परिवारले गुइँठाको प्रयोग गरेको देखिन्छ। | गौरादह नगरपालिकामा कुल परिवार संख्या मध्ये केहीले सुधारिएको चुलो अन्तर्गत ग्यास चुलो, केही परिवारले काठ/दाउरा, केही परिवारले बिजुली तथा केही परिवारले गुईंठा र अन्य वैकल्पिक स्रोत प्रयोग गरिरहेका छन्। | गौरादह नगरपालिकामा धेरैजसो परिवारले सुधारिएको चुलोको प्रयोग गरेका छन्। |
| **महिला, बालबालिका तथा समावेशी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम विभिन्न विद्यालयमा सञ्चालन गरिएको।<br>बाल विवाह विरुद्धको सचेतनामूलक अभियान सञ्चालन गरिएको। | बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम विभिन्न विद्यालयमा सञ्चालन गरिएको।<br>बाल विवाह विरुद्धको सचेतनामूलक अभियान सञ्चालन गरिएको।<br>कक्षा ९ र १० का छात्रछात्रालाई बाल विवाह र लागू पदार्थ दुर्व्यसनविरुद्धको कार्यक्रम सञ्चालन । नगर प्रोफाइल निर्माण । | ग्रामीण क्षेत्रमा रहेको पालिका भएकाले बाल बिबाहको अवस्था केही मात्रामा भए पनि चेतनाका कारण क्रमशः घट्दै गएको छ। |

| | | | |
|---|---|---|---|
| | बालश्रम न्यूनिकरण, बालविवाह, लागू पदार्थ दुर्व्यसनीबाट बच्ने उपाय सिकाइएको । | वक्तृत्वकला प्रतियोगिता सञ्चालन । बालबालिकाहरूलाई विद्यालयमा बाल क्लबलाई सक्रिय गराई बालश्रम न्यूनिकरण, बालविवाह, लागू पदार्थ दुर्व्यसनीबाट बच्ने उपाय छात्रछात्रालाई सचेतनामूलक कार्यक्रम संचालन गरिएको । नगर बाल प्रोफाइल निर्माण । | |
| सामाजिक बिकृति र बिसंगती | सचेतना मूलक कार्यक्रम सञ्चालन गरिएको । न्यायिक समिति मार्फत सामाजिक बिकृतीबाट हुने घटनाको मेलमिलाप मार्फत कार्य सम्पादन हुने गरेको । | गौरादह नगरपालिका स्तरीय वडा तथा समुदायस्तरमा सामाजिक विकृति, विसंगति विरुद्ध लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालन गरिएको । किशोरीहरुलाई आत्मरक्षाको उपायसम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको । घरेलु हिंसाका घटनाहरु न्यूनीकरण गर्न स्वरोजगार, स्वावलम्बी कार्यक्रमहरु सीपमूलक तालीम, विभिन्न गोष्ठी, दिवसजस्ता कार्यक्रममा महिला, पिछडिएको क्षेत्र र दलितहरुलाई सहभागी गराइएको । न्यायिक समिति मार्फत सामाजिक बिकृतीबाट हुने घटनाको मेलमिलाप मार्फत कार्य सम्पादन हुने गरेको । सबै वडामा मेलमिलापकर्ता उत्पादन गरिएको । न्यायिक समितिमार्फत् आएका हेर्न मिल्ने प्रकृतिका घटनाहरुलाई मेलमिलाप गरी पठाइएको । | सामाजिक बिकृति र बिसंगतिका विरुद्धमा विविध कार्यक्रम मार्फत चेतनास्तरमा सुधार आएको । |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | गौरादह नगरपालिकाले ज्येष्ठ नागरिक, एकल महिला, सामाजिक सुरक्षा कार्यक्रमले सबैलाइ समेटेको । | अपाङ्गता परिचयपत्र वितरण गरिएको । अपाङ्गता सहायक सामग्री वितरण । एकल महिला तथा ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार, पोषण, सम्मानका कार्यक्रम गरिएको । सामाजिक सुरक्षा कार्यक्रममा समेटिएको । अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम । लैससास परीक्षण तथा लैससास नीति निर्माण सम्पन्न । | सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, पिछडिएको क्षेत्रका सामाजिक सुरक्षाको मापदण्ड पुगेकालाई सामाजिक सुरक्षामा समेटिएको । |
| **जनचेतना तथा गरिबि निवारण** | | | |
| बालश्रमको अवस्था | विद्यालयस्तरीय बाल क्लब, वडा बाल सञ्जाल र पछिल्लो समय आएको चेतनाका कारण श्रममै लगाउने उद्देश्यले बालबालिकालाई प्रयोग गरिएको पाइँदैन । | विद्यालयस्तरीय बाल क्लब, समुदायमा आएको चेतना, वडास्तरीय बाल सञ्जाल र पालिकास्तरीय बाल सञ्जाल, बाल दिवस, मिलिजुली स्मूह गठनजस्ता कार्यक्रमहरु वडा तथा पालिकाहरुले गरेको देखिन्छ । बालश्रमको अवस्था बुझ्नका लागि स्वस्थ्यकर्मी निर्वाचित जनप्रतिनिधि सदैव सक्रिय रहेको देखिन्छ । | गौरादह नगरपालिकामा बालश्रमको अवस्थाको तथ्यांक भेटिएन । |
| बाल क्लवहरूको अवस्था | महिला तथा बालबालिका शाखामार्फत् विद्यालयमा बाल क्लब गठन, वडामा बाल सञ्जाल गठन गर्ने कार्य भएको | गौरादह नगरपालिकाका विद्यालयमा बाल क्लवहरू गठन गरिएको । वडा स्तरीय वाल सञ्जाल रहेको । बाल क्लव गठन सम्वन्धि कार्यक्रम निर्माण भई समावेशी बाल क्लव गठन गरिएको । वाल क्लव सक्रिय रहनाले वाल विवाह, दाइजो | वाल क्लवहरूको सक्रियताका कारण वाल विवाह, यौन हिँसा जस्ता घटनामा कमि आएको । सबै विद्यालयका बाल क्लवहरू सक्रिय रहेका । |

| | | | |
|---|---|---|---|
| | । | प्रथामा केही कमि आएको देखिन्छ । | |
| महिला हिंसा | महिला हिँसाका घटना न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दिवस तथा गोष्ठीहरु निरन्तर रुपमा भइरहेको । | गौरादह नगरपालिकामा महिला हिंसा न्यूनीकरण गर्न वडास्तरमा मेलमिलाप तालिम कार्यक्रमहरुमा महिलाको सहभागितालाई प्राथमिकता दिइएको छ । नेतृत्व तथा व्यक्तित्व विकास तालिम जस्ता कार्यक्रमहरूको माध्यमबाट महिलाहरू लाभान्वित भएका । राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम सञ्चालन । | वडा स्तरिय मेलमिलाप समिति, नगर स्तरीय न्यायिक समिति मार्फत सामाजिक बिकृतीबाट हुने घटनाको मेलमिलाप मार्फत कार्य सम्पादन हुने गरेको । महिला हिंसा न्युनिकरण हुँदै गइरहेको । |
| रोजगारीको अवस्था | विभिन्न आयोजनाहरूमा विश्व बैंकको सहयोग र नेपाल सरकारको तर्फ बाट रोजगारी प्रदान गरिएको । | गौरादह नगरपालिकाले बेरोजगारहरुलाई सूचीकृत गर्ने कार्य गरेको । सूचीकृत बेरोजगारहरुमध्येबाट १९ वटा आयोजनाहरुमा काममा लगाइएको । ६० जनाले छोटो समय ६१ दिनको रोजगारीको अवसर पाएका । कृषि यन्त्रमा अनुदान, घाँसका बीउमा अनुदान, आधुनिक खेती प्रणालीमा आवश्यक प्राविधिक सहयोग । बेमौसमी तरकारी बाली उत्पादनका लागि तालिम दिई २९ जनालाई रोजागारीको प्रयास गरिएको । मौरीपालन कृषक समूहलाई आवश्यक सहयोग प्रदान । | बेरोजगार सूचिकरण गर्न सफल भएको । अल्पकालिन रोजगारी दिन सफल रहेको । साना तथा टुक्रे आयोजना निर्माणमा सहजता भएको । आफ्नै क्षेत्रका जनशक्तिको उपयोग भएको । आयोजना आफ्नो हो भन्ने सोचको विकास भएको । |
| स्वरोजगारका प्रयासहरू | स्वरोजगारका प्रयासअन्तर्गत पालिकाले निरन्तर रुपमा काम गरेको देखिन्छ । कृषि सामग्री वितरण, सीपमूलक तालिम प्रदान गरेको देखिन्छ । | सूचीकृत बेरोजगारलाई विभिन्न आयोजनाहरूमा ६१ दिन ६० जनालाई विभिन्न आयोजानमा । ढाका बुन्ने तालिम मार्फत् ८ जना व्यवसायी बनेका । क्रमशः सो तालिम सञ्चालन हुँदै आएको । ब्याग बनाउने तालिम सञ्चालन भई ९ जना लाभान्वित भएका । स्थानीय उत्पादन मकैको खोस्टाबाट सजावटका सामग्री बनाउने तालिम दिई २४ जनालाई स्वरोजगार बनाइएको । एसी, फ्रिज, मोटर, पंखा बनाउने तालिम ३९० घण्टाको सिटीइभीटीको तालिममार्फत् व६० जना स्वरोजगार भएका । लाहा खेती प्रवर्द्धनका लागि ३० जनालाई आवश्यक तालिम प्रदान गरिएको । उद्यम विकासका लागि ७ दिने मार्केटिङ तालिम । ५० दिने लोक सेवा तयारी कक्षामा २७० जना लाभान्वित भएका । | गौरादह नगरपालिकाले स्वरोजगारका प्रयासअन्तर्गत प्रशस्त काम भएको देखिन्छ । |
| गरिवी निवारणका प्रयासहरू | स्थानीय तहले विभिन्न सीपमूलक तालिम, कृषिका प्रविधि, उन्नत बीउ, नश्ल सुधार कार्यक्रममार्फत् गरिबीको रेखामुनि रहेका नागरिकहरुको जीवन | ब्याग बनाउने तालिम सञ्चालन भई ९ जना लाभान्वित भएका । लाहा खेती प्रवर्द्धनका लागि ३० जनालाई आवश्यक तालिम प्रदान गरिएको । उद्यम विकासका लागि ७ दिने मार्केटिङ तालिम । ५० दिने लोक सेवा तयारी कक्षामा २७० जना लाभान्वित भएका । | लगानीको तुलनामा लक्ष्य प्राप्ति न्यून अवस्थामा रहे पनि गरिबी निवारणका लागि आवश्यक कार्यहरु भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | स्तर उकास्ने कार्य गरिरहेको । | स्थानीय उत्पादन मकैको खोस्टाबाट सजावटका सामग्री बनाउने तालिम दिई २४ जनालाई स्वरोजगार बनाइएको । एसी, फ्रिज, मोटर, पंखा बनाउने तालिम ३९० घण्टाको सिटीइभीटीको तालिममार्फत् ६० जना स्वरोजगार भएका । सूचीकृत बेरोजगारलाई विभिन्न आयोजनाहरूमा ६१ दिन ६० जनालाई विभिन्न आयोजानमा । ढाका बुन्ने तालिम मार्फत् ८ जना व्यवसायी बनेका । क्रमशः सो तालिम सञ्चालन हुँदै आएको । | |
| सामाजिक परिचालन | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममार्फत् समुदायमा आधारित पुनर्स्थापन सहजकर्ताहरु ग्रामीण क्षेत्रमा कार्य गरिरहेको । | प्रदेश सरकार, स्थानीय सरकार, करुणा फाउण्डेसनको त्रिपक्षीय साझेदारीमा अपाङ्गता रोकथामका लागि गर्भजाँच हुँदै खोप र पोषण रोजगारी र बचतसँग जोडिएका कार्य समुदायस्तरमा गर्नका लागि सहजकर्ताहरु समुदायस्तरमा परिचालन भएका देखिन्छन् । | महिला शसक्तीकरण अपाङ्गता सम्वन्धी कार्यक्रम, जेष्ठ नागरिक सामाजिक सुरक्षामा पहुँच सुनिश्चित भएको, आदिवासी जनजाति, दलित लाभान्वित भएका । यस्ता कार्यक्रमबाट उनीहरूको जीवन स्तरमा परिवर्तन आएको । सेवामा सहज पहुँच बृद्धि भएको |
| वातावरण सुधारका प्रयासहरू | ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनका कार्यहरु भएको देखिन्छ । | फोहोरमैला संकलन तथा व्यवस्थापनका कार्य प्रारम्भ भएको । ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनका कार्यहरु भएको देखिन्छ । | वातावरण सुधारका कार्यमा सक्रिय देखिन्छ । |
| एच.आइ.भि र एड्स | चेकजाँचको लागि स्वास्थ्य संस्थामा आउने जति | गर्भवती तथा सुत्केरी महिलाहलाई PMTCT कार्यक्रम संचालन गरिएको । क्षयरोगका विरामीहरूका समेत परिक्षण गर्ने गरिएको CVHIV.CO इन्फेक्सन टेस्ट गरिएको । | चेक जाँचको लागि स्वास्थ्य संस्थामा आउने जतिको परीक्षण गरिएको । |
| **विकासमा समान सहभागिता सेवाहमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | ग्रामीण कृषि बजार, चोकहरुमा साना तरकारी बजार, दमक र बिर्तामोडका ठूला बजारहरु पालिकाको पहुँचमा रहेका । | गौरादह नगरपालिकामा ग्रामिण सडक विस्तारका कार्य भएका छन् । कृषि बजारका लागि भौतिक पूर्वाधारका कार्य प्रारम्भ भएको । सडक स्तरोन्नती कार्य भएको र ग्रामिण भेगमा जनतालाई सडक सञ्जालको माध्यमबाट स्थानिय बजारको पहुँच बृद्धिमा विषेश कार्य भएको । | किसानले उत्पादन गरेको कृषि उपज र कृषि प्राविधिकहरुसँग आधा घण्टाको दूरीमा सेवा दिन र लिन सकिने अवस्था रहेको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | नगरपालिकामा शाखा स्थापना भई कृषि प्राविधिकले कृषकको घरदैलोमा सेवा दिने कार्य भएको । | स्थानीय तहमा कृषि शाखा स्थापना भई कृषि प्राविधिकहरुबाट किसानहरुको घरघरमै आवश्यकताका आधारमा कृषि सेवा, प्राविधिक सेवा, माटो सम्वन्धी, विऊ, रोग किरा सम्वन्धी परामर्श दिइने नीति अनुसार कार्य भएको । | किसानहरुले ३० मिनेटको दूरीमा सेवा लिने, वस्तु बिक्री गर्ने अवस्थाको पहुँच सुनिश्चित भएको । |

| | | | |
|---|---|---|---|
| भौगोलिक क्षेत्र, महिला, पिछडीएका तथा सीमान्तकृत वर्गाको संख्या, निजहरूले पाएको सेवा तथा अवसर | तराई भूभागका भित्री बस्तीहरुमा समेत पिछडिएको क्षेत्रका टोल बस्तीमा साना, मझौला भौतिक पूर्वाधार, सीप, यान्त्रिक वस्तुहरु मागका आधारमा प्रदान गर्दै आएको । | गौरादह नगरपालिकाका महिला, बालबालिका, अपाङ्गता आदिबासी जनजाति, जेष्ठ नागरिक, दलितको क्षेत्रका लागि उनीहरुको आवश्यकता, विद्यालयमा पठनपाठन, स्वास्थ्य स्थिति, रोजगारी र उत्पादन लक्षित वर्ग अन्तर्गतका क्रियाकलाप भइरहेको देखिन्छ । | समग्र क्षेत्र समेटिएको कार्यक्रमहरु आइरहेको देखिन्छ । बजेटको अवस्था र आन्तरिक स्रोतअनुसारका कार्यहरु भइरहेका छन् । |
| **जनशक्ति** | | | |
| जनशक्ति विकासमा भएका प्रयासहरू | गौरादह नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत १, अधिकृत स्तर आठौं ३, अधिकृत स्तर सातौं आवश्यकताका आधारमा यथेष्ट व्यवस्थापन गरेको छ । लोक सेवा आयोगसँग माग गर्दै पूर्ति गर्दै आएको देखिन्छ । केही कर्मचारी करार र ज्यालादारीमा समेत कामकाजमा लगाएको देखिन्छ । स्वास्थ्य अधिकृत, शिक्षा अधिकृत, पशु विकास, इञ्जिनियर, पञ्जिकाधिकारी, शाखा अधिकृत , लेखा अधिकृत, कानुन अधिकृत, अधिकृत छैटौं, सूचना प्रविधि अधिकृत, अ.हे.ब. छैटौं, वातावरण अधिकृत, नायव सुब्बा, एम.आइ.एस. अपरेटर, आइ.टि. सहायक, कम्प्युटर अपरेटर, खरिदार , सव-इन्जिनियर, लेखापाल, असिस्टेन्ट सव-इन्जिनियर, सर्भेक्षक, अमिन, कार्यालय सहयोगी, सवारी चालक, फायरमेन, नगर प्रहरी सहितको जनशक्ति क्रियाशील । | | माग अनुसार लोक सेवा आयोगले पदपूर्ति गर्दै गरेको । |
| नीति तथा कार्यक्रमहरू | पूर्वाधार विकास नीति, सामाजिक विकास नीति, आर्थिक विकास नीति, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सम्बन्धी नीति र कार्यालय सञ्चालन तथा प्रशासनिक नीति | गौरादह नगरपालिकाको आर्थिक विकास नीति, सहकारी विकास नीति, पूर्वाधार विकास नीति, शिक्षा सम्बन्धी नीति, युवा तथा खेलकुद नीति, वातावरण तथा विपद् व्यवस्थापन नीति, (क) वातावरण (ख) फोहोरमैला व्यवस्थापन नीति (ग) विपद व्यवस्थापन नीति ।<br>कृषि विकास नीति, पशुपंक्षी विकास नीति, स्वास्थ्य नीति, महिला, बालबालिका तथा जेष्ठ नागरिक नीति, सुशासन तथा पारदर्शिता सम्बन्धी नीति, (क) सुशासन तथा स्थानीय सेवा व्यवस्थापन (ख) आन्तरिक नियन्त्रण नीति, राजस्व परिचालन नीति, शहरी विकास तथा भवन निर्माण नीति, सञ्चार तथा सूचना प्रविधि नीति, सूचना प्रविधि, सञ्चार नीति, संस्कृति र पर्यटन प्रवर्द्धन नीति, सार्वजनिक निजी साझेदारी र गैह्र सरकारी संस्था सम्बन्धी नीति, बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण नीति, रोजगार नीति र विविध तयार गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको । | नीति अनुसार कार्यक्रम हुँदै गइरहेको । |
| भौतिक अवस्था | १०९ वटा सडक बिस्तर, ३७ वटा पुल, नाला तथा कल्भर्ट | गौरादह नगरपालिकामा नयाँ भवन निर्माणको माग ५४ वटा, अभिलेखीकरण ५० वटा, ३.४५ किलोमिटर सडक कालोपत्रे भएको । कालोपत्रे | आधारभूत स्वास्थ्य सेवामा सहजता आएको । विद्यालयहरूमा शौचालय, |

| | | | |
|---|---|---|---|
| | निर्माण,। भवन तथा मठमन्दिर निर्माण ८६ वटा, खानेपानी ६ वटा र अन्य २३ वटा । | सडक ७ वटा सम्पन्न भएका । झण्डै १० किलोमिटर कालोपत्रे सडक निर्माणाधीन अवस्थामा ।<br>कालोपत्रेका लागि बेस निर्माण १२.८ किलोमिटर सडकमा भएको । सडक ग्राभेल तथा स्तरोन्नति ४३.२९ किलोमिटर क्रमागत भई आएको । सडक नियमित मर्मत ९.८ किलोमिटर भएको । कच्ची सडक २.४८ किलोमिटर, पुल निर्माण एक निर्माणाधीन अवस्थामा रहेको । सडक निर्माण ९२ वटा, कल्भर्ट १९ वटा खानेपानी ६, अन्य २२ आयोजना ।<br>२ वटा झोलुङ्गे पुल, १६ वटा कल्भर्ट निर्माण, ड्रेन निर्माण ४०९ मिटर र रिनेटिङ वाल १२५६ मिटर निर्माण । ह्युम पाइप खरीद १३० वटा । कार्यालय भवन निर्माण तथा मर्मत ११ वटा । सामुदायिक भवन निर्माण १२ वटा, विद्यालय भवन निर्माण तथा मर्मत २० वटा । नियमित चल्दै आएको । खानेपानीको पाइप बिस्तार ४७, ३७९ मिटर, नदी नियन्त्रण १०९० मिटर, रिटर्निङ ब्लक १, शौचालय ३ वटा निर्माण । गरा सुधार कार्यक्रम १६.३ हेक्टरमा भएको । | खेलमैदान, आवस्यक भवन पुरा हुँदा शिक्षामा सहजता आएको । कालोपत्रे, ग्राभेल, नयाँ ट्र्याक, कच्ची मर्मत, पक्की ड्रेन, इन्टरलक, कल्भर्ट, आर.सि.सि. लाइनिङ, तटबन्धन, ढुङ्गा गारो, रोड एजिङ, कच्ची नाला मर्मत, सडक सोलिङको कामबाट यातायातमा सहजता आएको । ठूला भवन निर्माण, शौचालय निर्माण, विपन्न परिवारका लागि शौचालय निर्माण, घेराबारा, अन्य भवन पूर्वाधार मर्मतबाट जनताको शिक्षा, स्वास्थ्य, सामाजिक जिवनयापनमा सहजता आएको । |
| समन्वय र सहकार्यका प्रयासहरू | केन्द्र सरकार, प्रदेश सरकार, छिमेकी पालिका र साझेदार संघसंस्थासँग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । | केन्द्र सरकार, प्रदेश सरकारसँगको सहकार्यमा स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य केन्द्र वडा कार्यलय खोला तटबन्धन खानेपानी ठूला सडक पूर्वाधार पर्यटन जस्ता विषयहरूमा यथेस्ट पहल गरी द्रुत गतिमा काम भइरहेको साथै छिमेकी पालिकाहरूसंग र साझेदार संघसंस्थासंग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । | केन्द्र सरकार, प्रदेश सरकारका छिमेकी पालिका र साझेदार संघसंस्थासंग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । |
| **कृषि शाखा** | | | |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७९।०८० को अवस्था** | **२०८०।०८१ का प्रयासहरू** | **२०८०।०८१ को उपलव्धी** |
| सहकारी खेती साना सिचाई तथा मल विउ ढुवानी । | उत्पादन बृद्धि गर्ने उद्देश्यले उन्नत जातका धानका बिऊ, हिउँदे र वर्षे मकैको बिऊ बितरण भएको ।<br>कृषियन्त्रहरू वितरण गरिएको | गौरादहको सहकारी मार्फत् गहुँको बीउ १३० केजी वितरण । धनको बीउ वितरण १७,४६० किलो १६२ किसान लाभान्वित । किसा सूचीकरण कार्यक्रम १९३४ जना किसान सूचीकृत । मलको ढुवानी गर्ने गरिएको । धानपकेट विकास कार्यक्रमलाइ निरन्तरता दिँदै ६ वटा बोरिङ जडान गर्दा ७ हेक्टर क्षेत्रफलका २० जना किसान लाभान्वित । धानको बीउ १०३५ केजी वितरण गरिएको । युरिया १२९० मेट्रिक टन र डिएपी १०७० मेट्रिक टन र पोटास १८० मेट्रिक टन ढुवानी गरी किसानलाई वितरण गरिएको । मकैको बीउ ८५० केजी वितरण । प्लाष्टिक टनेल वितरण । | गौरादह नगरपालिकाका आम नागरिकको आय-आर्जनमा बृद्धि भएको । स्वरोजगार निर्माण भएको ।<br>सिंचाइको क्षेत्र बृद्धि भएको ।<br>परम्परागत उत्पादन भन्दा बढी उत्पादन भएको ।<br>आधुनिक कृषि फर्ममा रुपान्तरण गरिएको । |

| | | | |
|---|---|---|---|
| नगदे बाली | नीति तथा कार्यक्रममा समेटिएको । | तेलहन बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत ३०० केजी बीउबाट ४००० केजी तोरीको बीउ उत्पादन गरिएको । तोरी खेती प्रवर्द्धनका लागि वडा नम्बर ५ र ७ मा ८० जना किसानलाई तोरीखेतीसम्बन्धी तालिम प्रदान गरिएको । नगदेबालीतर्फ कृषकहरू जागरुक बन्दै गएका । टिस्यु कल्चर प्रविधिबाट उत्पादित केराको बिरुवा १३१३ किसानलाई वितरण गरिएको । व्यावसायिक केराखेती तालिम ३५ जना किसानलाई प्रदान । च्याउखेती प्रवर्द्धन कार्यक्रममा ११९ किसानहरुलाई आवश्यक सामग्री वितरण । | नगदेबाली तर्फ कृषकहरू जागरुक बन्दै गएका । |
| तरकारी तथा बाली विकास कार्यक्रम | तरकारी खेति मार्फत कृषक तथा कृषि समुह लाभान्वित भएका । | तरकारी बालीअन्तर्गत टिस्यु कल्चरबाट आलुको बीउ उत्पादन गरी प्रि बेसिक आलु वितरण गरिएको । ३३ किसानका लागि ५५३४ दाना पूर्व मूल बीउ वितरण गरिएको । बाली विकास अन्तर्गत अनुदानमा गहुँको बीउ १३० केजी र धानको बीउ १७४६० केजी १६२ जना किसानलाई वितरण । धानबाली पकेट कार्यक्रमअन्तर्गत १०५३ केजी धानको बीउ वितरण गरी २५ हेक्टर क्षेत्रफलमा लगाइएको । नगदे बाली विकासमा केराको टिस्यु कल्चर बिरुवा वितरण गरिएको । तोरीको मूल बीउ वितरण गरिएको । प्लास्टिक टनेल वितरण । तरकारीका मिनि कीट तथा साना औजार उपकरण अनुदानअन्तर्गत विषादी छर्ने मेसिन, ड्याङ बनाउने र झार तान्ने मेसिन वितरण गरिएको । पावर स्प्रे वितरण । किसानलाई तालिम प्रदान । तरकारी तथा बाली विकास कार्यक्रम अन्तर्गत जैविक विषादी खरिद तथा वितरण गरिएको । प्रत्येक वडामा हाइब्रिड मकैको बीउ नतिजा प्रदर्शनी गरिएको । ३२५ किसानलाई दुई केजीका दरले रामपुर १६ मकैको बीउ प्रदान गरिएको । चैते धानको बीउ वितरण । करेला, काँक्रो र बोडीको बीउ वितरण ।<br>फलफूल बाली विकासअन्तर्गत उन्नत जातका फलफूलका बिरुवा वितरण । मालदह, आम्रपाली, सुनकागती गरेर २५४५ बिरुवा वितरण । | तरकारी बाली तथा तोरी बाली तर्फ कृषकहरू आकर्षित बन्दै गएका । |
| माटो परीक्षण तथा सेवा सुधार कार्यक्रम | कृषकको माटो परीक्षण गरेको । | १५० जना किसानको माटोको नमूना परीक्षण गरिएको । ८०००० केजी चुन वितरण गरिएको । २०० जना किसान लाभान्वित । माटो सुधारका लागि ढैंचाको बीउ वितरण गरिएको । १०० किसान लाभान्वित । | कृषकहरूको चेतनास्तरमा सुधार भएको । खेतिबालीमा देखिएको नाइट्रोजन, पोटास, प्राङ्गारिक पदार्थमा भएको कमिका बारेमा किसानहरूलाई सुसुचित गर्न सफल भएको । |

| | | | |
|---|---|---|---|
| कृषि प्रसार कार्यक्रम | कृषक तथा कृषि समुहलाई प्राङ्गारीक खेति बारे जानकारी गराउने । | गौरादह नगरपालिकाका व्यवासायिक केरा खेती गर्ने ३५ जना किसानलाई तालिम दिइएको । बेमौसमी तरकारी खेतीका लागि ३५ जनालाई तालिम दिइएको । जागरण कृषक समूहलाई प्रोत्साहनस्वरुप अनुदान दिइएको । समूहमा तरकारी खेती र जैविक विषादी बनाउने तालिम सञ्चालन गरिएको । १०० जना किसानलाई मल बनाउने तालिम दिइएको । रेडियोबाट नगरका गतिविधि कार्यक्रम सञ्चालन गरिएको । | नगदे बाली, तरकारी बाली, व्यवसायिक कृषि उत्पादन, जैविक मल, जैविक विषादीको प्रयोग मार्फत कृषि उत्पादन मानव स्वास्थ्यको हितमा हुन आवस्यक छ भन्ने सोचको विकासको शुरुवात भएको । |
| **स्थानीय तहको पशु सेवा सम्बन्धि** | | | |
| पशु विकास कार्यक्रम | पशु विकास तर्फका कार्यक्रम गरिएको । | गौरादह नगरका किसानले पालेका गाई-भैंसीको नश्ल सुधार गरी उत्पादनमा वृद्धि गर्न वर्षैभरि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिएको । पोखरीलाई मर्मतसम्भार र प्रवर्द्धन गरी ५३ जना किसानलाई ४००००० माछाका भूरा वितरण गरिएको । माछापालन तालिम २० जनालाई, बाखा पालन तालिम २० जनालाई, गाईभैंसी पालन तालिम २० जनालाई र कुखुरा पालन तालिम २० जना किसानलाई दिइएको । लोकल कुखुरा वितरण । लोकल कुखुरका चल्ला ३३३५ वितरण । कृत्रिम गर्भाधान गाई २५९० र भैंसी २९४ तथा बाखा १५ वटामा प्रयोग गरेर उन्नत जातका पशु उत्पादन गर्ने कार्य भएको । | पशु विकास कार्यक्रम मार्फत सञ्चालन गरिएका कार्यक्रमले उत्पादनमा वृद्धि भई ग्रामिण भेगका नागरिकको जीवनस्तरमा परिवर्तनको शुरुवात भएको । |
| पशु स्वास्थ्य कार्यक्रम | माहामारीजन्य रोगहरूको रोकथामका लागि भ्यागुते, चर्चरे, पिपिआर, स्वाइन फ्लु, खोरेत र रानीखेत जस्ता रोगहरूका लागि रोग विरुद्धका खोप, कार्यक्रम सञ्चालन गरिएको । | ल्याब सेवा सञ्चालन । गोबर परीक्षण २६३, दूध परीक्षण २२३, बन्ध्याकरणतर्फ सुँगुर २३ र गोरु ३ । ९५१९० पशुलाई माइनर उपचार तथा सबै खाले प्राथमिक उपचार गरिएको । माइनर सर्जिकल १८५, प्रजननसम्बन्धी सेवा २५८, मत्स्य उपचार ६,७००, मेजर अपरेशन २ पशुलाई गरिएको ।<br>पशु शाखाबाट गाई ४९०, बाछा ३०० र बाछी ३६० तथा गोठमा गई ४३० गाई, ५५ गोरु, २४० बाछा, २२४ बाछीको लम्की स्किन रोगको उपचार गरिएको । पशु स्वास्थ्य उपचार गाइनोक्लोजी सेवा घरघरमा पुगेर प्रदान गरिएको । पशुपंक्षीहरूलाई खोप दिइएको ।<br>पशुमा देखिने माहामारी जन्य रोगहरूको रोकथामका लागि ठूला पशुमा खोरेत रोग विरुद्ध २०००० खोप, बाखामा पिपिआर १५,०००, बंगुरमा स्वाइन फिभर ४०००, एलएसडी खोप ६५०० र रानीखेत विरुद्धको खोप १०००० कुखुरालाई दिइएको । ठूला पशुमा रेविज रोग विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिएको । | किसानहरूका पशुमा देखिने जटिल तथा समान्य रोगहरूको समाधानका लागि पहल भएको । |

| | | | |
|---|---|---|---|
| | | मौसमी रोगहरूको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवश्यक औषधी उपचारको व्यवस्था गरिएको । | |
| पशु आहारा सेवा | उत्पादन बृद्धिका लागि पशु आहारा सेवा कार्यक्रम संचालन गर्ने । | हरियो घाँस बिस्तर कार्यक्रम । मकैचरी घाँसको बीउ ३२०० केजी वितरण । बर्सिम ४० केजी, मकैचरीको बीउ ४५०० केजी वितरण । ३१५ किसान र ३५ कृषिफर्म लाभान्वित । गोठ सुधारअन्तर्गत काउ म्याट वितरण । च्यापकटर १५ वटा वितरण । १४५६ पशुको बीमा गरिएकोमा १०८ को दाबी पेश भएको । व्यावसायिक फर्म दर्ता ६ वटा, अनुदान सिफारिश ६ वटा, परामर्श सेवा १०८ वटा, किसान सेवा कार्ड ३०४ वितरण ।<br>जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भनेजति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखी उन्नत जातका घाँसका बिउहरू, ( जै, बर्सिम) वितरण । वर्षे घाँस टिओसेन्टीको बिउ वितरण गरी दूध तथा मासु उत्पादनमा वृद्धि भएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | गोबर परीक्षण, पशु रोग महामारी नियन्त्रण सम्बन्धीका कार्यक्रम गरिएको । | २१६ सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको । विभिन्न समयमा गोठ सुधार, खोर सुधार र गाउँबस्तीमा अनुगमन गरिएको । पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरू संचालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । मासु बजार निर्माण तथा नियमन गरिएको । नि:शुल्क रेबिज रोगविरुद्धको खोप प्रदान । | किसानहरूमा स्वस्थ पशुबाट बढी उत्पादन हुन्छ भन्ने सोचमा क्रमिक सुधार भएको । पालिकाले आफ्नो नीति कार्यक्रममा वडादेखि नै प्राथमिकताका साथ उठान गरिएको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशुपंक्षी बिमा अन्तरक्रिया गरिएको ।<br>नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>माहामारीजन्य रोगहरू बिरुद्धको प्रचारात्मक कार्यक्रमहरू संचालन गरिएको । | गौरादह नगरपालिकाभित्र कृतिम गर्भाधान कार्यक्रम संचालन गरिएको । नस्ल सुधार कार्यक्रम अन्तर्गत गाई-भैंसीमा महामारीजन्य रोगहरू बिरुद्धको प्रचारात्मक कार्यक्रमहरू संचालन गरिएको ।<br>काउम्याट वितरण, किसान कार्ड वितरण । गोठ सुधार गरिएको । मासु बजार निर्माण गरिएको । पशुपंक्षी बिमा कार्यक्रम संचालन गरिएको ।<br>रेडियो, टेलिभिजन, स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशन गरी पशुपंक्षी सम्बन्धि सचेतनामुलक कार्यक्रमहरू प्रकाशन प्रशारण गरी किसानहरूलाई सुसुचित गराइएको । | व्यावसायिक पशु फर्महरू व्यवस्थित रुपमा संचालनको सुरुवात भएको ।<br>पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निर्माण हुनुका साथै आय आर्जनमा बृद्धि भएको ।<br>व्यवसायिक पशु फर्महरू व्यवस्थित रुपमा संचालनको सुरुवात भएको । |

**अनुसूची-१५ को १**
**दफा ३७ को उपदफा ३**
**गौरादह  नगरपालिका झापाको आर्थिक वर्ष २०८०/०८१ को**
**सामाजिक परीक्षण प्रतिवेदन (बृहत सभामा प्रस्तुत गरिएको)**

## विषयगत शाखा/कार्यालयको नाम : (क) स्वास्थ्य शाखा

**नगरपालिकाको नीति :**
**स्वास्थ्य सेवा**

- संघिय सरकारले सबै पालिकाहरुमा सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने कार्यक्रम अनुसार यस नगरपालिका वडा नं. १ मा जग्गा प्राप्त भई सकेककोले अस्पताल निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- गौरादह नगर अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।
- गौरादह नगरपालिका भरिका विपन्न वर्गका गर्भवती आमाहरुलाई Normal Delivery का लागी नगर असपतालसम्म ल्याईने र Normal delivery हुन सक्ने अवस्था नभए डाक्टरको सिफारिस अनुसार झापाको दमक, विर्तामोड, सुनसरीको धरान र मोरङ्गको विराटनगर सम्म अस्पतालहरुमा सुत्केरी गर्न गराउन लैजान निःशुल्क ऐम्बुलेन्स सेवालाई निरन्तरता दिई Home delivery लाई शुन्यमा झारिनेछ ।
- बढी भन्दा बढी नगरबासीहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्व गर्न सचेतनामुलक तथा प्रोत्सहान हुने कार्यक्रम संचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई एक पटक स्वास्थ्य विमा गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै सेवा अवधी समाप्त भएका र छाडी जाने महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहन रकम सहित विदाई गराईनेछ ।
- गर्भवती महिलालाई बढिमा २ पटक सम्म सुत्केरी हुँदा सम्मका लागी उपलब्ध गराउदै आईएको पोषण खर्च रकम वितरण कार्यक्रमलाई स्वास्थ्य मन्त्रालयले निर्धारण गरेको पोटोकल अनुसार गर्भ जाँच गरेको आमा सुरक्षाकार्ड, बालबालिकाको खोपकार्ड र ३५ दिन भित्रको जन्म दर्ताला आवद्ध गरिनेछ ।
- पूर्ण खोप, पूर्ण पोषण युक्त र पुर्ण संस्थागत सुत्केरी कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गर्ने गराइने छ ।
- खोप केन्द्र र गाउँघर क्लिनिक लाई व्यवस्थित गर्दै लगिने छ ।
- महिला स्वास्थ्य स्वयमसेविका तथा स्वास्थ्यकर्मीहरुको परिचालनवाट नागरिकहरुको स्वास्थ्य अवस्थाको अभिलेख व्यवस्थित गरिने छ ।

- किशोरीहरु र महिलाहरुको संवेदनशिल रोग वारे चेतना, अभिमुखिकरण कार्यक्रम तथा स्वास्थ्य शिविर संचालनको व्यवस्था गरिनेछ।
- क्षयरोग मुक्त नगरपालिकाको घोषणाको लागि क्षयरोगीको सक्रिय खोजपडताल कार्यक्रम सवै वडाहरुमा संचालन गरिनेछ।
- नसर्ने रोगहरु (उच्च रक्तचाप तथा मधुमेह रोग) एमलोडिपाईन ५ एम.जी. तथा मेटफर्मिन ५०० एम.जी.औषधीहरु नगरपालिकाका सवै स्वास्थ्य संस्थाहरु वाट नि:शुल्क वितरण गरिनेछ।साथै सबै स्वास्थ्य संस्थाहरु बाट नेपाल सरकारले तोकेको प्रोटोकल अनुसारको औषधी नि:शुल्क वितरण गरिनेछ।
- नसर्ने रोग नियन्त्रणको लागि आयूर्वेदिक चिकित्सा पद्धती बाट योग चिकित्सा,पंचकर्म लाई प्राथमिकता दिईनेछ।
- नगर अस्पतालवाट आयूर्वेद चिकित्सा सेवा प्रदान गर्ने व्यवसथा मिलाईनेछ।
- गौरादह नगरपालिकालाई पोषण मैत्री नगरपालिका घोषणाको लागि कार्यक्रमहरु संचालन गरिनेछ र यसका लागी स्थानीय बाल मैत्री शासन कार्यक्रम सगँ आवद्घ गरिनेछ।
- नगर अस्पताल बाट दिईने स्वास्थ्य सेवालाई स्तरन्नोती गरि स्त्री रोग र बालरोगको विशेषज्ञ सेवा सेवाको संचालन गर्न पहल गरिनेछ।
- पूर्णखोप यूक्त नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ।
- आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने तथा स्तनपाई आमाहरु लाई दुग्धवर्दक आयूर्वेदिक औषधि वितरण गरिनेछ।
- प्रादेशिक आर्युवेद अस्पताल, लखनपुरको सहयोग तथा साझेदारीमा प्रत्येक वडावाट कम्तिमा ३ जनालाई जडिबुट्टी पहिचान र संरक्षण सम्बन्धी तालिम उपलब्ध गराईनेछ तथा उक्त अस्पताल सगँ समन्वय गरी बैगुनधुरा, आर्युवेद औषधालयवाट विशेषज्ञ सेवा हप्तामा १ पटक उपलब्ध हुने व्यवस्था मिलाईनेछ।
- हाल संचालनमा रहेको आरोग्य केन्द्र संचालनमा निरन्तरता दिईनेछ।
- वडाहरुको स्वास्थ्य सुचकहरु पोषण सेवा, खोप सेवा, समुदायमा आधारित एकिकृत वालरोग व्यवस्थापन सेवाको, नवजात शिशु तथा आमा सुरक्षा कार्यक्रमको प्रगती ९० प्रतिशत पुर्याउनु अति आवश्यक देखीएकोले सो को प्रगतीलाई सम्बन्धित भौगोलिक कार्यक्षेत्रका स्वास्थ्य सेवाको कर्मचारीहरुको कार्यसम्पादन मूल्याङकनसंग आवद्घ गरिनेछ।
- निजी क्षेत्र वाट गौरादह नगरपालिकामा संचालित निजि क्लिनिक, १५वेड सम्मका अस्पताल, प्रयोगशाला, आयूर्वेदिक औषधालय, होमियोपैथिक औषधि पसल, फिजियोथेरापी क्लिनिक, दन्त क्लिनिकहरुलाई गौरादह नगरपालिकाको स्वास्थ्य ऐन तथा नियममावली अनुसार दर्ता गरी संचालन अनुमति प्रदान गरिनेछ।दर्ता नहुने लाई बन्द गर्ने गराईने नीति रहनेछ।
- कुष्ठरोग र हातीपाईले रोग बाट हुने अपाङ्गतालाई न्यूनिकरण गर्न कुष्ठरोगी खोज पड्ताल कार्यक्रम संचालन गरिने तथा हातीपाईले रोग विरुद्धको औषधि खुवाउन कार्यक्रम सञ्चालन गरिनेछ र उक्त कार्यक्रमलाई वडा तथा नगरवाट प्रवाह गर्ने सेवा सुविधा सँग आवद्घ गरिनेछ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धी तालिम तथा अवलोकन भ्रमणलाई निरन्तरता दिईनेछ।

## गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

| सञ्चालित कार्यक्रम / आयोजना | लक्ष्य | क्रियाकलाप/उपलब्धी |
|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य | संस्थागत सुत्केरीमा सुधार ल्याउने । सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्ने मातृ तथा शिशु मृत्युदर शुन्य बनाउने । परिवार नियोजनका अस्थायी साधनको प्रयोगमा वृद्धि गर्ने । | **क्रियाकलाप :** सबै स्वास्थ्य संस्थाबाट गर्भवती जाँच सेवा उपलब्ध गराइएको । डेलिभरीका लागि नि:शुल्क एम्बुलेन्स सेवा दिइएको । संस्थागत सुत्केरी र प्रोटोकल गर्भजाँच कार्यक्रमका लागि भिजिटमा आउने आमाहरुलाई ८०० रुपैयाँ यातायात खर्चबापत दिइएको र सम्पूर्ण जाँच गरिआएका बालबालिकालाई २,००० रुपैयाँ प्रदान गरिएको । आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्द्धक जडीबुटीजन्य औषधी वितरण गरिएको । महिला स्वास्थ्य स्वयम्सेविकालाई ग्रामीण क्षेत्रमा आमा, शिशु र स्सास्थ्य सुरक्षासम्बन्धी अभिमुखीकरण ।<br>सबै स्वास्थ्य संस्थाबाट परिवार नियोजनका अस्थायी साधनहरु नि:शुल्क वितरण गरिएको ।<br>**उपलब्धि :** गौरादह नगरपालिकाको सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत गर्भजाँच सेवा, पोषणसम्बन्धी आर्थिक सहयोगका कारण प्रोटोकल गर्भजाँचमा सुधार भएको । मातृ तथा बाल मृत्युदरको रेकर्ड न्यून रहेको । घरमै प्रसुती गराउनेको संख्यामा कमी आएको । न्यानो झोला वितरण कार्यक्रम प्रभावकारी भएको । खोप लाउने दरमा पनि वृद्धि भएको । |
| स्वाथ्यक्षेत्र सुधार कार्यक्रम | स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने ।<br>भइरहेका स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नति गर्ने ।<br>आधारभूत स्वास्थ्य केन्द्र थप गरि सेवा विस्तार गर्ने ।<br>महामारीजन्य रोगहरुको व्यवस्थापनमा | **क्रियाकलाप :** गौरादह नगरपालिकाका आवश्यक ठाउँहरुमा गाउँघर क्लिनिक, स्वास्थ्य संस्था सुधार, नगर अस्पतालमा ल्याब सेवा, खोप कार्यक्रमको सेवा, अवस्था र ठाउँ अनुसार नागरिकहरुलाई प्रदान गरिएको । नगर अस्पतालबाट विशेषज्ञसहितको सेवामार्फत् नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको । ल्याब सेवा प्रभावकारी रहेको । नागरिक आरोग्य समिति गठन भई वडामा आरोग्य सेवा क्लिनिक समुदायस्तरमा सञ्चालन गरिएको । विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिएको । आयुर्वेद |

| | | |
|---|---|---|
| | अगाडी बढ्ने । | स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको ।<br>पञ्चकर्म थेरापीका कार्यक्रमहरु सञ्चालन भएका ।<br>**उपलब्धि:** गौरादह नगर अस्पतालबाट विशेषज्ञ सेवा, मेडिकल अफिसरबाट सेवा प्रवाह गर्न सकिएको । सबै नागरिकमा आधारभूत स्वास्थ्य उपचारको पहुँच सुनिस्चित देखिन्छ । सबै स्वास्थ्य संस्थाहरु आधारभूत रुपमा राज्यकै भौतिक संरचनाबाट सेवा प्रवाह गर्न सफल देखिन्छ ।<br>नगर अस्पतालमा ल्याब सेवा सञ्चालनमा ।<br>आयुर्वेदबाट दीर्घजीवन र स्वस्थ समाज निर्माण गर्ने कार्यको प्रारम्भ भएको ।<br>एलियोपेथिक औषधीको वैकल्पिक रुपका विधिहरुको खोजी गरिएको । |
| क्षयरोग नियन्त्रण कार्यक्रम | नयाँ क्षयरोगी पत्ता लगाउने, पत्ता लागेका क्षयरोगीहरुलाई उपचारमा ल्याई निदान गर्ने। | **क्रियाकलाप :** नगर अस्पतलको ल्याबबाट खकार जाँच सेवा सञ्चालन गरिएको ।<br>इँटाभट्टालगायतका ठाउँमा क्षयरोगीको खोज पढ्ताल हरेक वर्ष गर्न गरिएको ।<br>म.स्वा.स्व.से.तथा स्वास्थ्यकर्मिद्वारा स्क्रिनिङ कार्यक्रम ।<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको ।<br>समुदायमा जनचेतनामुलक कार्यक्रम ।<br>**उपलब्धि :** क्षयरोगीको मृत्यु हुने दरमा कमी आएको । समुदायको चेतनास्तरमा सुधार आएको । नयाँ रोगीहरु पत्ता लागेका । |
| परिवार कल्याण कार्यक्रम | पोषण कार्यक्रम संचालन गर्ने ।<br>५ वर्ष मुनिका वालवालिकाहरुको वाल रोगको एकिकृत व्यवस्थापन कार्यक्रम | **क्रियाकलाप :** – गौरादह नगरपालिकामा नागरिक आरोग्य केन्द्र स्थापना भई स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिएको ।<br>ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।<br>स्तनपान गराइरहेका आमाहरुसँग कार्यक्रम गरिएको ।<br>विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिएको ।<br>खोप प्राप्त गर्ने उमेर समूहका बच्चाहरुको खोप क्लिनिक सञ्चालन गरी स्वास्थ्य संस्थामा नियमित वृद्धि अनुगमन गरिएको ।<br>गाउँघर क्लिनिक र खोप केन्द्रमा समेत बच्चाहरुको तौल नियमित लिने गरिएको । ६ महिनाभन्दा माथिका बालबालिकालाई बालभिटा खुवाउने कार्य गरिएको । राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गरिएको ।<br>गर्भ जाँच तथा राष्ट्रिय खोप अभियान कार्यक्रम नियमित सञ्चालन गरिएको ।<br>**उपलब्धि :** कुपोषित बच्चाहरुको संख्यामा कमी आएको कुपोषणका कारण हुने शिशु मृत्युदरमा कमि आएको । जन्मान्तरको कारण आमा तथा बच्चाहरुको स्वास्थ्य तथा वृद्धि विकासमा सहायता मिलेको । संस्थागत सुत्केरी बढेको, घरमै सुत्केरी गराउने आमाहरु घटेका, पूर्ण खोप सुनिश्चितता भएको । |
| | | **क्रियाकलाप:** गौरादह नगरपालिकाका ६ महिनामाथिका |

| | | |
|---|---|---|
| एकिकृत बालतथा स्वास्थ्य पोषण कार्यक्रम | कुपोषित बच्चाहरुको खोजी तथा व्यवस्थापन गर्दै कुपोषण रहित पालिका निर्माण गर्ने ।<br>ओ.टि.सि.सेन्टर स्थापना गर्ने । | कम तौल भएका बालबालिकाहरुलाई स्वास्थ्य संस्थाबाट बालभिटा वितरण गरी खुवाउने कार्य भएको । वृद्धि अनुगमन कार्यक्रम प्रत्येक स्वास्थ्य संस्थामा सञ्चालन गरिएको, कुपोषित बच्चाहरुको खोजी गरी उपचार गरिएको । संस्थागत सुत्केरीसँगै पोषण सहयोग कार्यक्रम सञ्चालन गरिएको । ओटीसी सेन्टर स्थापना गरी आवश्यक क्रियाकलाप गरिएको ।<br>**उपलब्धि :** पोषणको कारण हुने मृत्युदरमा कमी आएको भिटामिन ए कार्यक्रम, न्यानो झोला कार्यक्रम र पोषण कार्यक्रममार्फत बालबालिकाको जीवनस्तरमा परिवर्तन आएको ।<br>न्यून तौल भएका बच्चाहरुमा कमी आएको । २ ठाउँमा ओटीसी सेन्टर सञ्चालन गरिएको । |
| अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | जन्मबाट नै हुने अपाङ्गता शुन्य बनाउने ।<br><br>करुणा फाउण्डेसनका कार्यक्रममार्फत् अपाङ्गता न्यूनीकरण गर्ने कार्यको प्रारम्भ गरिएको । | **क्रियाकलाप :** नयाँ अपाङ्गता भएका पत्ता लगाउन स्वास्थ्यकर्मीहरु आवस्यक ठाउँमा घरदैलो गरिएको । गर्भको तयारी गरेर बच्चा जन्माउन आमाबाबु दुवैलाई फोलिक एसिड चक्की वितरण गरिएको ।<br>नियमित गर्भजाँच गरी अपाङ्गता बच्चा नै नजन्माउन विशेष निगरानी गरिएको । नवशिशु जाँच पड्ताल गरिएको । अपाङ्गता भएकाहरुलाई सहायक सामग्री वितरण गरिएको । स्वास्थ्य उपचारमा सहयोग गरिएको<br><br>**उपलब्धि :** अपाङ्गता भएका नवशिशु जाँच पड्तालबाट नभेटिएको । आवश्यकताका आधारमा सहायक सामग्री वितरण गरी अपाङ्गता भएकाहरुको जीवनयापनमा सहजता आएको । सामाजिक सुरक्षा कार्यक्रममार्फत् आर्थिक सहायता प्राप्त भएको । विपन्न तथा अति समस्यामा रहेका अपाङ्गता भएका व्यक्तिलाई राज्यबाट प्रदान गरिएको नि:शुल्क स्वास्थ्य सेवाबाट स्वास्थ्य उपचारमा सहजता आएको । |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम | पालिका स्तरको अस्पताल संचालन गर्ने । | **क्रियाकलाप :** गौरादह नगरपालिकाको नगर अस्पतालको सेवालाई प्रभावकारी सञ्चालन गरिएको । बर्थिङ सेन्टर सञ्चालनमा आएको । सबै वडाहरुमा स्वास्थ्य संस्था स्थापना भई सेवा प्रवाह भइरहेको । सम्पूर्ण खोप, गर्भजाँच, पोषण कार्यक्रमको राष्ट्रिय प्रशारणसँग आफ्नो तथ्यांक व्यवस्थापन भएको । पालिका अस्पतालको भवन निर्माणलाई तीव्रता दिइएको । निर्माण सम्पन्न हुन बाँकी रहेका स्वास्थ्य संस्थाको निर्माण सम्पन्न गरिएको ।<br>**उपलब्धि :** गौरादह पालिका अस्पताल सञ्चालनमा आएको । सबै वडाको आधारभूत तथा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरिएको । ल्याब सेवा प्रभावकारी ढङ्गले सञ्चालनमा आएको । मेडिकल अफिसर तथा विशेषज्ञ सेवा सञ्चालनमा रहेको । |
| | | **क्रियाकलाप :** गौरादह नगरपालिकामा गर्भ जाँच सेवा |

| | | |
|---|---|---|
| राष्ट्रिय, स्वास्थ्य शिक्षा, सूचना तथा संचार कार्यक्रम | स्वास्थ्य सचेतनामा सुधार गर्ने । | प्रभावकारी रहेको । पूर्ण खोप सुनिश्चितताका लागि घरधुरी सर्भेक्षण गरिएको । पूर्ण खोप सुनिश्चितताका लागि खोपमा छुटेका बालबालिकालाई खोप लगाउनुपर्छ भनी स्थानीय मिडियाबाट सूचना प्रकाशन, प्रशारण गरिएको । विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन । प्रत्येक सेवाको सेवा रजिष्टर, Tally sheet, HMIS 9.3, Monthly monitoring prophyle ,DHIS 2, eLMISSysteam, Grop communication बारे नियमित मासिक बैठकमा विस्तृत छलफल गर्ने गरिएको ।<br>**उपलब्धि:** स्वास्थ्य र शिक्षा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन भएका कारण पूर्ण खोप सुनिश्चितता भएको, संस्थागत सुत्केरीमा सुधार आएको, अपाङ्गता रोकथाम कार्यक्रम प्रभावकारी भएको, समयमै स्वास्थ्य उपचारमा जानुपर्छ भन्ने सोचको विकास भएको । |
| उपचारात्मक सेवा कार्यक्रम | सबै स्वास्थ्यचौकी तथा सबै वडाका स्वास्थ्य केन्द्रबाट आभारभूतदेखी ओपिडी सेवा सञ्चालन गर्ने । | **क्रियाकलाप :** गौरादह नगरपालिका तथा आसपासका ५४ हजारभन्दा बढी नयाँ सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरिएको ।<br>पञ्चकर्म उपचार सेवा सञ्चालन गरिएको ।<br>नागरिक आरोग्य सेवा क्लिनिक सञ्चालन गरिएको ।<br>ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।<br>विद्यालय आयुर्वेद तथा योगा शिक्षा कार्यक्रम सञ्चालन गरिएको ।<br>विद्यालय स्वास्थ्य शिक्षा सेवा कार्यक्रममा लगभग १५०० भन्दा बढी विद्यार्थी लाभान्वित ।<br>मेडिकल अफिसरबाट पालिका अस्पतालमा ओ.पि.डि. सेवा सञ्चालन ।<br>- सबै स्वास्थ्य संस्थाहरुमा ओपीडी सेवा सञ्चालन गरिएको ।<br>- औषधीको नियमित व्यवस्था गरिएको ।<br>- आवश्यक उपकरणहरुको समयमै व्यवस्थापन गरिएको<br>**उपलब्धि :** गौरादह नगरपालिकाका नागरिकहरुलाई आधारभूत स्वास्थ्य उपचारात्मक सेवा प्रदान गर्न सफल रहेको । साथै विशेषज्ञ सेवा समेत उपलब्ध गराउन सफल रहेको । |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम संचालन गर्ने । | **क्रियाकलाप:** एक जना स्वास्थ्यकर्मीलाई एसबीए तालिममा पठाइएको । विभिन्न समयका नियमितत तालीम तथा गोष्ठीहरु सञ्चालन भएका । सबै स्वास्थ्य सस्थाका नर्सिङ स्टाफहरुलाइ आवस्यक तालिम प्रदान गरिएको सामुदायिक म.स्वा.स्व.से.हरुलाई यातायात खर्च प्रदान गरिएको । उत्कृष्ट महिला स्वास्थ्य स्वयम्सेविकालाई पुरस्कृत गरिएको ।.<br>**उपलब्धि :** दक्ष स्वास्थ्यकर्मीहरुबाट सबै स्वास्थ्य संस्थाहरुमा नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न सफल रहेको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- गौरादह नगरभित्रका ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रममार्फत् ज्येष्ठ नागरिकहरुको स्वास्थ्यमा आउने जटिलता समाधानका लागि कार्य भएको ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरी १५०० भन्दा बढी विद्यार्थीलाई आयुर्वेद तथा योग शिक्षाको महत्वको बारेमा प्रशिक्षित गरिएको ।
- नागरिक आरोग्य क्लिनिक सञ्चालन गरी जटिल समस्याहरुलाई परामर्शलगायतका विधिमार्फत् न्यूनीकरणका लागि कार्य प्रारम्भ गरिएको ।
- पञ्चकर्म थेरापीमार्फत् सामान्य तथा जटिल समस्यामा रहेका बिरामीका लागि राहत महसुस हुने कार्यक्रम सञ्चालन गरिएको ।
- पालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य उपचारमा घरदैलो उपचार कार्यक्रममार्फत् सेवा प्रदान गर्दै आवश्यक सामग्री वितरण गरिएको ।
- गौरादहवासी नागरिकहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै आधारभूतदेखि विशेषज्ञसहितको उपचारात्मक सेवा प्रदान गरिएको ।
- स्वास्थ्यमा विपन्न परिवारको पहुँच वृद्धि गरी स्वास्थ्य उपचारको आधारभूतदेखि जटिलसम्मको सेवा प्रदान गर्न विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको ।
- पूर्ण खोप सुनिश्चित गरी स्वस्थ समाज निर्माण गर्न खोज र खोपको नीति अनुरुप ग्रामिण सर्वेक्षण गरी पूर्ण खोप सुनिश्चितताको कार्य गरेको ।
- मातृ तथा शिशु मृत्युदर शून्य बनाउन सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक सहितको व्यवस्थापन गरेको ।
- जन्मपश्चात् आमा र बच्चाको विश्लेषण गर्न पीएनसी होम भिजिट कार्यलाई तीव्रता दिइएको ।
- ल्याब सेवा सञ्चालनका लागि आवश्यक सामग्रीको प्रबन्ध गरिएको ।

## सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचकसहित कामको विवरण |
|---|---|
| ५ बर्ष मुनीका बालबालिकाले खोप प्राप्त अवस्था । | २४ वटा खोप केन्द्र मार्फत खोप कार्यकर्ताले नियमित रुपमा खोप प्रदान गरिरहेका । पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि गरिएको घरधुरी सर्भेक्षणमा केही बालबालिका खोप लगाउन छुटेकोमा पत्ता लगाई खोपाउने कार्य भएको । पूर्ण खोप सुनिश्चित पालिका घोषणा भएको । |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या । | गौरादह नगरपालिकामा २४ वटा खोप केन्द्र सञ्चालनमा रहेका छन् । ग्रामीण स्वास्थ्यको पहुँच विस्तार गर्न १५ वटागाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् । पालिकामा ४ वटा वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र, एउटा शहरी स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, १ वटा नगर अस्पताल, ५ वटा डट्स सेन्टर सञ्चालनमा रहेका छन् । स्वास्थ्य |

| | |
|---|---|
| | संस्थाको आवश्यकताको आधारमा मर्मतसम्भार, शौचालय, आवश्यक फर्निचर, ल्याबका सामग्रीको व्यवस्थापन गरिएको छ । स्वास्थ्यसंस्थासम्म नागरिकहरुको स्वास्थ्य उपचारलाई सहज बनाउन बाटो ग्राभेल, खोलाखोल्सीमा कल्भर्ट निर्माण, सडक कालोपत्रे, सडक मर्मतसम्भार गरी स्वास्थ्य संस्थासम्म नागरिकहरुलाई ल्याउन आवश्यक काम गरिएको । |
| खोपमा पहुँच भएको जनसंख्या ( एक वर्ष मुनिका बालबालिकाको आधारमा । | गौरादह नगरपालिकाका २४ वटा खोप केन्द्रमार्फत् नियमित खोप कार्यक्रम सञ्चालन गरिएको छ। जसअन्तर्गत ५९८ जनाले बीसीजी, एमआर टु ७७५ जनाले खोप लगाएका छन्। ड्रप आउट (एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरी खोपाउने कार्य भएको छ। खोप कार्यक्रमको समिक्षा गरिएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या । | गौरादह नगरमा सञ्चालित स्वास्थ्य संस्थाहरुबाट पहिलो जुनसुकै समय ६८४ जना, ३३६ जनाले ४ पटक गर्भजाँच गराएको रेकर्डमा देखिन्छ। त्यसैगरी, २९२ जनाले ८ पटक गर्भजाँच गराएका तथ्यांकले देखाउँछ। १५६ जनालाई फोलिक एसिड वितरण गरिएको। नगर अस्पतालबाट गर्भवती जाँच सेवा उपलव्ध गराइएको । <br> आइरन, क्याल्सियम चक्की वितरण गरिएको । |
| दक्ष प्रसूति कर्मीबाट प्रसूति गरिएका महिलाको संख्या । | नगर अस्पताल बर्थिङ सेन्टरबाट दक्ष प्रसूतिकर्मीद्वारा प्रसूति गरिएका महिलाको संख्या ५७ जना रहेको । नगर अस्पताललाई व्यवस्थित गर्दा संस्थागत सुत्केरीको ५ प्रतिशत । ९ जना घरमै सुत्केरी भएको देखिन्छ । एम्बुलेन्सबाट दमक, विराटनगर र धरान लगेर सुत्केरी भएको संख्या २३९ जना । <br> आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धिकार्यक्रम सञ्चालन गरिएको। SBA ( जाँच पर्ताल) तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट गौरादह नगरपालिका अन्तरगतका १ वटा बर्थिङ् सेन्टरबाट निरन्तर सेवा प्रवाह गरिएको । <br> आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । |
| झाडापखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको । <br> खुल्ला दिसामुक्त नगरपालिका घोषणा जस्ता कार्यक्रम संचालन गरिएको । <br> पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदाय स्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको। २ वष मुनिको वालवालिकालाई रोटा खोप संचालन गरिएको । |

## आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

- ❖ बर्थिङ सेन्टर र नगर अस्पतालको सेवा प्रभावकारी हुँदाहुँदै पनि शहरस्थित महँगा अस्पतालबाट मात्रै सेवा पाइन्छ भन्ने सोचका विकास पर्याप्त हुन नसक्दा शहरकेन्द्रित महँगा अस्पतालमा सेवा लिन नागरिकहरु गइरहेको देखिन्छ ।
- ❖ नगर अस्पताल तथा बर्थिङ सेन्टरमा आउने बिरामीको चाप व्यवस्थापन गर्न केही कठिनाई रहेको ।
- ❖ कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था गर्न कठिनाई रहनु ।
- ❖ भइरहेको सेवाप्रति नै नागरिकको सन्तुष्टि कम हुनु तथा थप विशिष्टिकृत सेवाको चाहना राख्नु ।
- ❖ बाहिरको महँगो उपचार पद्धतिप्रति बढी विश्वास गर्नु ।
- ❖ स्थानीय आधारभूत स्वास्थ्य उपचार सेवा लिन नागरिकहरू कम आउनु ।

## भावी कार्यक्रम अझ प्रभावकारी संचालनको लागि चाल्नुपर्ने कदम र सुझावहरू :

- ❖ निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरी सुत्केरी प्रोत्साहन कार्यक्रम सञ्चालन, सहयोग गर्दागर्दै पनि होम डेलिभरीको समस्या केही देखिएकाले थप जनचेतामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ।
- ❖ नागरिक आरोग्य केन्द्र, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम, पञ्चकर्म विधिद्वारा उपचार कार्यक्रम, विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै नसर्ने रोगहरुको रोकथाम र न्यूनीकरणमा विशेष पहल गर्नुपर्ने देखिन्छ।
- ❖ कार्यक्रम र सरकारले तोकेको आधारभूत सेवा विस्तार भई सूचक अनुसारको पूर्वाधार तथा जनशक्ति व्यवस्थापन भए पनि प्रचारात्मक सेवामार्फत् नागरिकहरूलाई सेवा लिन आउन सक्ने वातावरण मिलाउन आवश्यक देखिन्छ।
- ❖ एकीकृत पोषणका कार्यक्रमहरुमा थप प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ। पालिकावासी नागरिकहरुले दैनिक प्रयोग गर्ने औषधीहरुको आवश्यकता हेरी उनीहरुको सहजताका लागि औषधी खरीद गरी वितरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

## विषयगत शाखा/कार्यालयको नाम : (ख) शिक्षा शाखा

### १. पालिका स्तरीय शिक्षा, युवा तथा खेलकुद नीति :

- मापनयोग्य सूचकका आधारमा विद्यालयको अनुगमन मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेका सबै सामुदायिक विद्यालयहरुका कक्षा कोठाहरुलाई क्रमशः वाल मैत्री र प्रविधि मैत्री बनाईनेछ।
- आधारभूत तहको लागी स्थानीय तहको पाठ्यक्रम निर्माण गरि सबै विद्यालयहरुलाई उपलब्ध गराईसकिएकोछ। एक पटकका लागी पाढ्यसामाग्री छपाई गरी सामुदायीक विद्यालयलाईहरु उपलब्ध गराईनेछ र अर्को शैक्षिक बर्ष देखी पाठ्यपुस्तक अनुदान भित्र आवद्र गरिनेछ।
- संस्थागत विद्यालयहरुले पाढ्यक्रमका आधारमा पाढ्यपुस्तक आफै व्यवस्था गर्नुपर्नेछ।
- विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालय भर्नाका लागी वडा शिक्षा समितिले विद्यालयको क्षेत्राधिकार भित्रका वालवालिकाहरुलाई विद्यालयमा प्रभावकारि भर्ना अभियान संचालन गर्ने गराउँने निति अबलम्बन गरिनेछ।
- बालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्दा जन्म दर्ताका साथै खोप कार्डलाई अनिवार्य गरिनेछ।
- सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधीकारी र शिक्षकका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमै पढाउँन अनिवार्य गर्न गराउँन वडा शिक्षा समितीले आवश्यक व्यवसथा मिलाउँने नीति रहनेछ।
- सामुदायिक विद्यालयहरुको नाममा दर्ता कायम रहेको जग्गाको लिज, भाडा, ठेक्कामा दिएको तथा भवनहरुको आम्दानीलाई समय सापेक्ष पुनर्विचार गरी पुःन मूल्यांकन द्वारा व्यवस्थित गरि विद्यालयको नियमित आम्दानी लाई समयसापेक्ष बनाउँ विद्यालय व्यवस्थापन समिती र वडा शिक्षा समितिलाई जिम्मेवार बनाईनेछ।

- विद्यार्थी संख्याका आधारमा तोकिएको न्यूनतम विद्यार्थी संख्या नभएका विद्यालयलाई नजिकैको विद्यालयमा समायोजन तथा कक्षा घटाउँने र प्रत्येक वर्ष दरवन्दी मिलान कार्यलाई अगाडी बढाईनेछ ।
- सामुदायिक विद्यालयमा रहेको इ-हाजिरीलाई व्यवस्थित गरी सूचना प्रविधि सँग आवद्ध गर्न विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालयका असल अभ्यासहरुको आदान प्रदान गर्न नगरपालिका भित्र मितेरी विद्यालय कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- इ.सि.इ.सि. द्वारा सञ्चालित कार्यक्रमलाई नगरका सबै विद्यालयहरुमा क्रमश बिस्तार गर्दै लगिनेछ ।
- विद्यार्थीको सर्वाङ्गीण विकासका लागि शिक्षण सिकाईमा आधारित भएर अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्दै लगिनेछ ।
- कक्षा ५ र ८ को वार्षिक परीक्षा नगरपालिका द्वारा सञ्चालन गरिनेछ ।
- नगरशिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई शिक्षण सिकाईमा आधारित शिक्षण तालिमलाई आवश्यकता अनुसार क्रमश संचालन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल, बालक्लव र स्काउटलाई परिचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको कक्षा ५, ८ र १० को विषयविज्ञ द्वारा स्तरमापन परीक्षा सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयहरुमा लागूपदार्थ तथा दुर्व्यसनी विरुद्धका अभियानहरु सञ्चालन गरिनेछ ।
- एक विद्यालय एक करेसाबारी कार्यक्रमलाई कृषि प्रसार कार्यक्रम सँग आवद्व गरी विद्यालयहरुको छनौट गरी अगाडी वढाईनेछ ।
- प्राविधीक शिक्षा परिषद् (CTEVT) को पाठ्यक्रम अनुसारको प्रविधिक शिक्षा कक्षा ११ र १२ विद्यालयमा संचालन गर्न सहजीकरण गरिनेछ ।
- शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गौरादह नगरपालिकाको माध्यमिक तह सम्मको शिक्षा ऐन अनुसार प्रदान अद्यापकहरुको छनौट गरी कार्य सम्पादन सम्झौता लागु गरिनेछ ।
- लोपउन्मूख, सिमान्कृत विपन्न वर्गका ए.सी.ई. पास गरेका ११,१२ कक्षा प्राविधिक बिषयमा अध्ययान गर्न चाहाने जेहन्दार विद्यार्थीकालाई सहज अध्यायन गर्न सक्ने अवस्था निर्माण गरीनेछ ।
- आवश्यकता अनुसार शिक्षकहरुले विद्यार्थीहरुलाई यसरी सिकाउने भन्ने विषयमा प्रशिक्षक प्रशिक्षण तालिम दिई प्रशिक्षक उत्पादन गरी तालिमहरु संचालन गरीनेछ ।
- विद्यालयहरुमा योग समिती गठन गरी सोको माध्यमवाट योग शिक्षालाई अतिरिक्त क्रियाकलाप सँग आवद्व गरिनेछ ।
- सबै विद्यालयहरुको बार्षिक कार्यक्रम र कार्य योजना अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र उक्त कार्यक्रम तथा कार्य योजनाको आधारमा विद्यालयको अनुगमन मूल्याङ्कन गर्ने गराउने नीति लिईनेछ ।

- सबै संस्थागत विद्यालयहरु सँग गरीब तथा जेहन्दार विद्यार्थीलाई नि:शूल्क तथा छात्रवृतीमा अध्ययन गर्ने व्यवस्था मिलाउन सहकार्य गरिनेछ ।
- संस्थागत विद्यालयहरुमा भएको विविधतालाई न्यूनिकरण गर्दै विद्यालयले दिने सुविधामा एकरुपता ल्याउन पहल गरिनेछ ।
- मौजुदा पुस्तकालयहरुको स्तर उन्नती गर्दै ई-लाईव्रेरीको रुपमा विकास गर्ने पहल गरिनेछ ।
- गौरादह बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको आङगिक क्याम्पस वनाउने प्रयत्न गरीनेछ ।
- गौरादह बहुमुखी क्यापसमा अध्यायन गर्ने गौरादहमा स्थायी बसोबास गर्ने विपन्न परिवार छोरी बुहारी लाई मासिक शुल्क सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वडा नं. ३ मा रहेको गौरादह उद्योग वाणीज्य संघ सँगको स्वामित्वमा रहेको सामुदायिक भवनलाई २० बर्षको लागी मासिक ५० हजार भाडा तिर्नेगरी लिजमा लिई उक्त भवनलाई कभर्डहलको रुपमा विकासित गरीनेछ ।
- नगरमा हुने र नगरवाट प्रतिनिधित्व गर्ने खेलकुद कार्यक्रम नगर खेलकुद परिषदवाट संचालन हुने व्यवस्था मिलाईनेछ ।
- नगर खेलकुद परिषद्ले खेलाडी उत्पादनका लागी प्रत्येक वडामा खेलकुद कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
- उपयुक्त स्थानमा संघियप्रदेश सरकार सँग सहयोग लिई रगंशाला निर्माणका लागी प्रयास गरीनेछ ।
- एक वडा एक खेल मैदान, रङ्गशाला निर्माणका लागी नि:शुल्क जग्गा प्राप्तीका प्रकृया अगाडि वढाईनेछ ।

## गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण :

| **आयोजनाको नाम** | **लक्ष्य** | **क्रियाकलाप** | **उपलब्धि** |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | राम्रो विद्यालय, राम्रो शिक्षण, राम्रो सिकाइ विद्यालय सुधार योजना अन्तर्गत<br>**बालविकास र शिक्षा**<br>● गौरादह नगरपालिकाभित्रका बाल विकास उमेर समुहका बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा ल्याउनु ।<br>**आधारभूत शिक्षा**<br>● बाल विकास केन्द्रबाट आएका बालबालिकालाई | **बालविकास र शिक्षा**<br>● बाल कक्षा व्यवस्थापनका लागि कार्यक्रमअन्तर्गत अमर मावि, जनज्योति मावि, भद्रकाली मावि, मोती मावि, सूर्योदय आवि, गौरी आवि, कञ्चनजंघा आवि, जनता आवि, स्कुलचौन मावि, प्रगति मावि, सिद्धिदाता आवि, सहीद आवि, लावण्य इन्टरनेसनलसँग श्री स्टार सेन्टरको आपसी साझेदारीमा कार्यक्रम गरिएको ।<br>● विद्यालय, प्रधानाध्यापक, विद्यालय सुधार योजना कार्यदल, स्थानीय सरकार, | गौरादह नगरपालिकाभित्रका बाल विकास उमेर समूहका सबै बालबालिका सामुदायिक तथा संस्थागत बाल विकास केन्द्रमा ल्याउन सफल रहेको ।<br>आधारभूत तहका विद्यालय उमेर समूहका सबै |

| | | | |
|---|---|---|---|
| | कक्षा १ मा भर्ना गराउनु । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।<br>**माध्यमिक शिक्षा**<br>● निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने ।<br>**उच्च शिक्षा**<br>● सस्थागत क्षमता विकास र गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति दिने<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>● स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास गर्ने ।<br>● प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।<br>**शिक्षक व्यवस्थापन र विकास**<br>● विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिने । | समुदाय र विद्यार्थी एकापसमा नीतिनिर्माण, घरदैलो, नियमित बैठक र गुणस्तरीय खेलसामग्री रमणीय वातावरणसहित गौरादह नगरपालिकाभित्र विद्यालय तथा समुदायस्तरमा बाल विकास केन्द्र सञ्चालन भई बालविकास उमेर समूहका बालबालिकाहरूलाई बाल विकास केन्द्रसम्म ल्याई उनीहरूको उमेर समूहअन्तर्गतका खेलकुद, मनोरञ्जनका लागि चाहिने आवश्यक सामग्री कक्षा कोठा व्यवस्थापन तालिमप्राप्त सहयोगी कार्यकर्तामार्फत् बालबालिकाको बाल मनोविज्ञान बुझी आधारभूत सिकाइको वातावरण बनाइएको ।<br>**आधारभूत शिक्षा**<br>● गौरादह नगरपालिकाभित्र आधारभूत तहका विद्यालयहरू संस्थागत र सामुदायिक र धार्मिक विद्यालयलाई विद्यार्थी आऊँआऊँ लाग्ने कक्षा कोठा निर्माण, खेलमैदान निर्माण, सिकाइका अतिरिक्त विधि र प्रक्रियाको खोजी, बालप्रतिभाको पहिचान खोजी कार्यक्रम सञ्चालन, शैक्षिक सामग्री वितरण, आधारभूत तहका सबै कक्षामा निःशुल्क पाठ्यपुस्तक वितरण र छात्रा तथा दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण । कक्षा १ देखि कक्षा ५ सम्म दिवा खाजा वितरण । खेल सामग्री, अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिएको । स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको ।<br>**माध्यमिक शिक्षा**<br>गौरादह नगरपालिकाभित्रका माध्यमिक तहका विद्यालयमा आवश्यक कक्षा कोठा तथा भवन निर्माण कार्य भइरहेको । आइसीटी ल्याब निर्माण, विज्ञान प्रयोगशाला सञ्चालन, पुस्तकालय सञ्चालन, खेलमैदान निर्माण, हाजिरीजवाफ प्रतियोगितादेखि वादविवाद, | बालबालिका विद्यालयको पहुँचमा ल्याउन सफल रहेको देखिन्छ । स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको । गौरादह नगरपालिकाभित्र रहेका माध्यमिक विद्यालयको शैक्षिक स्तर सुधारात्मक रहेको छ । केही विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन, प्राविधिक धारको शिक्षासमेतको व्यवस्थापन गरिएको छ ।<br><br>उच्च शिक्षाका लागि छात्रवृत्ति कोटामा सिफारिश गरिएको । गौरादहमा रहेको क्याम्पसलाई आवश्यक अनुदानको व्यवस्था गरिएको ।<br><br>आधारभूत तह कक्षा ८ को परीक्षा प्रणाली व्यवस्थापन गरिएको । विद्यालयमा शैक्षिक क्यालेण्डर प्रकाशन गरी शैक्षिक |

| | | | |
|---|---|---|---|
| | | वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सञ्चालन, लैङ्गिकमैत्री शौचालय निर्माण, छात्राहरूका लागि सेनेटरी प्याडको व्यवस्थापन, शुद्ध पिउने पानीको व्यवस्था, स्वास्थ्य शिविर, पोषण कार्यक्रम, शिक्षामा निःशुल्क पाठ्यपुस्तक वितरण, दलित छात्रवृत्ति वितरणजस्ता कार्यक्रमहरू गरिएको । रेडक्रस तथा स्काउटका गतिविधि सञ्चालन गरिएको । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको ।<br>**उच्च शिक्षा**<br>● उच्च शिक्षामा गौरादह बहुमुखी क्याम्पसमा अध्ययन गर्ने छोरीहरुलाई ५० प्रतिशत र बुहारीका लागि १०० प्रतिशत गरी १८४ जनालाई छात्रवृत्ति दिइएको ।<br>● गौरादह बहुमुखी क्याम्पस सञ्चालन, गौरादह कृषि क्याम्पस सञ्चालन, पूर्वाञ्चल क्याम्प्स र प्रोज्वल क्याम्पस सञ्चालन भई उच्च शिक्षाको पहुँच पुगेको । गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि विशेष अनुदानका कार्यक्रमको व्यवस्था गरिएको ।<br>● क्याम्पस सञ्चालनका लागि विशेष अनुदान वितरण गरिएको ।<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>● बाल कक्षा व्यवस्थापनका लागि कार्यक्रमअन्तर्गत अमर मावि, जनज्योति मावि, भद्रकाली मावि, मोती मावि, सूर्योदय आवि, गौरी आवि, कञ्चनजंघा आवि, जनता आवि, स्कुलचौन मावि, प्रगति मावि, सिद्धिदाता आवि, सहीद आवि, लावण्य इन्टरनेसनलसँग थ्री स्टार सेन्टरको आपसी साझेदारीमा कार्यक्रम गरिएको ।<br>● आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने कार्य भएको ।<br>● विद्यलयमा दुई महिनामा एक पटकका | गतिविधि गरिएको ।<br><br><br>आवश्यकता, अवस्थाअनुसार क्षमता विकास तालिम, सरुवा, बढुवा तथा दरबन्दी मिलानको कार्य भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | | दरले ५ पटक विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरिएको ।<br>● नगर शैक्षिक क्यालेण्डर बुलेटिन निर्माण तथा प्रकाशन ।<br>● विद्यार्थी सिकाइ उपलब्धी मूल्याङ्कन अभिलेखीकरण व्यवस्थापन गरिएको ।<br>● विद्यालयहरूमा विद्यार्थीको सिकाइको अवस्था मूल्यांकन, अनुगमन शिक्षा शाखाबाट नियमित भइरहेको । माध्यमिक तहसम्मको निःशुल्क पाठ्यक्रम समयमा नै विद्यालयसम्म पुर्याउने कार्यमा सहजीकरण भइरहेको ।<br>**शिक्षक व्यवस्थापन र विकासः**<br>● विद्यालयमा विद्यार्थीको संख्या र विषयगत शिक्षकहरूको अवस्था हेरी दरबन्दी मिलान गरेको ।<br>● शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्थापन गरिएको । | |
| शिक्षा गुणस्तर सुधारका प्रयास | **शैक्षिक समता र समावेशीकरण**<br>✓ शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्ने ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>● विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि व्यापारसँग जोड्ने ।<br>● सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था तथा महिला स्वयम् सेवक परिचालन गर्ने ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>✓ विद्यालय पूर्वाधारहरू लाई बालमैत्री, अपङ्गता र लैङ्गिक मैत्री आवश्यक मापदण्ड विकास र | **शैक्षिक समता र समावेशीकरण**<br>● गौरादह नगरपालिकाका विपन्न, दलित बालबालिकाहरूलाई छात्रवृत्ति वितरण ।<br>● १९४० छात्रा, १०२४ सीमान्तकृत र दलित ४६४ गरी कुल ३४२८ जनालाई छात्रवृत्ति वितरण गरिएको ।<br>● अमर माध्यमिक विद्यालयका कक्षा ११ का ५२ जना र कक्षा १२ का ४६ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको ।<br>● शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुर्याउन विद्यार्थी भर्ना अभियान सञ्चालन गरिएको ।<br>● आवस्यक छात्रवृत्ति प्रदान गरिएको ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम** | समावेशी र समतामूलक शिक्षण सिकाइ, भाषाअनुसारको सिकाइप्रति पालिकाको चासो रहेको ।<br><br>दिवा खाजा कार्यक्रममार्फत् विपन्न समुदायका बालबालिकाको समेत शिक्षामा पहुँच वृद्धि भएको । |

| | | | |
|---|---|---|---|
| | कार्यान्वयन ।<br>**शिक्षामा सूचना र प्रविधि**<br>✓ विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने । | • नगरका कक्षा १ देखि ५ सम्मका सबै विद्यालयमा दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषिसँग जोड्दै विद्यालयमा आधारित खाजा प्रणाली लागू गरिएको ।<br>• सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था गरेको । सेनिटरी प्याड वितरण गरिएको तथा महिला स्वयम् सेविका आंशिक परिचालन गरिएको ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>• गौरादह नगरभित्रका विद्यालयहरूमा थप कक्षाकोठा निर्माण, बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री आवश्यक शौचालय निर्माण, आइसीटी ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय निर्माण, खानेपानी, खेलमैदान, कम्पाउण्ड वालजस्ता भौतिक पूर्वाधारका आवश्यक निर्माण कार्य गरिएको ।<br>• **शिक्षामा सूचना र प्रविधि**<br>• IEMIS क्षमता विकास तालिम कार्यक्रम सञ्चालन ।<br>• ICT ल्याब निर्माण, तथा आवश्यक तालिमको प्रबन्ध गरिएको ।<br>• सबै विद्यालयमा इन्टरनेटको सुविधा ।<br>• विज्ञान प्रयोगशाला तथा पुस्तकालय व्यवस्थित गर्ने कार्य भएको । | समय सापेक्ष प्रविधिमा आधारित भौतिक संरचनाको निर्माणको कार्य भएको देखिन्छ ।<br>प्रविधिमा आएको परिवर्तनसँगै सामुदायिक विद्यालयलाई समेत प्रविधिमा आधारित सिकाइका प्रबन्धहरू गरिएको ।<br>कालो बोर्डबाट डिजिटल बोर्डमा प्रवेश गरिसकिएको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

❖ सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता भन्ने नारासहित सरोकारवालासँग सचेतनामूलक घरदैलो कार्यक्रम । एफएम पर्ल्समार्फत् कार्यक्रम सञ्चालन गरी बाल कक्षा, आधारभूत तह, माध्यमिक शिक्षा र उच्च शिक्षामा विद्यार्थीको आवश्यकता, परिवारको अवस्था हेरी स्रोत साधनका आवश्यक प्रबन्ध मिलाई सबै क्षेत्रमा कार्यक्रमले समेटेको ।

- ❖ नगर शिक्षा ऐन २०७९, सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति तथा निजको काम, कर्तव्य अधिकारसम्बन्धी कार्यविधि २०८०, विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०८१, छात्रवृत्ति वितरण कार्यविधि २०८१, संस्थागत विद्यालयले वितरण गर्ने छात्रवृत्ति वितरणसम्बन्धी कार्यविधि २०८१ निर्माण गरी लागू गरिएको ।
- ❖ विद्यालयमा योग तथा आयुर्वेद शिक्षाको प्रारम्भ, उच्च शिक्षामा छोरी र बुहारीको शिक्षामा सुनिश्चितता गरिएको ।
- ❖ स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको ।
- ❖ कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा सञ्चालन गर्न सफल रहेको ।
- ❖ शिक्षण सिकाइ सुधारका लागि साझेदारी कार्यक्रमको प्रारम्भ गरिएको ।
- ❖ विद्यालयको सुपरीवेक्षण, अनुगमन र नियमन गरिएको ।
- ❖ बालकक्षादेखि आधारभूत तहका विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिकाहरु विद्यालयको पहुँचभन्दा टाढा नरहेको देखिन्छ ।
- ❖ अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयप्रति आम अभिभावकको सकारात्मक सोचको विकास गराउने कार्य भएको ।
- ❖ शिक्षालाई सूचना, संचार प्रविधिसंग आवद्ध गर्दै विद्यालयहरूको पूर्वाधारको अवस्था हेरी प्राविधिक शिक्षाको सम्भावना अध्ययन गरि प्राविधिक शिक्षा विकासलाई प्राथमिकतामा राखिनु ।
- ❖ विद्यार्थी कम भएका, एक आपसमा भौतिक रुपमा नजिक रहेका विद्यालयलाई सम्भाव्यता अध्ययनको आधारमा कक्षा घटाउने, एक आपसमा समायोजन गर्दै ठूला विद्यालयको स्थापना र विकासमा जोड दिने नीति लिइएको ।
- ❖ शिक्षालाई आधारभूत तहमा सबैको पहुँचयोग्य बनाउँदै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चित गर्ने गरी कार्य भएको ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- ❖ गौरादह नगरपालिकाले समुदायका सबै वर्गलाई समेट्ने गरी शैक्षिक कार्यक्रम ल्याए पनि समाजका उपल्लो वर्गका बालबालिका सामुदायिक विद्यालयमा ल्याउन नसक्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा खबरदारीको कमीका कारण लगानीअनुसारको प्रतिफलमा कमी देखिन्छ ।
- ❖ सामुदायिक विद्यालयलाई समुदायको सम्पत्ति र संरक्षण अपनत्व ग्रहण गराउन नसक्दा शिक्षाप्रति नकारात्मक धारणा बढेको देखिन्छ ।
- ❖ आधारभूत तहमा कक्षा छोड्ने दर भेटिएको छ ।
- ❖ पछिल्लो समय सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार भए पनि समुदायमा त्यसको प्रचार गर्न नसकिएको देखिन्छ ।
- ❖ केही विद्यालयको भौतिक संरचना जीर्ण देखिन्छ । शुद्ध पिउने पानीको व्यवस्थापनमा कमि देखिन्छ ।
- ❖ बालकक्षामा भर्ना हुन आएका सामुदायिक विद्यालयका विद्यार्थी कक्षा १ मा भर्ना हुँदा धेरै घटेको देखिन्छ ।
- ❖ आधारभूत तहका सामुदायिक विद्यालयको शैक्षिक भौतिक अवस्था केही कमजोर देखिन्छ । यसलाई प्रतिस्पर्धी बनाउन नसक्नु ।

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू र सुझावहरू :**

- ❖ गौरादह नगरपालिकाले निर्माण गरेका ऐन, कार्यविधि पूर्ण रुपमा कार्यान्वयन गर्न सके शैक्षिक क्षेत्रमा ठूलो सफलता हासिल हुनेछ ।
- ❖ कक्षा १ को भर्ना दर र कक्षा ८को उत्तिर्ण दरमा आएको अन्तरलाई ड्रपआउट बच्चाको खोजि कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- ❖ बढी विद्यार्थी भएका विद्यालयको भौतिक, शैक्षिक गतिविधिका लागि आवश्यक कक्षाकोठा थप, शिक्षक दरबन्दी मिलान गर्नुपर्ने देखिन्छ ।
- ❖ कम विद्यार्थी भएका र शिक्षक दरबन्दी बढी रहेका केही विद्यालयलाई ठूला र नजिकका विद्यालयहरूसँग मर्ज गरी आवश्यक गाडीको प्रबन्ध मिलाई शैक्षिक क्षेत्रमा जनशक्ति व्यवस्थापन र पठनपाठनमा सुधार गर्नुपर्ने देखिन्छ ।
- ❖ समुदायका नेतृत्व गर्न सक्ने वर्गका बालबालिकाहरूलाई सामुदायिक विद्यालयको पठनपाठनमा ल्याउन आवश्यक गतिविधि सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- ❖ बालकक्षाबाट कक्षा १ मा जाँदा सामुदायिक विद्यालयमा विद्यार्थी घटेको देखिन्छ । यसका लागि कक्षा १ को पठनपाठनमा सुधारको नीति आवश्यक देखिन्छ ।

## विषयगत शाखा/कार्यालयको नाम : (ग) कृषि शाखा

### पालिकास्तरिय नीतिहरू :

#### कृषि तथा पशुपन्छी र सिचाई

- कृषि कार्यका लागि महत्वपूर्ण सिचाई सुविधा विस्तारका लागी हाल भईरहेको सिचाईका श्रोतहरु तथा कुलो-पैनी मर्मत संभार र व्यवस्थापन गरी अधिकतम उपयोगी बनाईने छ ।
- नगरक्षेत्रका सतहमा पानीका स्रोत भएका स्थानहरुवाट सिचाई सुविधा विकास र विस्तारका लगी संभाव्यता अध्ययान गर्ने गराईने छ ।
- कृषि योग्य जमिनको पहुँचलाई ध्यानमा राखी कृषि विधुतीकरण मार्फत चार वर्ष भित्र सतह सिचाँईवाट सिँचित हुन नसक्ने क्षेत्रमा भूमिगत सिंचाई प्रणालीको उपयोग गरी सिंचाई सुविधा पुर्याईनेछ ।
- उन्नत विउविजनको सुलभ व्यवस्थापन गरिनेछ । निशुल्क माटो परिक्षणको सुविधा उपलब्ध गराईनेछ ।
- कृषि सहकारीलाई प्रवर्द्धन गर्ने र कृषि उत्पादनलाई मुल्य श्रृंखलाको आधारमा बजार सँग आवद्ध गरिनेछ ।
- पोषणयुक्त खाद्य सुरक्षाका लागि कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गर्न कृषि सहकारी, सामुहिक खेती प्रणाली वाट अभियान संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- हाल वडा नं. ४ र ५ मा संचालनमा रहेको सामुहिक खेती प्रणालिको अवधारणालाई अरु वडाहरुमा पनि विकास र विस्तार गर्न प्रोत्साहित गरिनेछ ।
- कृषक समुहलाई कृषि यान्त्रीकरण कार्यक्रम आबद्ध गर्ने नीति लिईनेछ ।
- कृषिकार्य र पशुपंक्षी पालन कार्य आधुनिकिकरण गर्दै सम्भाव्यताका आधारमा पकेट क्षेत्र जस्ता कार्यक्रमहरु कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण र पशु विज्ञ केन्द्रहरु सँग सहकार्यमा व्यवसायमूलक कार्यमा परिणत गर्न प्रोत्साहित गरिनेछ ।

- कृषि प्राविधीक खेतबारीमा र पशुपंछी सेवा प्राविधिक गोठ, खोरमा नै पुगी सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- कृषि प्रणालीलाई वैज्ञानिकिकरण गर्न स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरु सँग सहकार्य गरी कृषि अनुसन्धानको कार्य गर्न चाहने कृषि वाली उत्पादन सँग सम्वन्धीत संस्थालाई सहयोग र सहजिकरण गर्ने नीति अवलम्बन गरीन्छ ।
  - कृषि यान्त्रिकरणका लागी कृषि सहकारी वा कृषक समुहहरु सँग एकै थलोवाट कृषि उपकरणहरु न्यूनतम भाडा दरमा पाउने गरी संञ्चालन व्यवस्थापन गर्नलाई सहकारी संस्था तथा गैर सरकारी निकायहरु सँग समन्वय गरी आवश्यक सहयोग गरिनेछ ।
  - प्राङ्गारीक कृषि उत्पादनलाई प्रोत्साहित गर्ने नीति रहनेछ ।
  - नगरपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी व्यवसायलाई प्रोत्साहन गरीनेछ ।
  - पशु विमा र वाली विमा कार्यक्रमलाई नगरक्षेत्र भित्र प्रभावकारी वनाईनेछ।
  - कृषि विकास यान्त्रीकरण तथा पशुपक्षि सगँ सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा संघिय अनुदानका कार्यक्रमहरु संघिय कार्यविधि र प्रदेश अनुदानवाट संचालन गरिने कार्यक्रमहरु र निशर्त अनुदान र आन्तरिक श्रोत वाट तयार गरिने कार्यक्रमहरु प्रदेश कार्यविधिमा उल्लेख भए अनुसार संचालन गरिनेछ ।
  - गह्रा सुधार तथा चाक्लाबन्दी कार्यक्रम संचालन गरिनेछ, जसकालागी प्रति हेक्टर रु १० हजार प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ ।
  - स्थानीय रुपमा उत्पादित हाईब्रिड विउ मकैको खेती प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ ।
  - हाईब्रिड उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
  - जाईका नेपाल सँगको सहकार्यलाई निरन्तराता दिईनेछ ।
  - कृषि विषयमा अध्यायनरत विद्यार्थीहरुलाई कृषको खेतवारी नै सिकाई स्थलको रुपमा प्रयोग गर्नेगरी आवद्ध गरिनेछ ।
  - कृषि विषयमा अध्यायनरत विद्यार्थिहरुलाई स्थानीय कृषक, कृषक समुहहरु सँग सहकार्य गरी कृषि प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
  - फलफुल खेती, करेसाबारी, फुल बगैचा, कन्दमूल र मसालाबाली विकासका लागी प्रोत्साहन गरिनेछ ।
  - बाँझा जमिनहरु उपयोग हुने गरी सहकारी्सामुहिक खेती प्रवर्दन कार्यक्रम संचालन गर्न प्रात्साहित गरिनेछ ।
  - पशु विमा कार्यक्रम संचालन गर्दा तिर्नु पर्ने प्रिमियम वापतको रकम नगरपालिकावाट ५०% कृषकवाट २५% र सहकारीवाट २५% हुने व्यवस्था मिलाईनेछ ।
  - पशुनश्ल सुधार कार्यक्रम गुणस्तरिय र विश्वसनिय बनाउँदै लगिनेछ ।
  - पशु वस्तुको नस्लसुधार का लागि कृतिम गर्भादान गराउँनने व्यक्तिहरुले नगपालिका मा सुचीकृत भई स्वीकृति लिनु पर्नेछ ।

- पशु वस्तुको भ्क्ष गर्दा प्रति पशु वस्तु लाग्ने शुल्कको निर्धारण गरि किसानहरुले तिर्नु पर्ने सेवा शुल्कमा सहयोग गर्ने निती अबलम्बन गरिनेछ ।
- वडा न. ६ कोहवारामा निर्माणाधिन दुग्ध सङलन केन्द्र संचालनमा ल्याउन सहयोग गरिनेछ ।
- गौरादहलाई माछा निर्यात गर्ने नगरपालिकाको रुपमा विकास गर्न माछा क्षेत्र निर्माण गर्न निजी तथा सार्वजनिक पोखरीहरुलाई प्रवर्द्वन तथा व्यवसायिकरण गर्न प्रोत्साहन गरिनेछ ।
- मौरीपालनको संभाव्यता पहिचान गरी मौरीपालन खेतीलाई प्रोत्साउन गरीनेछ ।
- कुकुर नियन्त्रणका गर्न वध्याकरण कार्यलाई निरन्तरता दिईनेछ ।
- माछा, मासु पसल सुधार कार्यक्रम संचालन गरिनेछ ।
- कृषिउपज बजारहरुलाई क्रमस व्यवस्थित गर्दै लागिनेछ ।
- कन्काई नहरको सिंचाई क्षेत्रको नहरमा पानीको उपलब्धता भए नभएको सुनिश्चित नगरी भूमिगत सिंचाई र स्यालोट्युवेल तथा पम्म निर्माणमा नगरपालिकाले आर्थिक तथा प्रविधिक सेवा उपलब्ध गराउँने नीति लिनेछ ।

## गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| संचालित आयोजना/कार्यक्रम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने | आयमूलक, आधुनिक, व्यावसायिक र मर्यादित तथा आधुनिकिकरण र यान्त्रिकरणमा जोड दिँदै उत्पादनशिल व्यवसायको रुपमा विकास गरिनेछ । प्राविधिकहरू कृषकको खेतबारीमा पुगि खेति प्रविधि सम्बन्धि प्राविधिक सेवा दिने व्यवस्था मिलाउने । | प्रविधिमा कृषकहरुलाई सहज होस् भनी मकै रोप्ने मेसिन ३० वटा वितरण गरिएको । मिनी टिलर १८ वटा, पावर टिलर ३ वटा, दाना बनाउने मेसिन १५ वटा, स्प्रे ट्यांकी ५० वटा, मकै छोडाउने मेसिन ३० वटा, मौरी घार ३३ किसानलाई, फ्रेमसहितको मौरी, टनेल ५२ वटा वितरण गरिएको । कृषकको मागमा आधारित आवश्यक प्रविधिहरु च्याउका पोका, कृषि चुन, सिँचाइ मोटरजस्ता वस्तुहरु वितरण गरी साना तथा मझौला किसानहरुलाई उत्पादन लागतमा कमी ल्याउने गरी प्रविधि हस्तान्तरण गरिएको । प्राविधिक सेवा अन्तर्गत रोग कीराको व्यवस्थापनका लागि विभिन्न तालिम, जैविक मल बनाउने कच्चा पदार्थ, किसानको खेतीबारीमा प्राविधिकहरु गई रोगकीरा व्यवस्थापनको कार्य भएको । माटो परीक्षण सेवा सञ्चालन गरी कृषि चुन सिफारिश भएको । साधारण तथा जटिल रोगकीराको पहिचान गरी जैविक विषादी निर्माणका लागिा आवश्यक सहजीकरण गरिएको । फरुवा ३१ वटा, | गौरादह नगरपालिकाबाट किसानहरूका लागि प्रविधि हस्तान्तरण गरी कृषि लागतमा कमी आएको साथै उत्पादन वृद्धि भएको । कृषि प्राविधिकहरुबाट घरदैलोमै किसानहरुलाई आवश्यक परामर्श सेवा सञ्चालन गरिएको । |

| | | | |
|---|---|---|---|
| | | हजारी ३१ वटा, रिपर एउटा, ह्वील ब्यारो ७ वटा, त्रिपाल ८ वटा वितरण गरिएको । | |
| बाली बिकास कार्यक्रम | कम उत्पादन दिने बालिको सट्टा बढी उत्पादन दिने बालिको खोजि गरि उत्पादन बढाउन पकेट कार्यक्रम संचालन गर्ने । | तरकारी बालीअन्तर्गत टिस्यु कल्चरबाट आलुको बीउ उत्पादन गरी प्रि बेसिक आलु वितरण गरिएको । ३३ किसानका लागि ५५३४ दाना पूर्व मूल बीउ वितरण गरिएको । बाली विकास अन्तर्गत अनुदानमा गहुँको बीउ १३० केजी र धानको बीउ १७४६० केजी १६२ जना किसानलाई वितरण । धानबाली पकेट कार्यक्रमअन्तर्गत १०५३ केजी धानको बीउ वितरण गरी २५ हेक्टर क्षेत्रफलमा लगाइएको ।<br>नगदे बाली विकासमा केराको टिस्यु कल्चर बिरुवा वितरण गरिएको । तोरीको मूल बीउ वितरण गरिएको । प्लास्टिक टनेल वितरण । तरकारीका मिनि कीट तथा साना औजार उपकरण अनुदानअन्तर्गत विषादी छर्ने मेसिन, ड्याङ बनाउने र झार तान्ने मेसिन वितरण गरिएको । पावर स्प्रे वितरण । किसानलाई तालिम प्रदान । तरकारी तथा बाली विकास कार्यक्रम अन्तर्गत जैविक विषादी खरिद तथा वितरण गरिएको । प्रत्येक वडामा हाइब्रिड मकैको बीउ नतिजा प्रदर्शनी गरिएको । ३२५ किसानलाई दुई केजीका दरले रामपुर १६ मकैको बीउ प्रदान गरिएको । चैते धानको बीउ वितरण । करेला, काँक्रो र बोडीको बीउ वितरण ।<br>फलफूल बाली विकासअन्तर्गत उन्नत जातका फलफूलका बिरुवा वितरण । मालदह, आम्रपाली, सुनकागती गरेर २५४५ बिरुवा वितरण । | धान, आलु तथा तोरी उत्पादनमा वृद्धि भएको, नयाँ प्रविधिको प्रयोगका कारण श्रम लागत घटेको । |
| आईपीएम पाठशाला | संचालन गर्ने । | आइपीएम पाठशालाअन्तर्गत पछिल्लो समय रासायनिक विषादीका कारण माटो तथा मानिसमा परिरहेको असरको न्यूनीकरण गर्न समूहमा तरकारी खेती गर्ने किसानका लागि विषादी बनाउने तालिम सञ्चालन गरी जैविक विषादी प्रयोग गर्ने बानीको विकास । १०० जना किसानलाई जैविक मल बनाउने तालिम | आवश्यक मल तथा विषादी निर्माणमा अनुदान समेत प्राप्त हुन थालेको । |

| | | | |
|---|---|---|---|
| | | प्रदान । | |
| कृषि तालिम सञ्चालन गर्ने । | आधुनिक प्रविधिको विकासका लागि कृषि तालिम संचालन गर्ने । तालिम प्राप्त कृषक बनाई कृषिमा आत्मनिर्भर बनाउने । | व्यावसायिक केरा खेती तालिम ३५ जनालाई, बेमौसमी तरकारीबाली तालिम ३५ जनालाई प्रदान गरिएको । समूहमा तरकारी खेती गर्ने किसानका लागि विषादी बनाउने तालिम सञ्चालन गरी जैविक विषादी प्रयोग गर्ने बानीको विकास । १०० जना किसानलाई जैविक मल बनाउने तालिम प्रदान । | जैविक कृषिप्रणालीमा सुधार आएको । |
| कृषि बिमा | कृषि बिमाको प्रवन्ध मिलाउने । | साधारण किसान, अगुवा किसान तथा निजी फर्महरूले पशु तथा कृषि बीमा अवलम्बन गर्ने कार्यका लागि आवश्यक सहजीकरण गर्नुका साथै परामर्श दिएको देखिन्छ । | कृषि बिमा गर्नुपर्छ भन्ने चेतना प्रसार भएको । |
| अनुदान लक्षित कार्यक्रम | उत्पादन वृद्धि गर्न प्रविधि, सिँचाइका साधन, उन्नत जातका विऊ कृषकहरूलाई वितरण गरि स्वरोजगार निर्माण गर्ने | प्रविधि अनुदान, अन्नबाली तथा तरकारी बालीका विऊ अनुदान, प्लास्टिक टनेल अनुदान, मल्चिङ प्लाष्टिक अनुदान, झोल मल,जैविक मल अनुदान दिइएको । युरिया, डीएपी, पोटास किसानहरुलाई मापदण्डमा राखी वितरण गरिएको । | किसानको लागतमा कमी आएको र उत्पादनमा वृद्धि भएको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- किसानहरुको श्रम र पछिल्लो समय आएका प्रविधिहरु पालिका सशर्त अनुदान, प्रदेश सरकारका विभिन्न कार्यक्रमबाट फरुवादेखि पावर टिलरसम्मका प्रविधि हस्तान्तरण गरी किसानको लागत कम गराउनुका साथै उत्पादन वृद्धि भई कृषकहरूको आयस्तरमा सुधार भएको ।
- उन्नत जातका बीउ वितरण गरी बीउको समस्याप्रति राज्यको चासो बढेको ।
- सिँचाइमा कृषि मिटर, पम्प्सेट, बोरिङ अनुदान वितरण गर्दा सिँचाइ क्षेत्र वृद्धि भई उत्पादन वृद्धि भएको ।
- बाली विकास कार्यक्रमअन्तर्गत गहुँ, धान, मकै तरकारी बालीका मिनिी किट, आलुको बीउ, केराका बिरुवा, आँप, लिचीलगायतका फलफूलका बिरुवा वितरण गरी उत्पादन वृद्धि भएको ।
- माटो परीक्षण सेवा सञ्चालन गरी कृषकहरुमा माटोको प्राङ्गारिक पन वृद्धि गर्नुपर्छ भन्ने चेतना बिस्तार गरिएको साथै माटो सुधारका लागि कृषि चुन र ढैंचाको बीउ वितरण गरिएको ।
- रोग कीराको प्रकोप वृद्धि हुँदै गएकाले जैविक विषादीको प्रयोगको लागि किसानलाई आवश्यक तालिम दिइएको ।
- मकै, धान, तोरीको बीउ उत्पादन गरी बाहिरी पालिकामा समेत निर्यात गर्न सक्ने पालिकाको रुपमा बिस्तार भएको ।
- पकेट विकास कार्यक्रम, चक्लाबन्दी र गरा सुधार कार्यक्रम सञ्चालन गरिएको ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- कृषकहरूमा परम्परागत खेतीप्रणालीबाट आधुनिक खेती प्रणालीमा जानका लागि माटो सुहाउँदो प्रविधि उपयुक्त बीउ र मलखादको समयमै प्रबन्ध मिलाउन कठिनाइ रहेको ।
- कृषकहरूमा चेतनको कमीका कारण सबै खाले कीरा हानिकारक नै हुन् भन्ने उद्देश्यले कडा विषादीको प्रयोगबाट मित्रजीवहरू नै शिकारमा परेको हुँदा मित्रजीव र शत्रुजीव पहिचान गरी अर्गानिक मोडलका विषादीहरू वा न्यून क्षमता भएका विषादीहरू प्रयोग नगरी कडा विषादी प्रयोग गर्दा प्राकृतिक चक्रमा नै समस्या देखिन्छ ।
- कृषिको रोजगारीलाई सम्मानित रोजगारीको रुपमा ग्रहण गर्न नसक्नु, राम्रो कमाइ हुँदाहुँदै पनि सानो कमाइ हुने रोजगारीप्रतिको आकर्षण देखिनु ।
- कृषकहरूमा रसायनिक मलमात्र ले उत्पादन वृद्धि हुन्छ रासायनिक मलबिना उत्पादन हुन्न भन्ने सोच विकसित हुँदै जाँदा माटोको उर्वरक्षमता ह्रास भई भावी उत्पादनमा समेत असर पर्ने हुँदा त्यसतर्फ किसान सचेत हुन नसक्दा रोगको जोखिम र माटोमा अम्लीयपन बढ्दै गएको देखिन्छ ।
- युवा जनशक्ति व्यावसायिक खेतीका लागि आए पनि क्षणिक लाभ हुन नसकी कृषि क्षेत्रबाट पलायन देखिनु ।
- उत्पादिक वस्तुले उचित भण्डारण र बजारमा समस्या कायमै रहनु ।
- व्यावसायिक खेती नै गर्ने गरी किसानहरु तयार हुन नसक्नु ।

**७. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू र सुझावहरू :**

- ❖ तल्लो तहका किसानको पहिचान गरी उनीहरूको समस्या कसरी राज्यबाट समाधान गर्न सकिन्छ भनी खोजी गरिनुपर्ने ।
- ❖ उन्नत बीउ समयमा नै व्यवस्थापन गर्न निजी क्षेत्रसँगको सहकार्य आवस्यक देखिन्छ ।
- ❖ करेसाबारी खेति प्रणाली र जैविक मल तथा विषादीको प्रयोग सम्बन्धि सचेतना मुलक कार्यक्रम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- ❖ रैथाने बालीको बीउ संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने कार्यक्रमको सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- ❖ गौरादहमा बीउ उत्पादन र किसानहरुमा देखिएको कृषि जागरणलाई स्थानीय तहबाट भरपुर रुपमा आवश्यक सहयोगको प्रबन्ध मिलाउन आवश्यक देखिन्छ ।

## विषयगत शाखा/कार्यालयको नाम : (घ) पशुपंक्षी शाखा

**पालिकास्तरीय नीतिहरू :**

- नगरपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी व्यवसायलाई प्रोत्साहन गरीनेछ।
- पशु विमा र वाली विमा कार्यक्रमलाई नगरक्षेत्र भित्र प्रभावकारी वनाईनेछ।
- पशु विमा कार्यक्रम संचालन गर्दा तिर्नु पर्ने प्रिमियम वापतको रकम नगरपालिकावाट ५०% कृषकवाट २५% र सहकारीवाट २५% हुने व्यवस्था मिलाईनेछ।
- पशुनश्ल सुधार कार्यक्रम गुणस्तरिय र विश्वसनिय बनाउँदै लगिनेछ।
- पशु वस्तुको नस्लसुधार का लागि कृतिम गर्भादान गराउँनने व्यक्तिहरुले नगपालिका मा सुचीकृत भई स्वीकृति लिनु पर्नेछ।
- पशु वस्तुको EI गर्दा प्रति पशु वस्तु लाग्ने शुल्कको निर्धारण गरि किसानहरुले तिर्नु पर्ने सेवा शुल्कमा सहयोग गर्ने निती अबलम्बन गरिनेछ ।
- वडा न. ६ कोहवारामा निर्माणाधिन दुग्ध सङलन केन्द्र संचालनमा ल्याउन सहयोग गरिनेछ ।
- गौरादहलाई माछा निर्यात गर्ने नगरपालिकाको रुपमा विकास गर्न माछा क्षेत्र निर्माण गर्न निजी तथा सार्वजनिक पोखरीहरुलाई प्रवर्द्धन तथा व्यवसायिकरण गर्न प्रोत्साहन गरिनेछ।
- मौरीपालनको संभाव्यता पहिचान गरी मौरीपालन खेतीलाई प्रोत्साउन गरीनेछ।
- कुकुर नियन्त्रणका गर्न वध्याकरण कार्यलाई निरन्तरता दिईनेछ।
- माछामासु पसल सुधार कार्यक्रम संचालन गरिनेछ। ,

## गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | दूध, फुल, मासुमा आत्मनिर्भरताका लागि यान्त्रिकरणमा जोड दिँदै व्यावसायिक रुपमा पशुपालन कार्यक्रम गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने । व्यावसायिक गाई, भैसी, बाखा, कुखुरा र माछा पालन व्यवसायलाई प्रोत्साहन गर्ने । | गौरादह नगरका किसानले पालेका गाई-भैंसीको नश्ल सुधार गरी उत्पादनमा वृद्धि गर्न वर्षैभरि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिएको । पोखरीलाई मर्मतसम्भार र प्रवर्द्धन गरी ५३ जना किसानलाई ४००००० माछाका भूरा वितरण गरिएको । | पशु विकास कार्यक्रम मार्फत पालिका भेगका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |

| | | | |
|---|---|---|---|
| | पोखरी संरक्षणबाट माछा उत्पादनमा जोड दिने । | माछापालन तालिम २० जनालाई, बाखा पालन तालिम २० जनालाई, गाईभैंसी पालन तालिम २० जनालाई र कुखुरा पालन तालिम २० जना किसानलाई दिइएको । लोकल कुखुरा वितरण । लोकल कुखुरका चल्ला ३३३५ वितरण । कृत्रिम गर्भाधान गाई २५९० र भैंसी २९४ तथा बाखा १५ वटामा प्रयोग गरेर उन्नत जातका पशु उत्पादन गर्ने कार्य भएको । | |
| पशु स्वास्थ्य कार्यक्रम | महामारीजन्य रोगहरुको रोकथामा र व्यवस्थापन गर्ने साथै नियमित रोग तथा औषधीको आवश्यक प्रबन्ध मिलाउने । | ल्याब सेवा सञ्चालन । गोबर परीक्षण २६३, दूध परीक्षण २२३, बन्ध्याकरणतर्फ सुँगुर २३ र गोरु ३ । ९५१९० पशुलाई माइनर उपचार तथा सबै खाले प्राथमिक उपचार गरिएको । माइनर सर्जिकल १८५, प्रजननसम्बन्धी सेवा २५८, मत्स्य उपचार ६,७००, मेजर अपरेशन २ पशुलाई गरिएको ।<br>पशु शाखाबाट गाई ४९०, बाछा ३०० र बाछी ३६० तथा गोठमा गई ४३० गाई, ५५ गोरु, २४० बाछा, २२४ बाछीको लम्की स्किन रोगको उपचार गरिएको । पशु स्वास्थ्य उपचार गाइनोक्लोजी सेवा घरघरमा पुगेर प्रदान गरिएको । पशुपंक्षीहरूलाई खोप दिइएको ।<br>पशुमा देखिने माहामारी जन्य रोगहरूको रोकथामका लागि ठूला पशुमा खोरेत रोग विरुद्ध २०००० खोप, बाखामा पिपिआर १५,०००, बंगुरमा स्वाइन फिभर ४०००, एलएसडी खोप ६५०० र रानीखेत विरुद्धको खोप १०००० कुखुरालाई दिइएको । ठूला पशुमा रेविज रोग विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिएको ।<br>मौसमी रोगहरूको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवश्यक औषधी उपचारको व्यवस्था गरिएको । | पशुमा देखिने जटिल तथा सामान्य रोगहरूको समाधानका लागि पहल भएको । |
| पशु आहारा सेवा | उत्पादन वृद्धिका लागि पशु आहारा सेवा कायक्रम संचालन गर्ने । | हरियो घाँस बिस्तर कार्यक्रम । मकैचरी घाँसको बीउ ३२०० केजी वितरण । बर्सिम ४० केजी, मकैचरीको बीउ ४५०० केजी वितरण । ३१५ किसान र ३५ कृषिफर्म लाभान्वित । गोठ सुधारअन्तर्गत काउ म्याट वितरण । च्यापकटर १५ वटा | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |

| | | | |
|---|---|---|---|
| | | वितरण । १४५६ पशुको बीमा गरिएकोमा १०८ को दाबी पेश भएको । व्यावसायिक फर्म दर्ता ६ वटा, अनुदान सिफारिश ६ वटा, परामर्श सेवा १०८ वटा, किसान सेवा कार्ड ३०४ वितरण ।<br>जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भनेजति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखी उन्नत जातका घाँसका बिउहरू, (जै, बर्सिम) वितरण । वर्षे घाँस टिओसेन्टीको बिउ वितरण गरी दूध तथा मासु उत्पादनमा वृद्धि भएको । | |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन अनुगमन, खोप कार्यक्रम संचालन गर्ने | २१६ सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको । विभिन्न समयमा गोठ सुधार, खोर सुधार र गाउँबस्तीमा अनुगमन गरिएको । पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरू संचालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । मासु बजार निर्माण तथा नियमन गरिएको । नि:शुल्क रेबिज रोगविरुद्धको खोप प्रदान । | स्वस्थ पशु राम्रो उत्पादन भन्ने चेतना स्तरमा क्रमश: सुधार हुँदै आएको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रसार कार्यक्रम सञ्चालन गर्ने | गौरादह नगरपालिकाभित्र कृतिम गर्भाधान कार्यक्रम संचालन गरिएको । नस्ल सुधार कार्यक्रम अन्तर्गत गाई-भैंसीमा महामारीजन्य रोगहरू बिरुद्धको प्रचारात्मक कार्यक्रमहरू संचालन गरिएको ।<br>काउम्याट वितरण, किसान कार्ड वितरण । गोठ सुधार गरिएको । मासु बजार निर्माण गरिएको ।<br>पशुपंक्षी बिमा कार्यक्रम संचालन गरिएको ।<br>रेडियो, टेलिभिजन, स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशन गरी पशुपंक्षी सम्बन्धि सचेतनामुलक कार्यक्रमहरू प्रकाशन प्रशारण गरी किसानहरूलाई सुसुचित गराइएको । | पशु पनि मानिस जस्तै हो । उनीहरूका पनि समस्या पहिचान गरी उत्पादन वृद्धि गर्नुपर्दछ भन्ने किसानमा सचेतना जागेको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- उत्पादन वृद्धि गर्दै किसानको आयस्रोतमा सुधार गर्न प्रयोग गरिरहेको घाँसभन्दा पोषिलो घाँसको बीउ वितरणको कार्य गरिएको ।
- उन्नत जातका पशु वृद्धि गरी दूध तथा मासु उत्पादन वृद्धिका लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा रहनु ।
- किसानको पशुधनको सुरक्षा गर्न पशु प्राविधिकदेखि विशेषज्ञ सेवा घरदैलोसम्म पुर्याउने कार्य भएको साथै प्रयोगशाला सेवा र गाइनो सेवा प्रदान गरिएको ।
- महामारी रोग नियन्त्रण तथा व्यवस्थापनका लागि पशुमा खोप तथा भ्याक्सिन कार्यक्रम सञ्चालन गरिनु ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- युवालक्षित व्यवसायिक फर्महरू संचालनमा आए पनि अनुदान केन्द्रित कार्यक्रमप्रति केन्द्रित हुनु ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा मुल्य पाउने समस्या रहनु ।
- पशुहरूमा जटिल स्वास्थ्य समस्या आएपछि मात्र पशु स्वास्थ्य प्राविधिकहरूलाई खबर गरिनु, जसबाट पशुधनको क्षति ज्यादा रहनु ।
- गौरादह नगरपालिकाका बहुसंख्यक किसानहरूले परम्परागत तथा निर्वाहमुखी पशुपालन प्रणालीमै विश्वास गर्नु ।

**भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू र सुझावहरू :**

- हाल उत्पादन भइरहेको मासु, दूध, अण्डाजन्य वस्तुको वास्तविक तथ्याङ्क राखी कुन क्षेत्रमा के वस्तुको आवश्यकता छ र कुन क्षेत्रमा के सहयोगको कमीले उत्पादनमा समस्या छ भन्ने दीर्घकालीन समाधानको सोच आउन जरुरी देखिन्छ ।
- तल्लो वर्गमा अनुदानका कार्यक्रमहरू पुग्न सके नसकेको अनुगमन गर्न आवश्यक देखिन्छ ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मुल्य व्यवस्थापन गर्न सुझाव दिइन्छ ।
- नव प्रवर्तनकारी युवा तथा उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशिल युवाहरूलाई उद्यम ब्यावसाय सुरु गर्न व्यवसायिक योजनाका आधामा सुरुवाति पूँजी उपलब्ध गराउनुपर्ने ।

## आर्थिक प्रशासन शाखा/ सहकारी शाखा

वार्षिक बजेट ८२,९५,३८,६७६
जम्मा बजेट प्रस्तावित आय ७९,९२,६७,००० रुपैयाँ
वास्तविक आय: ७८,८९,३८,६२४ (९८.७१ प्रतिशत प्राप्त)
संकलित राजस्व धरौटीसमेत ४,००,००,००० अनुमानित
लक्ष्यभन्दा बढी राजस्व संकलन भएको ।
सहकारीको लेखापरीक्षणको नियुक्तिका लागि स्वीकृति दिएको

नगरले गर्ने २९ वटा र प्रदेशले नियमन गर्ने सहकारी १५ वटा रहेको ।

**घरनक्सा**

गौरादह नगरपालिकाबाट जारी भएका घ वर्गको इजाजत प्राप्त व्यावसायिक फर्म १६ वटा

**संस्था दर्ता**

नगरमा ५३ वटा संघसंस्था दर्ता रहेका
टोल विकास संस्था हालसम्म २० वटा दर्ता

**इ रिक्सा दर्ता १९३ वटा**

**न्यायिक समिति**

३७ जना मेलमिलापकर्तालाई दुई दिने तालिम प्रदान
प्रत्येक वडामा मेलमिलापको सूचीकरण बोर्ड
जम्मा मुद्दा दर्ता १८ वटा
दुई वटा मुद्दा माथिल्लो निकाय पठाइएको
छलफलबाट ९ वटा मिलाइएको ।

# अनुसूची १८ को ८
# दफा ३९ को उपदफा १ सँग सम्बन्धित
# सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरू

**गौरादह नगरपालिकाको सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ**

**उद्देश्यहरू हासिल गर्न प्राथमिकता निर्धारण गरिएको**

- गौरादह नगरपालिकाले आ. व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट टोल विकास संस्था, वडास्तरीय हुँदै छनौट गरी कानुनले तोकेअनुसारका समितिमा छलफल गर्दै कार्यपालिकाबाट अनुमोदन गरी नगरसभाबाट पास भई सञ्चालन गरेको ।
- चौमासिक समीक्षा, वार्षिक समीक्षा, चौमासिक सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, वेबसाइट सञ्चालन भएको ।
- वडा कार्यालय, स्वास्थ्य संस्थामा डिजिटल प्रविधिको प्रयोग गरी राजश्व संकलनको कार्य भएको ।
- बजेट नीति तथा कार्यक्रम वेबसाइट, सञ्चारमाध्यम र बुकलेटमा प्रकाशन गरिएको पाइयो ।
- नागरिक बडापत्र, नगर प्रवक्ता, गुनासो सुन्ने अधिकारी, सुझाव पेटिका, सूचना अधिकारीको व्यवस्था भएको ।
- गौरादहलाई क्षयरोग मुक्त बनाउने, कुष्ठरोग हटाउने अभियान, नसर्ने रोगहरू सम्वन्धी स्वास्थ्य कार्यक्रम, जेष्ठ नागरिकहरूको स्वास्थ्य प्रवर्द्धन, गर्भवती महिलालाई निःशुल्क रुपमा क्याल्सियम ट्याब्लेट र आइरन चक्की उपलब्ध गराउने व्यवस्था, ४ पटक गर्भ जाँच प्रोत्साहन कार्यक्रम, सुत्केरी प्रोत्साहन कार्यक्रमबाट नागरिकले लाभ लिइरहेका ।
- कृषिका लागि निःशुल्क माटो परीक्षण, सिँचाई मोटरमा सहयोग कार्यक्रम, किसानहरूलाई कृषि बिमा, किसान कोर्ड, धान उत्पादन प्रवर्द्धन कार्यक्रम, कृषकलाई यन्त्रिकरणमा सहयोग, कृषि बजार पूर्वाधार निर्माण तथा सञ्चालन कृषक पाठशाला संचालन, साना व्यवासायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, कृषी मेला, कृषी प्रदर्शनी, विषादी प्रयोगमुक्त सप्ताह तथा किसान दिवस, बाली उपचार शिविर जस्ता कार्यक्रमहरू शुरु भएका ।
- गौरादह नगरभित्रका नागरिक स्वास्थ्यको पहुँचबाट वञ्चित नहुन भनी नगर अस्पतालाट विषेशज्ञ सेवासहित सबै वडामा शहरी, आधारभूत गाउँघर क्लिनिक, खोप केन्द्र स्थापना भई सेवा प्रवाह भइरहेको ।
- नागरिक बडापत्र, नगर प्रवक्ता, गुनासो सुन्ने अधिकारी, सुझाव पेटिका, सूचना अधिकारीको व्यवस्था भएको ।
- शैक्षिक गुणस्तर सुधारका लागि आइ.सि.टी. ल्याव, अंग्रेजी माध्यमको पठन-पाठनको शुरुवात भएको ।
- गौरादह नगरपालिकाको आन्तरिक श्रोत पहिचान गर्दै आर्थिक विकासका लागि सम्पति कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घरनक्सा पास दस्तुर, लगायत करको दायरा बृद्धि गरि आन्तरिक श्रोतमा सुधार को नीति रहेको ।

- नगरपालिकाले गरेका आयोजनाहरू संचालन गर्दा स्थानीय सरकार संचालन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरूलाई ध्यानमा राखेर अगाडी बढ्नु ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, शिपमुलक तालिम संचालन गरी स्वरोजगार तथा दक्ष नागरिक उत्पादन गर्ने कार्य भएको ।
- गौरादह विकासका दृष्टिकोणले कृषि, पशु, स्वास्थ्य, शिक्षा, मानव संसाधन विकास, विपद् न्युनिकरणको क्षेत्रमा कार्य प्रारम्भ भएको देखिन्छ ।
- गौरादह नगरपालिकाले पशु बिमा कार्यक्रम, चिलिङ भ्याट अनुदान, मासु पसल सुधार कार्यक्रम, पशु स्वास्थ्य शिविर संचालन, खोप कार्यक्रम, कुकुरको बन्ध्याकरण कार्यक्रम, दाना आत्मा निर्भर कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, मासुमा आत्मानिर्भर बनाउन माछाका भुरा अनुदान लक्षित कार्यक्रम भएका ।
- विपद पूर्वतयारी अन्तर्गत विपद् न्युनिकरण, सचेतना,उद्दारका सामग्री र पूर्नस्थापनासम्मका क्रियाकलाप आंशिक प्रारम्भ भएको ।
- गौरादह नगरभित्रका बालबालिकाको शिक्षामा पहुँच अभिबृद्धि गर्न विपन्न तथा दलित छात्रबृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्रीको व्यवस्था भएको ।

## अनुसूची १८ को ८
## दफा ३९ को उपदफा १ सँग सम्बन्धित
## गौरादह नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण गर्ने क्रममा देखिएका उपलब्धिहरू :

- जन्मदेखि नै हुने अपाङ्गता तथा स्वास्थ्य जटिलता आउन नदिन सिबीआरएफ सहजकर्तामार्फत् विवाहपूर्व र बच्चाको योजनामा रहेका दम्पत्तिलाई शुभकामना कार्ड घरदैलोमै गई फोलिक एसिड चक्की खुवाउने र गर्भ जाँच सेवा मार्फत् स्वस्थ सन्तान निर्माणका लागि संस्थागत सुत्केरी कार्यक्रमलाई प्रभावकारी बनाउँदै जन्मपश्चात् आमा तथा बच्चाको अवस्था बुझ्न स्वास्थ्यकर्मी घरभेट सम्मका कार्यक्रम सञ्चालन भएका
- स्वस्थ समाज र भोलिका भविष्य निर्माण गर्न सबै बालबालिकाहरूलाई आवश्यक खोप पूरा गर्न खोज र खोपको नीति अनुरुप घरदैलो सर्भेक्षण गरी छुटेका बालबालिका र खोपै प्राप्त गर्न नसकेका बालबालिकालाई खोपाउने कार्य पूरा गरी पूर्ण खोप सुनिश्चित पालिका घोषणा गर्न सफल भएको ।
- स्वास्थ्य उपचार गरी आवश्यक औषधी तथा अपाङ्गता भएकाको लागि सहायक सामग्री वितरण कार्य गरिएको ।
- नगर अस्पतालमा विशिष्टीकृत सेवाअन्तर्गत विशेषज्ञ सेवा र बर्थिङ सेन्टर सञ्चालनमा आएको
- ल्याब सेवा सञ्चालनका लागि आवश्यक उपकरणको व्यवस्था गरिएको ।
- पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सबै वडाहरूमा सञ्चालन गरी स्वास्थ्य सेवाको कार्य गरिएको ।
- आधारभूत स्वास्थ्य उपचारको पहुँच सुनिश्चित गर्न सबै वडामा आवश्यक शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी भौतिक रुपमा आफ्नै भवनबाट सेवा प्रवाह गर्दै आधा घण्टाभित्र आधारभूत स्वास्थ्य उपचारको पहुँच सबै नागरिकमा सुनिश्चित गर्न सफल रहेको ।
- नगर अस्पताललाई व्यवस्थित गदै बर्थिङ्ग सेन्टर, विशेषज्ञ सेवाबाट नागरिकको स्वास्थ्य उपचारमा उल्लेख सफलता हात पार्न सफल देखिन्छ ।
- प्रोटोकल गर्भजाँच संस्थागत सुत्केरी र खोप कार्यक्रम जनताको पहुँचयोग्य बनाउदै लक्ष्य भन्दा बढी उपलब्धि हासिल गर्न सफल देखिन्छ ।
- सबै स्वास्थ्य संस्थाबाट प्रदान गरिने निःशुल्क औषधी र सुरक्षित गर्भपतन सेवा प्रभावकारी रुपमा संचालन भएको देखिन्छ ।
- बालशिक्षामा भर्ना हुने उमेर समुहका सबै बालबालिका आधाघण्टा भित्र विद्यालयको पहुँचमा रहेको अवस्था देखिन्छ भने त्यस उमेर समुहका सबै बालबालिका शतप्रतिशत विद्यालयमा भर्ना गराउन सफल रहेको अवस्था देखिन्छ ।
- विद्यालयमा पिउने पानी, शौचालय, विद्यालयसम्म पुग्ने पहुँच मार्ग निर्माण गरी आधारभूत आवश्यकता सुनिश्चित भएको देखिन्छ ।
- शिक्षाको गुणस्तर सुधारका लागि प्रयोगशाला पुस्तकालय I.C.T ल्याव प्रविधि डिस्प्ले बोर्डजस्ता प्रविधि साथै इन्टरनेटको प्रवन्ध मिलाउन सफल देखिन्छ ।

- सबै सामुदायिक विद्यालयमा आवश्यक आवश्यकता र अवस्था हेरी विद्यालयलाई चाहिने आवश्यक शैक्षिक सामग्री मर्मत सम्भार नयाँ निर्माण छात्रवृत्ति प्रदान गरिएको देखिन्छ ।
- आधा घण्टाभित्र पालिकाबासी कोही पनि नागरिक विद्यालयको पहुँचभन्दा बाहिर नरहेको पालिका बनाउन सफल भएको देखिन्छ ।
- विद्यालय उमेर समूहका आधारभूत तहका कोही पनि बालबालिका विद्यालयको पहुँचबाट टाढा नरहेको र सबै भर्ना भएको नतिजा आएको देखिन्छ ।
- आधारभूत तहमा दलित बालबालिकाको शिक्षाको पहुँचका लागि दलित छात्रवृत्ति र दिवा खाजा कार्यक्रम सञ्चालन गरी कोही पनि बालबालिका विद्यालय आउनबाट वञ्चित नरहेको पालिका रहेको देखिन्छ ।
- सबै विद्यालयमा खानेपानी, इन्टरनेट, बिजुलीबत्ती, आवश्यक भवन, आधारभूत खेलमैदानको सुनिश्चितता भएको देखिन्छ ।
- केही विद्यालयमा बाहेक पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसीटी ल्याब, लैङ्गिकमैत्री शौचालयसम्मको व्यवस्थापन भई कक्षा सञ्चालन भएको देखिन्छ ।
- बालमैत्री पालिका निर्माणका लागि सबै विद्यालयमा बाल क्लब, वडास्तरीय बाल संजाल र पालिका स्तरीय बाल संजाल सक्रिय अवस्थामाा रहेको देखिन्छ ।
- कृषकहरूको बालीमा देखिएका रोगकिरा व्यवस्थापन तथा दिगो समाधानका लागि जैविक निम तेलको प्रयोग प्रारम्भ भएको देखिन्छ ।
- कृषिमा यान्त्रीकरण, सिँचाइ सुविधामा सहजताका लागि यान्त्रीकरण बस्तु अनुदानका निम्ति अवलम्वन गरेको देखिन्छ ।
- कृषकहरूको खेतबारीमै गई प्राविधिकहरूबाट रोग, कीराको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने स्थलगत रुपमा सेवा प्रवाह गरिएको ।
- बाली विकासका लागि उन्नत जातको बिउ माटोको गुणस्तरका लागि माटो जाँच र रोग किराको व्यवस्थापन तथा न्यूनिकरणका लागि लागि प्राविधिक सेवा किसानको घरसम्म पुर्‍याउने कार्य भएको देखिन्छ ।
- कृषि बालीका लागि धान पकेट, तोरी पकेट, आलुको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी कृषिलाई संस्थागत तथा व्यावसायिक बनाउन खोजिएको छ ।
- माटोको गुणस्तर मापन गर्न कृषकको माटो नमूना परीक्षण गर्दै त्यसका लागि चाहिने आवश्यक कृषि चुनको व्यवस्थापन गरिएको देखिन्छ ।
- जैविक मल तथा विषादी बाह्रै महिना किसानले चाहेको बखतमा निःशुल्क रुपमा प्राप्त गर्न सकिने पद्धतिको व्यवस्थापन गरिएको छ ।
- पशु विकास कार्यक्रमअन्तर्गत उत्पादन वृद्धिका लागि बाह्रै महिना नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी उन्नत पशुहरू वृद्धि विकास गरिएको र उत्पादनमा वृद्धि भएको
- सामुदायिक कुकुरहरूको बन्ध्याकरणमार्फत् सामुदायिक कुकुरहरूबाट हुने पशु चौपायाको हानी तथा रेबिजजन्य रोगको रोकथाम तथा न्यूनीकरणमा सफलता प्राप्त भएको
- पशु विकास कार्यक्रम अन्तर्गत नश्ल सुधार कार्यक्रम प्रभावकारी संचालनमा रहेको देखिन्छ ।

- पशु स्वास्थ्य नियमन, उपचार खोप कार्यक्रम अन्तर्गत बहुसंख्यक किसानका पशुहरूमा देखिन्छ जहिले तथा सामान्य रोगको रोकथामका लागि आवश्यक खोप कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको देखिन्छ ।
- पशुको उपचार सेवा आधारका लागि पशु प्राविधिकहरूले घर घरमै उपचार सेवा प्रदान गर्ने कार्य गरेको देखिन्छ । पशु आहारमा आवश्यक पोषिला घाँसका बिउ अनुदानमा वितरण गरेको देखिन्छ ।
- रोजगार बेरोजगारहरूको सूचिकृत गरी सूचिकृत बेरोजगारहरूलाई छोटो समयमा रोजगार दिएको साथै कृषि पशु र विभिन्न सामग्रीहरू अनुदानमा वितरण गरिएको वडा कार्यालय, सिटिईभिटि इभेन्ट समृद्धि परियोजनाका कार्यक्रमबाट विभिन्न सीपमूलक कार्यक्रम संचालन गरी क्षमता अभिवृद्धि तथा स्वोरोजगार निर्माण गर्ने कार्य गर्न सफल भएको देखिन्छ ।
- बस्ती विकास भवन निर्माण अन्तर्गत घरहरूको अभिलेखीकरण नक्सापासलगायत कार्य गरी बस्ती विकासलाई व्यवस्थित गर्न प्रयत्न गरेको देखिन्छ ।
- विपद् व्यवस्थापन तथा न्यूनिकरणका लागि आवश्यक ठाउँहरूमा तटबन्धन लगायत कार्य भएको देखिन्छ ।
- सहकारीहरूको नियमन व्यवस्थापन तथा अनुगमनको कार्य गर्न सफल देखिन्छ ।
- विभिन्न समयमा आएका उजुरीहरू मेलमिलाप गराई न्यायिक सम्पादन गर्न उल्लेख उपलब्धि हासिल भएको देखिन्छ ।

## अनुसूची १८ को ९ सँग सम्बन्धित

### सामाजिक परीक्षणबाट देखिएका चुनौती र कमजोरीहरू :

- पालिकाभित्र रहेका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रहरूको सेवा प्रवाह भरपर्दो रहे पनि नागरिकहरुलाई आफ्नो सेवा प्रवाहको आवश्यक प्रचारमा कमी रहेको ।
- नगर अस्पताल, बर्थिङ सेन्टर, निःशुल्क एम्बुलेन्स, पोषणभत्ता .उपलब्ध गराए पनि प्रोटोकल गर्भजाँच र संस्थागत सुत्केरीमा घरमै सुत्केरीको केही भेटिएको तथा गर्भजाँचको तथ्यांकमा केही फरक भेटिएको ।
- विद्यालयको आधारभूत आवस्यकता पिउने पानी, शौचालय मर्मत, रङ्गरोगनको ससाना समस्याले विद्यालयलाई सताइरहेको अवस्थामा आवस्यक प्रबन्ध मिलाउन कठिनाइ देखिन्छ ।
- विद्यालय भर्ना अभियान सञ्चालन भए पनि विद्यालयप्रति आकर्षक कार्यक्रम नहुँदा निजी विद्यालयमा विद्यार्थीको चाप बढी र सामुदायिक विद्यालयमा केही विद्यालय बाहेक विद्यार्थी संख्या न्युन रहनु ।
- आधारभूत तहमा कक्षा छोड्ने दर पर्याप्त मात्रामा भेटिएकोले कक्षा छोड्ने कारण, छोडेको संख्या र आगामी कार्यक्रम प्रष्ट नीति तथा कार्यक्रम नभएको देखिन्छ ।
- दिवा खाजा र विद्यार्थीको विद्यालय नियमितताको आवस्यक अनुगमन हुन नसकेको ।

- विभिन्न तालिम मार्फत शिप विकास तथा व्यावसायिक र रोजगार मुलक कार्यक्रम सञ्चालन भए पनि अनुगमन गरी रोजगारीको विवरण खोजी हुन नसकेको ।
- विपद व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य, न्युनिकरणका ठोस योजना समावेस हुन नसकेको ।
- ढल निकास, सडक र पालिका बिचमा आवस्यक समन्वयबाट निर्माण सम्पन्न भएका ढल व्यवस्थापनको दिर्घकालिन सोच अनुसार आवस्यक समन्वयमा कमि रहेको ।
- खानेपानी, ढल, सडकबिचको आवस्यक एकिकृत योजना निर्माण हुन नसक्दा बन्ने र भत्कने जस्ता कार्यले निरन्तरता पाइरहेको ।

## अनुसूची-१८ को १० संग सम्बन्धित

## सामाजिक जिम्मेवारी पूरा गर्न गौरादह नगरपालिकाले चाल्नुपर्ने कदम तथा सुझावहरू :

- पूर्वकै उज्यालो कृषि, बीउ उत्पादन केन्दको रुपमा अघि बढिरहेको यस पालिकाले आफ्ना कार्यक्रमहरुलाई कृषि र बालिका बीउहरुमा थप सशक्त बन्दै बीउहरु परीक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- बीउ उत्पादन गरिरहेका किसानहरुलाई माटो, मौसम र किसानको प्राविधिक कमजोरीका कारण जर्मिनेसन समस्या हुँदा बीउ उत्पादक किसानहरु वैकल्पिक खेती प्रणालीको खोजी गरिरहेको देखिएकाले त्यसलाई समयमै व्यवस्थापन गर्न किसानहरुलाई आवश्यक सहजीकरणको आवश्यकता महसुस गरिएको छ ।
- बाल मृत्युदर, मातृ मृत्युदर र खोपको अवस्था सन्तोषजनक रहेकाले यसको नतिजालाई टिकाइराख्न आवश्यक थप कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । घुम्ती भिडियो एक्सरे सेवालाई थप प्रभावकारी ढंगले परिचालन गर्नुपर्ने देखिन्छ ।
- स्वास्थ्य, शिक्षाका राष्ट्रिय लक्ष्य र हालको उपलब्धिलाई हेर्दा लक्ष्य र उपलब्धिको तालमेल तथ्यांकमा फरक देखिन्छ । आफ्ना लक्ष्यलाई स्थानीयकरण गरी कार्यक्रम र योजनाहरु समावेश गर्न आवश्यक देखिन्छ ।
- नगर अस्पतालको सेवा प्रभावकारी रहेकोले आन्तरिक व्यवस्थापनमा थप व्यवस्थित हुन आवश्यक देखिन्छ ।
- नगरपालिकाभित्रका सामुदायिक विद्यालयका साना मर्मतसम्भार, कक्षा कोठा व्यवस्थापनमा आवश्यक प्रशासनिक बजेट व्यवस्थापन गर्न कमजोर विद्यालयलाई प्रशासनिक खर्च र आर्थिक रुपमा सम्पन्न विद्यालयलाई थप भौतिक लगानीमा आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ ।
- आधारभूत तहका सामुदायिक विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक सुधारसँगै शैक्षिक गुणस्तर र कक्षा छोड्ने दर देखिएको हुँदा कक्षा छोड्ने दरमा कमि ल्याउन आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- राजस्व सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन आवस्यक देखिन्छ ।

- माटो ल्याव र माटो परीक्षणलाई वडास्तरबाट नै अभियानको रुपमा माटो सुधार कार्यक्रम ल्याउन आवस्यक देखिन्छ ।
- संविधानको अनुसूची ८ को २२ वटा अधिकार र अनुसूची ९ का साझा अधिकार कार्यान्वयनमा ल्याउन ऐन, कानुन, कार्यविधि निर्माण गरि दिर्घकालिन तथा आवधिक योजना निर्माण गरि ३ वर्षमा पुग्ने ५ वर्षमा पुग्ने गन्तव्य र योजना प्रक्षेपण गरि कहाँबाट हिड्ने र कहाँ पुग्ने लक्ष्य निर्धारण गर्न आवस्यक देखिन्छ ।
- ३ बर्षमा हुने खर्चको प्रक्षेपण मध्यकालिन खर्च संरचना MTEF तयार गरि साधारण खर्चको दायित्व, प्रतिवद्धता सिमा भन्दा माथि भई वित्तिय अनुसाशन बिग्रन सक्ने अवस्था सुधार गर्न आवस्यक देखिन्छ
- खाद्य गुणस्तर परीक्षण तथा नियन्त्रण हुन नसकेको कारण खाद्य पर्दाथमा विषादी, अखाद्यवस्तु र मिसावटयूक्त पर्दाथको प्रयोग भईरहेको छ । माथि उल्लेखित कामहरूको कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ ।
- यस नगरपालिकामा सुदृढ औद्योगिक र व्यापारी आधारशिला नभएका कारण बेरोजगारी समस्या बढ्दै गईरहेको छ ।
- दिगो विकासका पाँच स्तम्भहरू अनुसार बिभिन्न बिषयगत समिती जनतासँग साझेदारी प्रकृति श्रोत साधन उपभोग र संरक्षण मानव विकास शान्ती र समृद्धि सहितको दिगो विकास र योजनाबद्ध विकासमा स्थानीयकरण गर्न आवस्यक देखिन्छ ।
- जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । बजेट खर्च र आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ । वार्षिक खर्चको लेखा परीक्षण महालेखा परीक्षकले औंल्याएका व्यहोराको फरफारक गर्ने काम नगरपालिकामा नै निहित रहेको हुँदा नियन्त्रण र सन्तुलन एवं वित्तिय जवाफदेहिताको मान्य सिद्धान्त उपेक्षित देखिन्छ । कार्यक्रम योजना तर्जुमा र कार्यपालिकाले छलफल गरी प्रस्तुत गर्ने सभाले पारित गरेपनि कार्यपालिकाका प्रमुख र सभाका प्रमुख एकै हुने भएकाले लेखा परीक्षकले औंल्याएका विवरण पनि कार्यपालिकाले नै छलफल गरि छुट्याउने हुँदा नियन्त्रण, सन्तुलन र जवाफदेहिता कसरी बनाउने चुनौती प्रष्ट देखिन्छ । साथै फछ्यौंट गर्नुपर्ने बेरुजु पनि फछ्यौंट नभएको देखिन्छ त्यसतर्फ सक्रिय हुन आवश्यक देखिन्छ ।
- सशर्त तर्फका शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, ज्येष्ठ नागरिकलगायतका कार्यक्रमको बजेट समयमै खर्च हुन नसकी केही प्रतिशत फ्रिज भई गएको देखिन्छ । ती कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- बजार अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाई खाद्य गुणस्तरको अवस्था सुधार गर्न आवस्यक देखिन्छ ।
- विभिन्न सिपमूलक व्यावसायिक तालिमबाट स्वरोजगार भए नभएको अनुगमन गर्नुपर्ने देखिन्छ ।
- नेतृत्व तथा व्यक्तित्व विकासका लागि सञ्चालन गरिएका तालिम गोष्ठीहरू भन्दा रोजगारमूलक तह १, तह २ सिप परीक्षणयुक्त तालिमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ । उस्तै प्रकृतिका सिप परीक्षण नहुने लेवलका एकै व्यक्ति बारम्बार दोहोरिने र रोजगार पनि बन्न नसक्ने तालिमहरू कम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

# सन्दर्भ सामग्री

- नेपालको संविधान २०७२
- नेपालको संविधान २०७२ को अनूसूची- ८ र ९
- गौरादह नगरपालिकाको आ.व. २०७९/०८० र २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम
- गौरादह नगरपालिकाको संकलित राजश्व
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- राष्ट्रिय जनगणनाको तथ्याङ्क
- गौरादह नगरपालिकाको वेबसाइट
- गौरादह नगरपालिकाको ऐन, कानुन तथा निर्देशिका
- गौरादह नगरपालिकाको बजेट तथा कार्यक्रम
- स्थानीय निकाय आर्थिक प्रशासन नियामवली २०६४

सामाजिक परीक्षकको नाम :...............................................
दस्तखत :................................
संस्थाको नाम...................................................................
मिति ..........................

# अनुसूचि १८ को ११

## निष्कर्ष (Conclusion)

गौरादह नगरपालिकाको सामाजिक परीक्षण कार्य गर्न कोशी प्रदेश सरकारको कार्यविधि २०७९ अनुसार अघिल्लो आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमबाट कति उपलब्धी भयो भनी गरिने एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति हो । यसको लागि गौरादह नगरपालिकाभित्र रहेका विषयगत शाखाहरू, वडा कार्यालयका विभिन्न योजना स्थलहरू छनौट गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट समग्र पालिकाको सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाइयो । केही आश लाग्दा उपलब्धिहरू हासिल भएको पाईयो भने केही कमीकमजोरीहरू पनि यस सामाजिक परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरूलाई आम नागरिकहरूको प्रत्यक्ष संलग्नतामा अघि वढाउन सफल भएको पाईन्छ ।

स्थानीय सरकार संचालन ऐन र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा गौरादह नगरपालिका झापाले उल्लेखनीय कार्यहरूको सुरुवात गर्दै आएको छ । सामान्यतः कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस नगरपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगरसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाईएको छ । त्यस्ता कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएका देखिन्छन् । गौरादह नगरपालिकाको नेतृत्वमा नगर बिकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरू, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरूले गर्ने कामहरूलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने तहहरूको विचमा समन्वय भई दोहोरोपनलाई न्यूनिकरण गर्न सहयोग पुगेको देखिन्छ ।

यस अध्ययनबाट नगरपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । यस नगरपालिकाका विभिन्न कार्यक्रमका लागि समयमा उपभोक्ता समिति निर्माण हुन नसक्नु साथै झन्झटीलो कानुनी प्रकृयाका कारणले परियोजनाहरू ढिलो सम्पन्न गरेको देखियो । त्यस्तै गौरादह नगरपालिकाको विषयगत कार्यालयहरूले तथ्यांङक र सूचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सूचकहरूलाई बढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय तह लगायत सबै विषयगत कार्यालयहरू तथा गैससहरूले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफारिस गरिन्छ । साथै गौरादह नगरपालिकाले आन्तरिक आयमा अभिबृद्धि गर्न राजश्वको दायरालाई फराकिलो बनाउनुपर्ने, वर्तमान आवश्यकताका आधारमा लगानीको सुनिश्चितताका लागि सम्भाब्य सबै साझेदारहरूलाई आकर्षण गर्ने तथा अन्तर सरकारी अनुदानको क्षेत्र फराकिलो बनाउन विषेश पहल गर्ने, अनुत्पादक खर्चमा कटौती गर्ने साथै दिगो विकासमा आधारित विकास निर्माण र सेवा प्रवाहका पूर्वाधारहरूको निर्माण र विकासलाई प्रथम प्राथमिकतामा राखेर आवधिक नगरपालिका विकास योजना कार्यान्वयन गर्न सके गौरादह नगरपालिकालाई एक समृद्ध नगरपालिकाको रुपमा विकास गर्न सम्भव देखिएको छ ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरूलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमीकमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपाङ्गता भएका, जेष्ठ नागरिकको उत्थानमा गम्भीर प्रयास गर्नु आवश्यक रहेको छ ।

गौरादह नगरपालिकाले स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, कृषि क्षेत्रको जमिन, उत्पादनको विस्तृत तथ्याङ्कमा आधारित रही विकास निर्माणलाई प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ ।